
# न्याय र जवाफदेहिता विनाको शान्ति ?



## द्वन्द्वोत्तर नेपालमा दण्डहीनता विरुद्धको खबरदारी

नेपालको लागि अन्तर्राष्ट्रिय कानून व्यवसायीहरूको एक स्वतन्त्र प्रतिनिधिमण्डलबाट तयार पारिएको प्रतिवेदन

अक्टुबर २०२४

# विषय-सूची


क. **कार्यकारी सारांश** ४

ख. **परिचय** ७

ग. **पृष्ठभूमि** ९

१. नेपालको सशस्त्र द्वन्द्व ९
२. संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना ९
३. संक्रमणकालीन न्याय १०
४. बृहत् शान्ति सम्झौताका प्रतिबद्धताहरू १२
५. अन्तरिम राहतका कार्यक्रमहरू १२
६. संक्रमणकालीन न्याय सम्बन्धी प्रारम्भिक प्रयासहरू १३
७. बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन १४
८. सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग १५
९. सामान्य फौजदारी अदालतहरू १६
१०. राष्ट्रिय मानव अधिकार आयोग १७
११. राज्यबाट हाल भइरहेका ज्यादतीहरू १८
१२. बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन संशोधन १९
१३. अन्तर्राष्ट्रिय समुदायको दृष्टिकोण २०
१४. संक्रमणकालीन न्याय सम्बन्धी विधेयक २१

घ. **संक्रमणकालीन न्याय सम्बन्धी विधेयकका कानूनी पाटाहरू** २३

१. विधेयकका परिभाषागत विषयहरू २३
२. नेपालले अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी गरेका प्रतिबद्धताहरू २४
३. अन्तर्राष्ट्रिय अपराध र मानवीय कानून अन्तर्गत नेपालका दायित्वहरू २७

ङ. **संक्रमणकालीन न्याय सम्बन्धी विधेयकका बारेमा उठेका चासोहरू** २८

१. मानव अधिकारको उल्लंघनहरू र अन्तर्राष्ट्रिय अपराधहरूको संगम २८
२. मानव अधिकार उल्लंघनहरूको अपुरो सूची २९
३. पीडितहरूको सीमा ३१
४. दुई प्रकृतिका मानवअधिकार उल्लंघनको वर्गीकरणबाट उत्पन्न क्षमादान ३२
५. लागु हुने सजायहरूबारे अस्पष्टता ३३
६. द्वन्द्वसँग-सम्बन्धित यौनहिंसा पीडित र जोखिममा रहेका अन्य पीडितहरू ३४
७. विशेष अदालत र आयोगहरूमा नियुक्ति ३७
८. अभियोजनको लागि सिफारिसहरू ३९
९. व्यापक चासो र चिन्ताका विषयहरू ३९
   क. आयोगहरू र अदालतहरूको अव्यावहारिक बोझ ३९
   ख. द्वन्द्वकालीन प्रमाण र तथ्यांकको संरक्षण ४०
   ग. लगानी र कार्यान्वयनको व्यापक विषयहरू ४१
   घ. नागरिक सक्रियताको सुरक्षा र पीडितकेन्द्रित प्रक्रियाको सुनिश्चितता ४२

च. **प्रतिनिधिमण्डलका अन्तिम निश्कर्षहरू** ४५

छ. **प्रतिनिधिमण्डलको अन्तिम सुझावहरू** ५०

क.

# कार्यकारी सारांश

१. यो प्रतिवेदन नेपाली नागरिक समाज संस्थाहरूको अनुरोधमा अन्तर्राष्ट्रिय कानून व्यवसायीहरूको एक स्वतन्त्र प्रतिनिधिमण्डलबाट तयार पारिएको हो । उक्त प्रतिनिधिमण्डललाई २०६३ सालमा नेपालमा २०५२ देखि २०६३ को सशस्त्र द्वन्द्व सम्बन्धी संक्रमणकालीन न्याय प्रक्रियाको प्रारम्भ र कार्यान्वयनको सन्दर्भमा विधिको शासन र न्यायमा पहुँचबारे सत्यतथ्य छानबिन र कानूनी विश्लेषण गर्न आमन्त्रण गरिएको थियो ।

२. प्रतिनिधिमण्डल नेपाल आएको समयमा संक्रमणकालीन न्याय सम्बन्धी प्रचलित कानूनको संशोधन सम्बन्धी विधेयक नेपालको संघीय व्यवस्थापिका संसदमा विचाराधीन थियो र संक्रमणकालीन न्याय प्रक्रिया लगभग ठप्प थियो । यस सन्दर्भमा उक्त प्रतिनिधिमण्डलले काठमाडौं, नेपालगञ्ज, बर्दिया र जनकपुर लगायतका स्थानहरूमा विभिन्न सरोकारवालाहरूसँग छलफल गरी संक्रमणकालीन न्यायबारे उनीहरूको रायविचार र दृष्टिकोण बुझ्‍ने । भेटघाटहरू द्वन्द्व पीडितहरू, नागरिक समाज संस्थाहरू, निर्वाचित राष्ट्रिय तथा स्थानीय जनप्रतिनिधिहरू, राज्यका निकायहरू, न्यायपालिकाका पदाधिकारीहरू, मानव अधिकार रक्षक र कानून व्यवसायीहरू, पत्रकारहरू, कूटनीतिक समुदाय र संयुक्त राष्ट्रसंघीय प्रतिनिधिहरूसँग गरियो । यसका साथै प्रतिनिधिमण्डलले विभिन्न प्रतिवेदन र दस्तावेजहरूको अध्ययन गर्दै अन्य देश (जस्तै, कोलम्बिया) का संक्रमणकालीन न्याय प्रक्रिया सम्बन्धी मुख्य सिकाइहरू पनि साभार गरेका थिए । प्रतिनिधिमण्डल सबै सरोकारवालाहरू आफ्ना रायविचार र जानकारी उपलब्ध गराउनुभएकोमा, विशेषगरी साहसका साथ आफूले भोगेका क्षति, पीडाका अनुभवहरू लगायत संक्रमणकालीन न्याय प्रक्रियाका बारेमा चासो व्यक्त गर्ने पीडितहरूप्रति कृतज्ञ छ ।

३. प्रतिनिधिमण्डलले विधेयकका प्रावधानहरू सम्बन्धी उठेका आम चासोका विषयहरूलाई दस्तावेजीकरण गर्‍यो । सो विधेयक केही सकारात्मक संसोधन पश्चात सदनबाट वेपत्ता व्यक्तिको छानबिन तथा सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन २०७१ को रुपमा पारित भएको छ तर केही कमिहरु यथावत छन् । नेपाल सरकारले संक्रमणकालीन न्याय प्रक्रिया सम्बन्धी हालसम्म लिएका पहल कदमहरूलाई प्रतिनिधिमण्डलले सकारात्मक रूरूपमा लिएको छ, यद्यपि विद्यमान प्रक्रियाहरूमा देखापरेका बाधा र ढिलासुस्तीको यथार्थलाई पनि प्रतिनिधिमण्डलले उठान गरेको छ किनकि पारित विधेयकले प्रस्ताव गरेको प्रक्रियाले अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप न्यायमा प्रभावकारी र अर्थपूर्ण पहुँच हुने कुरामा गम्भीर शंका उब्जिएको छ । यस प्रतिवेदनको अधिकांश भाग विधेयक ऐनका रुपमा पारित हुनुपूर्व तयार गरिएकोले प्रतिवेदनमा 'विधेयक' शव्द प्रयोग गरिएको छ । यहाँ प्रस्तुत विश्लेषण विधेयक पारित भइसकेको अवस्थामा पनि सान्दर्भिक भएकोले यसले नेपाली राज्यलाई ऐनको उचित कार्यान्वयन गर्ने बारे केही मार्गनिर्देश गर्ने हामीले आशा लिएका छौं ।

४. संक्रमणकालीन न्याय प्रक्रियामा पीडितहरूको विश्वास गुम्न नदिन र चुनौतीहरूको सम्बोधनमा सरकारले गरेका प्रतिबद्धताप्रति पुनः विश्वास जगाउनका लागि शीघ्र र ठोस कदम चालिनु आवश्यक छ । तसर्थ यस प्रतिवेदनले पारित विधेयकको बारेमा रचनात्मक टिप्पणी गरेको छ । सबै सरोकारवालाहरूबाट प्राप्त जानकारीहरूका आधारमा आएका निश्कर्ष र सुझावहरू, र नेपाल सरकारलाई दण्डहीनताको अन्त्य, विधिको शासनको सबलीकरण र समावेशी न्यायको सुनिश्चितताका लागि संक्रमणकालीन न्याय प्रक्रियाको कार्यान्वयनमा प्रोत्साहन गर्ने प्रयास गरिएको छ ।

५. प्रतिनिधिमण्डलले प्राप्त गरेका मुख्य निश्कर्षहरू देहायबमोजिम छन् :

**क)** अन्तर्राष्ट्रिय कानून, संवैधानिक कानून र सर्वोच्च अदालतका फैसलाहरू, जसले द्वन्द्वकालमा भएका कसूर र मानवअधिकार उल्लंघनका घटनाहरू विरुद्ध प्रभावकारी र अर्थपूर्ण न्यायमा पहुँच दिलाउँछ त्यसअनुरूप संक्रमणकालीन न्यायको कानूनी संरचनाको कार्यान्वयनमा विफलता देखिएको छ । द्वन्द्वकालका मानव अधिकार उल्लंघनहरू र अपराधहरू विरुद्ध न्यायमा पीडितहरूको प्रभावकारी र अर्थपूर्ण पहुँच हुनुपर्छ । निरन्तरको ढिलासुस्तीले दण्डहीनताको संस्कृतिलाई प्रोत्साहन दिनुका साथै पीडितहरूलाई सत्य जान्नबाट, न्यायिक उपचार र यस्ता घटना नदोहोरिने सुनिश्चितताबाट वञ्चित गर्दछ । सङ्क्रमणकालीन न्याय प्रक्रियाको व्यावहारिक कार्यान्वयन र मूल्याङ्कन सम्बन्धी योजना लगायत बजेट, प्रविधि, विज्ञता र मानव संसाधन र रणनीतिको पनि कमी छ ।

**ख)** प्रतिनिधिमण्डलको विचारमा संक्रमणकालीन न्याय प्रक्रियाको अपरिहार्यतालाई शीघ्र मनन गर्दै सबै पीडितहरूको पारदर्शी, अनुमानयोग्य र समावेशी न्यायमा पहुँच हुने गरी प्रक्रियाको थालनी हुनुपर्दछ । सङ्क्रमणकालीन न्याय प्रक्रियाले पीडितकेन्द्रित विधिलाई अपनाउँदै- विशेषगरी जोखिममा रहेका र ऐतिहासिक रूपमा सीमान्तीकृत समूहका पीडितहरूलाई - समावेश गर्न आवश्यक छ । प्रभावकारी र अर्थपूर्ण कार्यान्वयनका लागि सरकारले न्यायमा पहुँच रोक्ने बाधाहरू पहिचान गरी तिनीहरूको उच्च प्राथमिकता साथ शीघ्र सम्बोधन गर्नुपर्छ ।सरकारले सङ्क्रमणकालीन न्यायको कार्यान्वयनमा ठोस कदम चाल्दै गर्दा नियमित फौजदारी न्याय प्रणालीले पनि द्वन्द्वकालका घटनाको अनुसन्धान र अभियोजनलाई निरन्तरता दिनुपर्दछ ।



प्रतिनिधिमण्डलमा ब्रुनो मेन्जान (Côte d’Ivoire), क्यामिला जपाटा बेसो (संयुक्त राज्य र कोलम्बिया), अश्विनी वीरेरत्ने (संयुक्त राज्य), हाइडी जिक्साल (संयुक्त राज्य अमेरिका र नेदरल्यान्ड्स), किसाली पिन्टो जयवर्धना (श्रीलंका) र मारिया देल रोजारियो आरङ्गो जामरानो (कोलम्बिया) समावेश थिए । यो तस्विरमा समकक्षि नेपाली कानून व्यवसायी मित्रहरु पनि सामेल छन् ।

**ग)** विद्यमान सङ्क्रमणकालीन न्याय सम्बन्धी आयोगहरूमा आवश्यक विज्ञ, अनुसन्धान क्षमता र अनुसन्धानका निम्ति आवश्यक स्रोतहरूको कमी छ र राष्ट्रिय मानव अधिकार आयोगले दिएका सुझावहरू पनि कार्यान्वयन भएका छैनन् । यसका साथै संक्रमणकालीन न्यायसम्बन्धी आयोगहरूका कार्यसम्पादन अनुचित प्रभाव र राजनीतीकरणको जोखिममा रहेको छ । आयोगहरूको स्वतन्त्रता र निष्पक्षता द्वन्द्वपीडित लगायतका सरोकारवालाहरूमाझ विश्वसनीयता पुनः जगाउन अत्यावश्यक छ । सङ्क्रमणकालीन न्याय संयन्त्रमार्फत दस्तावेजीकरण गरिएका सम्पूर्ण घटनाहरूलाई विस्तृत रूरूपमा सम्बोधन गर्न द्वन्द्वकालका अभिलेखहरू, प्रमाण र तथ्याङ्क स्वतन्त्र रूपमा संरक्षण गर्न र सूचनामा पहुँच सुनिश्चित गर्न सुझाइएका सबै कदमहरू चाल्नु आवश्यक छ ।

**घ)** बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन २०७१ ले कानूनको रूप लिइसक्यो तर यसको कानूनी संरचनामाथि उठेका विषयहरूलाई सम्बोधन हुन बाँकी छ । पीडितहरुको न्याय सुनिश्चित गर्न उक्त विषयहरूप्रति यथाशक्य ध्यानाकर्षण र स्पष्टीकरण आवश्यक छ । ती महत्वपूर्ण प्रश्नहरू यसप्रकार छन् : १) अन्तर्राष्ट्रिय कानूनले निषेध गरेका कार्यहरूलाई परिभाषित गर्ने कानूनी आधार र स्रोतहरू नहुनु; २) विधेयकमा अन्तर्राष्ट्रिय कानूनका निश्चित क्षेत्रहरू समेट्ने परिभाषा नहुनु; ३) विधेयकमा समावेश मानवअधिकार उल्लंघनका प्रकृतिहरू सम्बन्धी सूचीबाहेक उल्लंघनका अन्य घटनाहरूलाई नसमेटिइनु; ४) विधेयकमा कतिपय मानवअधिकार उल्लंघनका पीडित र/वा अन्तर्राष्ट्रिय अपराध अपराधहरूका प्रकारहरु विधेयकमा समावेश नहुनु; ५) गम्भीर प्रकृतिका मानवअधिकार उल्लंघन र वा नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धता विपरीत भएका मानवअधिकारको गम्भीर उल्लंघन र/वा अन्तर्राष्ट्रिय अपराध सम्बन्धी घटनाहरूमा कानूनी वा वस्तुगत रूपमा अभियोजनबाटउन्मुक्ति दिने किसिमको भाषा विधेयकमा उपयोग गरिनु; ६) सजाय सम्बन्धी मापदण्ड र सजायछुटका विषयमा अस्पष्ट भाषा उपयोग हुनु ।

**ङ)** संक्रमणकालीन न्याय प्रक्रियामा नागरिक समाज, अन्तर्राष्ट्रिय समुदाय, र सञ्चारजगत् महत्वपूर्ण सरोकारवालाहरू हुन् । सङ्क्रमणकालीन न्याय प्रक्रियाको समग्र प्रभावकारिता र पीडितको अर्थपूर्ण सहभागिता र न्यायमा पहुँच सुनिश्चित गर्न नेपालमा सबल र विविधतायुक्त नागरिक समाजको सहयोग र सुझाव अपरिहार्य छ । नेपालको निष्पक्ष र स्वतन्त्र सञ्चारजगत्ले जनचेतना जगाउन मुख्य भूमिका खेल्दछ । अन्तर्राष्ट्रिय समुदायले नेपाल सरकारलाई अन्तर्राष्ट्रिय कानूनी मापदण्ड अनुरूप संक्रमणकालीन न्याय प्रक्रियाको यथाशीघ्र कार्यान्वयन गर्न ठोस कदमहरू चाल्न आवश्यक साथ र प्रोत्साहन दिने भूमिका खेल्दछ ।

६. प्रतिनिधिमण्डलले स्पष्ट, समावेशी र अन्तर्राष्ट्रिय कानून अनुकूल संक्रमणकालीन न्याय प्रक्रियाको पूर्ण र छिटोछरितो कार्यान्वयनका लागि आवश्यक कदम चाल्न प्रोत्साहन हुने आशाका साथ उपरोक्त निश्कर्षहरूका आधारमा केही सुझावहरू दिएको छ । नेपाल सरकारका लागि सुझावहरू निम्नानुसार छन् :

७. **नेपाल सरकारका लागिः**

**क)** सङ्क्रमणकालीन न्याय सम्पादनमा भइरहेको ढिलासुस्तीको यथाशीघ्र सम्बोधन गर्दै नेपालका राष्ट्रिय कानून तथा अन्तर्राष्ट्रिय कानूनी प्रावधानअनुकूल संक्रमणकालीन न्याय प्रक्रिया कार्यान्वयन गर्ने, दण्डहीनताको अन्त्य र विधिको शासनलाई सबलीकरणको प्रतिबद्धता गर्ने ।

**ख)** द्वन्द्वपीडितहरूको न्यायमा छिटोछरितो पहुँचका निम्ति सत्यको खोजी, जवाफदेहिता र परिपूरणका संयन्त्रहरूमार्फत विगतका प्रतिबद्धतालाई मूर्त रूप दिने र त्यतिन्जेलसम्म द्वन्द्वकालका घटनाहरूलाई नियमित फौजदारी न्याय प्रणालीमार्फत टुङ्गो लगाउनका लागि मार्गप्रशस्त गर्ने ।

**ग)** अन्तर्राष्ट्रिय कानून र समावेशी सिद्धान्तहरूका आधारभूत पक्षहरू झल्कने गरी विधेयकको ढाँचा र परिभाषाहरू स्पष्ट गर्ने ।

**घ)** अन्तर्राष्ट्रिय कानूनी मापदण्ड अनुरूप विधेयकमा सुरक्षा र दायित्वहरू सम्बन्धी प्रावधानहरू विस्तृत रूपमा समेट्ने र विशेष अदालतको क्षेत्राधिकार अन्तर्गतका मुख्य मुद्दाहरूलाई कसूरयोग्य मानी तिनका लागि निश्चित सजाय तोक्ने ।

**ङ)** विना कुनै राजनीतिक हस्तक्षेप गम्भीर प्रकृतिका मानवअधिकार उल्लंघनका घटनाहरूमा क्षमादान नहुने प्रावधान सुनिश्चित गर्ने, कसूरको गम्भीरता अनुरूरूप सजाय तोक्ने, र प्रमाणले निर्देशित गरेअनुसार अभियोजन प्रक्रिया अगाडि बढाउने ।

**च)** महिला, दलित, जनजाति, लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति र द्वन्द्वकालमा भएका यौनजन्य हिंसाका पीडितहरू लगायत ऐतिहासिक रूपमा सीमान्तीकृत समूहहरूको न्यायमा पहुँच सुनिश्चित गर्न आवश्यक कदमहरू चाल्ने । उनीहरूको अधिकार संरक्षण र मनोसामाजिक सहायता प्राप्त गर्न सहजीकरण गर्ने ।

**छ)** न्यायाधीशहरू, आयोगहरू तथा अदालतहरू सहित संक्रमणकालीन न्याय प्रक्रियाको स्वतन्त्रता र निष्पक्षताको रक्षा गर्ने र विविधता तथा सान्दर्भिक विज्ञतामा केन्द्रित पारदर्शी एवं प्रतिनिधिमूलक नियुक्ति प्रक्रिया अपनाउने ।

**ज)** सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगलाई सबै प्रकारका कसूरहरूको विस्तृत अनुसन्धान गर्न वित्तीय सहयोग, अनुसन्धानात्मक क्षमता, संरचना, प्राविधिक ज्ञान, विज्ञता र रणनीति सरकारले प्रदान गर्ने ।

**झ)** द्वन्द्वकालका अभिलेख र तथ्याङ्कहरूको सुरक्षा एवम् उपयोगका निम्ति एक स्वतन्त्र संयन्त्रको निर्माण गरी सरकार र सुरक्षा निकायका मातहतमा रहेका सम्पूर्ण प्रमाणहरू स्थानान्तरण र संरक्षण गर्ने ।

**ञ)** सङ्क्रमणकालीन न्याय सम्पादन गर्न समयसीमा र व्यावहारिकताहरूबारे स्पष्ट मार्गचित्रमा सहमति गरी त्यसको सञ्चार गर्ने ।

**ट)** राज्यद्वारा हाल भइरहेका ज्यादतीहरू सम्बोधन गर्न आवश्यक कदम चाल्ने र राज्यद्वारा भएका यातना, गैरन्यायिक हत्या लगायत सुरक्षा निकायबाट भएका अन्य प्रकारका मानवअधिकार उल्लंघनका घटना सम्बन्धी मुद्दाहरूको सुनुवाइमा उपस्थित भई त्यस्ता घटनाहरू नदोहोरिऊन् भनी सुनिश्चित गर्ने, प्रहरी प्रशासन सुधारका लागि तालिम प्रदान गर्ने, त्यस्ता किसिमका यातनाहरूबारे अनुसन्धान गर्न स्वतन्त्र विज्ञ संयन्त्र स्थापना गर्ने र राष्ट्रिय मानव अधिकार आयोगले हिंसाका घटना अनुसन्धान र अभियोजनका बारेमा दिएका सिफारिसहरू कार्यान्वयन गर्ने ।

**ठ)** नागरिक समाजको खुम्चिँदो उपस्थिति र मानवअधिकार रक्षकहरुका अभियानहरूलाई अंकुश लगाउने कानून, नीति र अभ्यासहरूहरूको पुनरवलोकन र संशोधनद्वारा नेपालका स्वतन्त्र नागरिक समाजको संरक्षण गर्ने । नागरिक समाज एंव मानवअधिकार रक्षकहरुले सदाझैं सङ्क्रमणकालीन न्याय प्रक्रिया र जोखिममा रहेका पीडितहरुको अधिकारको वकालत गर्ने कार्यमा विशेष सहयोग गरिरहनेछन् ।

८. अन्त्यमा, यस प्रतिवेदनमार्फत अन्तर्राष्ट्रिय समुदायले अन्तर्राष्ट्रिय कानूनअनुरूप नेपाल सरकारलाई संक्रमणकालीन न्याय प्रक्रियाको विकासमा प्रोत्साहन गर्नुपर्ने सुझाव दिएको छ । प्रतिनिधिमण्डल सबै सरोकारवालाहरूलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुकूलको संक्रमणकालीन न्याय प्रक्रियामा साथ दिन र अन्तर्राष्ट्रिय मानवअधिकारका सिद्धान्त र मूल्यमान्यता अनुरुप पीडितको मर्यादाको संरक्षण गर्ने प्रक्रियामा टेवा पुऱ्याउन आह्वान गर्दछ ।

ख.

# परिचय

९. २०८० फागुन २९ देखि चैत ५ सम्म अन्तर्राष्ट्रिय मानवअधिकारवादी अधिवक्ताहरूको एक स्वतन्त्र प्रतिनिधिमण्डलले नेपाल भ्रमण गरेको थियो । नेपालमा २०६३ साल मंसिर ५ अघि सशस्त्र द्वन्द्वको दौरान भएका मानवअधिकार उल्लंघनका घटनाहरू सम्बोधन गर्न गठन गरिएका संक्रमणकालीन न्याय प्रक्रियामा भइरहेको ढिलासुस्तीका विषयमा उब्जिएका चासोहरूलाई सम्बोधन गर्न नेपालमा कार्यरत नागरिक समाज संस्थाहरूको अनुरोधमा उक्त प्रतिनिधिमण्डलको गठन भएको थियो । संयोगवश उक्त भ्रमणकै बेला संघीय संसद्मा संक्रमणकालीन न्यायसम्बन्धी ऐनको संशोधन विधेयक पेश भएको थियो । यस सन्दर्भमा प्रतिनिधिमण्डलले तथ्य अन्वेषण र विधिको शासन र न्यायमा पहुँचका बारेमा कानूनी विश्लेषण गरेको थियो । प्रतिनिधिमण्डलको तथ्य अन्वेषणपश्चात् र हाल अध्ययन प्रतिवेदन तयार भइरहेको परिप्रेक्ष्यमा सो विधेयक सदनबाट २०८१ भाद्र १३ (सन् २०२४ अगस्ट २९) मा ऐनको रूपमा पारित भयो ।

१०. प्रतिनिधिमण्डलमा अवैतनिक रूपमा विभिन्न राष्ट्रका ६ जना मानवअधिकार विज्ञहरू सम्मिलित थिए :

किसाली पिन्टो जयवर्धना, न्यायविद्, संवैधानिक अधिवक्ता, र श्रीलंका स्थित सूचनाको हक सम्बन्धी आयोगका सदस्य;

अश्विनी वीररत्ने, शाही सल्लाहकार, Doughty Street Chambers का वकिल, बेलायतस्थित मानव अधिकार बार समिति BHRC का पूर्वाध्यक्ष र बेलायतस्थित मानव अधिकार कानूनविद् संघ (HRLA) का पूर्वाध्यक्ष;

मारिया देल रोजारियो आरङ्गो जामरानो, कोलम्बिया स्थित वनवासीहरूका लागि कार्यक्रमकी कानूनव्यवसायी, कोलम्बियामा शान्ति प्रक्रियाको सहयोगार्थ रहेको ओएस मिसनकी पूर्व राष्ट्रिय अधिकृत, र कोलम्बियामा संक्रमणकालीन न्याय सम्बन्धी अदालतहरू बन्नुपूर्व द्वन्द्वपीडितहरूकी प्रतिनिधि;

हाइडी जिक्साल, 33 Bedford Row Chambers स्थित कानून व्यवसायी र संयुक्त राज्य अमेरिका र नेदरल्यान्ड्सस्थित मानवअधिकार बार समिति BHRC की कार्यकारी समिति सदस्य ;

ब्रुनो मेन्जान, अफ्रिकी मानव तथा वैयक्तिक अधिकार आयोग र अमेरिकी संघ आयोग (Côte d'Ivoire) का कानून अधिकृत ;

क्यामिला जपाटा बेसो, Doughty Street Chambers स्थित वकिल र संयुक्त अधिराज्य र कोलम्बियामा स्थित HRLA की कार्यकारी समिति सदस्य ।

११. प्रतिनिधिमण्डलले काठमाडौं, नेपालगञ्ज, बर्दिया र जनकपुर भ्रमण गरी त्यहाँका द्वन्द्वपीडितहरू, नागरिक समाज संस्थाहरू, निर्वाचित प्रतिनिधिहरू, स्थानीय सरकारका जनप्रतिनिधिहरू, राज्यका निकायहरू, न्यायपालिकाका पदाधिकारीहरू, मानवअधिकारवादी अधिवक्ता र मानवअधिकार रक्षकहरू, पत्रकारहरू, कूटनीतिक समुदाय र संयुक्त राष्ट्रसंघका प्रतिनिधिहरूसँग भेटी नेपालमा संक्रमणकालीन न्याय सम्पादनमा हुन बाँकी कार्यबारे अन्तरक्रिया गरे ।

१२. अध्ययन अवधिभर पिस ब्रिगेड्स इन्टरनेशनल, एड्भोकेसी फोरम नेपाल र अधिवक्ता सन्तोष सिग्देलले स्थानीय बन्दोबस्ती व्यवस्थापनमा सहयोग गर्नुका साथै प्रतिनिधिमण्डल र सरोकारवालाहरूबीच भेटघाट गराउन सम्पर्क व्यक्तिको भूमिका खेली ठूलो सहयोग गर्नुभयो । प्रतिनिधिमण्डलका सदस्यहरूसँग अन्तरक्रिया गर्ने सबै व्यक्ति र संघसंस्थाहरू प्रति हामी हार्दिक आभार व्यक्त गर्न चाहन्छौं ।

१३. प्रतिनिधिमण्डलले अवलोकन गरे अनुसार पीडितहरूले छिटोछरितो न्याय पाउने हक, राज्यका पदाधिकारीहरू र व्यापक राजनीतिक साथ सहयोग, राष्ट्रिय नागरिक समाज र अन्तर्राष्ट्रिय संस्थाहरूको प्रोत्साहन भएतापनि राज्यले हालसम्म पनि अन्तर्राष्ट्रिय मापदण्डहरू र विभिन्न निकायबाट आइरहेका प्रस्तावहरू अनुकूल संक्रमणकालीन न्याय प्रक्रियाको प्रभावकारी कार्यान्वयन गर्न सकिरहेको छैन ।

१४. भ्रमणको अन्तिम दिनमा प्रतिनिधिमण्डलले एक प्रेस विज्ञप्ति[१] जारी गर्दै नेपाली पत्रकारहरूसँग साक्षात्कार गरेको थियो । विभिन्न राष्ट्रिय सञ्चार माध्यमहरुमा[२] प्रतिनिधिमण्डलको गतिविधिहरु र यसले औंल्याएको प्रारम्भिक चासोका विषयहरू बारे समाचार प्रकाशित भएका थिए ।

१५. प्रतिनिधिमण्डलले भ्रमणका क्रममा भेटघाट भएका सबै सरोकारवालाहरूद्वारा साझा गरिएका महत्वपूर्ण जानकारीहरूको मनन गर्दै आफ्ना प्रारम्भिक चासोका विषयहरूमा यस प्रतिवेदनमा थप प्रकाश पारेको छ । नेपालको सशस्त्र द्वन्द्व र संक्रमणकालीन न्यायसम्बन्धी प्रयासहरूबारे उपलब्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लेख तथा प्रकाशनहरू समेत प्रतिनिधिमण्डलको लागि निकै सहयोगी रह्यो ।

१६. नेपाल राज्यबाट अन्तर्राष्ट्रिय मानवअधिकारका मापदण्ड अनुसार संक्रमणकालीन न्याय प्रक्रियाको कार्यान्वयन गरी नेपालमा दण्डहीनताको अन्त्य र पीडीतहरूलाई न्यायको प्रत्याभूति दिलाउनु यस प्रतिवेदनको उद्देश्य हो । प्रतिनिधिमण्डलले उठान गरेका विषय र सुझावहरूले अन्तर्राष्ट्रिय समुदायले संयुक्त राष्ट्रसंघ र नागरिक समाजस्तरमा उठान गरेका विषयहरूलाई प्रतिबिम्बित गर्दछन् । सरोकारवालाहरूले साझा गरेका र संकलित सूचनाहरूका आधारमा रचनात्मक आलोचना र सुझावहरू दिने लक्ष्य यस प्रतिवेदनले लिएतापनि प्रतिनिधिमण्डल यस विषयमा नेपालले चालिसकेको कदम र गरेका प्रयासहरूको कदर गर्न चाहन्छ ।



प्रतिनिधिमण्डलका कानून व्यवसायीहरूले जनकपुर भ्रमण गरी त्यहाँका नागरिक समाजसँग भेटघाट गरेका थिए ।

१ IDIL Nepal press release, 'International legal experts: TJ bill represents a transformational opportunity for Nepali justice - if details are strengthened and wider rule of law obstacles are overcome' (19 March 2024).

२ हेर्नुहोस् MyRepublica, 'Int'l legal experts meet govt, civil society representatives to understand challenges to rule of law, including access to TJ and judicial independence' (19 March 2024). यस प्रतिवेदनमा उल्लिखित सबै हाइपरलिंक सन्दर्भसामग्रीहरु सन् २०२४ अगस्ट ३१ सम्म उपलब्ध थियो ।

ग.

# पृष्ठभूमि

## १. नेपालको सशस्त्र द्वन्द्व

१७. २०५२ फागुन १ देखि २०६३ मंसिर ५ सम्म तत्कालीन नेपाल युनिस्ट पार्टी माओवादीले राजतन्त्र र सरकारी शक्तिहरू विरुद्ध 'जनयुद्ध' को सुरुवात गर्यो। दशक लामो द्वन्द्वका क्रममा हजारौं व्यक्तिहरू गैरन्यायिक हत्या, जबर्जस्ती बेपत्ता, यातना, बलात्कार र अन्य किसिमका यौनजन्य हिंसाहरू, बाल सैनिक भर्ती, स्वेच्छाचारी थुना र बाध्यात्मक विस्थापन लगायतका अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानून उल्लंघनका घटनाहरूको शिकार बने। सरकारी सुरक्षा निकाय र माओवादी लडाकूहरू दुवै पक्षबाट हिंसा भएका थिए। पीडितहरूमा निःशस्त्र नागरिकहरू, माओवादी लडाकूहरू र राज्य शक्तिका सदस्यहरू थिए।[३]

१८. प्रतिनिधिमण्डलले द्वन्द्वपीडित र तिनका परिवारहरूको तर्फबाट उनीहरूले भोगेका हिंसाको अनुभव सुने। प्रतिनिधिमण्डलको सिकाइअनुसार अनुपातमा हेर्दा ऐतिहासिक रूपमा सीमान्तीकृत र गरिबीको रेखामुनि रहेका समुदायहरू जस्तैः दलित र जनजातिहरू माओवादीको सम्भावित कार्यकर्ता भएको आशंकामा हिंसाको बढी मारमा परेका थिए।

१९. २०६३ मंसिर ५ गते तत्कालीन माओवादी र सरकारबीच विस्तृत शान्ति सम्झौता[४] भएसँगै आन्तरिक सशस्त्र द्वन्द्वको अन्त्य भयो। सम्झौतामा द्वन्द्वकालका हिंसा पीडितहरूका लागि संक्रमणकालीन न्याय दिलाउने प्रतिबद्धताहरू समावेश थिए। तत्कालीन माओवादी मूलधारको राजनीतिमा प्रवेश गरेसँगै र २०६४ सालमा राजतन्त्रको अन्त्य भएसँगै नेपाललाई लोकतान्त्रिक गणतन्त्रको रूपमा घोषणा गरियो। तर संक्रमणकालीन न्याय अझै कार्यान्वयन हुन बाँकी छ।

## २. संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना

२०. नेपालको संविधान २०७२ ले नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रको रूपमा स्थापित गर्नुका साथै विस्तृत रूपमा मौलिक हकको व्यवस्था गरेको छ। संविधानले मधेश आन्दोलन र अल्पसंख्यक समूहहरूको राजनीतिक प्रतिनिधित्वका लागि भएका संघर्षहरूलाई सम्बोधन गरेको छ। एकातर्फ संवैधानिक उपलब्धिहरू उल्लेखनीय छन् भने राज्यद्वारा त्यसको कार्यान्वयन र संरक्षण नगरिएको अवस्थाप्रति चौतर्फी आलोचना पनि भइरहेको छ। यीमध्ये कैयौं विषयहरू यस प्रतिवेदनको दायरा भन्दा बाहिर भएतापनि यो प्रसंग सान्दर्भिक[५] छ। सरकारले पेश गरेको संविधान संशोधनका प्रस्तावहरू विचाराधीन छन्।[६]

२१. सशस्त्र द्वन्द्वको अन्त्यसँगै नेपालले तुलनात्मक रूपमा स्थिर शान्तिको अनुभूति गरेको छ। मुलुकमा विभिन्न समयमा नेकपा माओवादी केन्द्र, नेपाली कांग्रेस, नेकपा- एकीकृत मार्क्सवादी लेनिनवादी, राष्ट्रिय स्वतन्त्र पार्टी, जनता समाजवादी पार्टी र नेकपा एकीकृत समाजवादी जस्ता मुख्य राजनीतिक दलहरू मिलेर पटकपटक बनेको गठबन्धन सरकारको शासन रहँदै आएको छ। नाममा 'नेकपा' जोडिएका दलहरूले फरक राजनीतिक परिदृश्यको प्रतिनिधित्व गर्नुका साथै माओवादी विद्रोहबारे फरकफरक धारणा राख्छन्। हाल नेपाली सेनाले संयुक्त राष्ट्रसंघको शान्ति मिशनहरूमा विश्वभर सेना पठाउने संख्या अग्रपंक्तिमा छ।[७]

२२. निरन्तरको सरकार परिवर्तनसँगै पीडकहरूको जवाफदेहिता र द्वन्द्वपीडितहरूको माग सम्बोधन नेपाली राजनीतिक र सार्वजनिक बहसको वृत्तमा छ र यसलाई राजनीतिक दलहरूबीच मोलतोल गर्ने विषयको रूपमा प्रयोग गरिँदै आएको छ। सो बहस संक्रमणकालीन न्यायमा टेवा पुऱ्याउने ठोस कदमका रूपमा परिणत हुन सकेको छैन, यद्यपि त्यससम्बन्धी कानून बनाउन केही प्रयास भएका छन्।

३ द्वन्द्वकालीन उल्लंघनका मुख्य वर्गहरु सम्बन्धि सारका लागि हेर्नुहोस् संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्चयुक्त (OHCHR), 'Nepal Conflict Report' (October 2012).
४ Comprehensive Peace Accord signed between Nepal Government And the Communist Party of Nepal (Maoist) (22 November 2006).
५ उदाहरणका हेर्नुहोस्, the International Commission of Jurists, 'Human rights and the Rule of Law in a Federal Nepal: recommendations from an ICJ High-Level Mission' (July 2020).
६ The Kathmandu Post, 'Time to amend the Constitution' (9 July 2024).
७ UN, 'Contribution of Uniformed Personnel to UN by Country and Personnel Type' (31 March 2024); The Kathmandu Post, 'Nepal becomes top troops contributor to UN peacekeeping missions' (8 February 2024).

जनकपुरस्थित जानकी मन्दिर



## ३. संक्रमणकालीन न्याय

२३. संयुक्त राष्ट्रसंघका महासचिवले २०६१ सालमा सार्वजनिक गरेको द्वन्द्वरत र द्वन्द्वोत्तर समाजमा विधिको शासन र संक्रमणकालीन न्याय विषयक प्रतिवेदनले संक्रमणकालीन न्यायको अवधारणालाई *"जवाफदेहिता, न्याय सम्पादन र मेलमिलाप सुनिश्चित गर्न विगतमा ठूला स्तरमा भएका हिंसाहरूको निराकरण गर्ने सामाजिक चेष्टासँग जोडिएका सबै प्रकारका पद्धति र संयन्त्रहरू"* का रूपमा परिभाषित गर्दछ ।[८]

२४. उक्त प्रतिवेदनले दिगो शान्तिका निम्ति पीडितकेन्द्रित न्याय प्रणाली अपरिहार्य रहेको स्पष्ट पार्दछः

*"न्याय, शान्ति र लोकतन्त्र असम्बन्धित उद्देश्यहरू होइनन्, बरू यिनीहरू अन्योन्याश्रित विषयहरू हुन् । द्वन्द्वोत्तर सामाजिक परिवेशमा यी तीनैलाई अगाडि लैजान रणनीतिक योजना, समुचित समायोजन र उचित क्रमबद्ध गतिविधिहरू आवश्यक छन् । एकमात्र संस्थामा केन्द्रित रहने वा नागरिक समाज वा पीडितहरूलाई बेवास्ता गर्ने पद्धति निष्प्रभावी हुन्छ ।"* [९]

*"द्वन्द्व समाप्ति लगत्तैको समयमा साथै दीर्घकालमा आम नागरिकले द्वन्द्वको शान्तिपूर्ण निरूपण र निष्पक्ष न्याय सम्पादनका लागि बनेका वैधानिक संरचनाहरू मार्फत गुनासाहरूको सुनुवाइ हुने विषयमा विश्वस्त नभएसम्म शान्ति कायम हुन सक्दैन । यसका साथै सबै द्वन्द्वरत र द्वन्द्वोत्तर अवस्थाहरूमा देखिएअनुसार अल्पसंख्यक, महिला, बालबालिका, कैदीबन्दी, विस्थापित व्यक्तिहरू, शरणार्थीहरू र अन्य समूहहरूको जोखिममा वृद्धि हुने भएकाले विधिको शासन महत्वपूर्ण पक्ष हो ।"* [१०]

२५. सङ्क्रमणकालीन न्याय कानूनको समान प्रयोग, जवाफदेहिता र मानवअधिकारका सिद्धान्तहरू[११] सुनिश्चित गर्दै विधिको शासनमा आधारित हुनुपर्दछ । सङ्क्रमणकालीन न्यायका विविध प्रक्रियाहरूमा न्यायिक र अर्धन्यायिक दुवै संयन्त्रहरू, व्यक्तिगत अभियोजनहरू, परिपूरण, सत्य अन्वेषण, संस्थागत सुधार, पीडक परीक्षण र बर्खास्ती, र विगत नदोहोरिने लगायतका प्रत्याभूति पर्दछन् ।[१२]

८ UN Secretary-General, 'Report on the rule of law and transitional justice in conflict and post-conflict societies' (23 August 2004) UN Doc S/2004/616, §8 .

९ ऐजन, summary §2 .

१० ऐजन, §2 .

११ ऐजन, §6 .

१२ ऐजन, §8 .

२६. मानवअधिकार र मानवीय कानूनको गम्भीर उल्लंघनका फौजदारी मुद्दाहरूमा न्याय सम्पादनले अपराध पुनरावृत्तिमा रोक, आफूलाई विगतमा यातना दिने व्यक्तिहरू दोषी ठहर हुँदा पीडितको मर्यादाको सम्मान, विगतका घटनाहरूको अभिलेख कायम, राष्ट्रिय मेलमिलापको प्रवर्धनका साथै दीर्घकालीन शान्ति[१३] स्थापनामा योगदान दिन्छ । नरसंहार, युद्धअपराध, मानवता विरुद्धका अपराध वा मानवअधिकारको गम्भीर उल्लंघनमा क्षमादान कदापि स्वीकार्य हुँदैन ।[१४]

२७. यद्यपि निम्न विषयहरूमा समग्र न्याय र मेलमिलाप सुनिश्चित गर्न फौजदारी न्याय प्रक्रियासँगै अन्य संयन्त्रहरूको पनि आवश्यकता पर्न सक्छ :

*"पीडितले आफन्तजन वा प्रियजनका बारेमा थाहा पाउन र उनीहरूको अवस्था जान्न स्वाभाविक रूपमा उठ्ने जिज्ञासा सम्बोधन गर्न, पीडितका आफन्तजनले भोगेका क्षतिहरूको सुनुवाइको सुनिश्चितता गर्न, द्वन्द्वकालमा के र किन भयो भन्नेबारे पूर्ण र विस्तृत ऐतिहासिक अभिलेख राख्नुपर्ने आवश्यकता पूरा गर्न, मध्यममार्गी शक्तिहरूको उदय र राष्ट्रिय मेलमिलापलाई प्रोत्साहन गर्न, र न्यायिक एवं सुरक्षा निकायहरूमा कार्यरत मानवअधिकार उल्लंघनका घटनाको योजनाकार वा उनीहरू संलग्न भएको र घटना दबाउने व्यक्तिहरूलाई बर्खास्त गर्न ।"* [१५]

२८. यस उद्देश्यका निम्ति सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग महत्वपूर्ण परिपूरक हुन सक्दछन् किनभने यिनीहरूले ऐतिहासिक अभिलेख राख्छन् र न्यायिक उपचारका निम्ति चाल्नुपर्ने कदमका बारेमा सिफारिस गर्दा पीडित केन्द्रित पद्धतिहरू अपनाउँछन् । जनविश्वास पुनःस्थापनामा राज्यका निकायहरूका छानबिन प्रक्रियाहरूले अहम् भूमिका खेल्छ ।[१६]

२९. परिपूरणले पीडितहरूलाई न्यायिक उपचार दिनुका साथै राज्यप्रतिको विश्वास पुनःस्थापित गर्छ । तर मौद्रिक क्षतिपूर्ति मात्र सन्तोषजनक नहुन सक्छ । पीडितहरूका विविध आवश्यकताहरूलाई विस्तारमा सम्बोधन र त्यसबाहेक उनीहरूको कानूनी अधिकारको रक्षा, पुनःस्थापनाका कार्यक्रमहरू, आधिकारिक र अनौपचारिक क्षमायाचना र स्मरण[१७] आदि जस्ता विषयहरू समावेश हुनुपर्दछ ।

३०. २०६१ सालमा संयुक्त राष्ट्रसंघको महासचिवको प्रतिवेदन आएपश्चात् संक्रमणकालीन न्यायका लक्ष्यहरू अन्य विभिन्न दस्तावेजहरूमा समावेश गरिएका छन् । जस्तै, २०६३ र २०६६ साल्मा संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्त (OHCHR) को को "द्वन्द्वोतर राज्यहरूका लागि विधिको शासनका साधनहरू";[१८] २०६७ सालमा संयुक्त राष्ट्रसंघका महासचिवको "संक्रमणकालीन न्यायका लागि संयुक्त राष्ट्रसंघको पद्धति"[१९] विषयक निर्देशनात्मक टिपोट; २०६८ सालमा संयुक्त राष्ट्रसंघका महासचिवको "द्वन्द्वोत्तर समाजहरूमा संक्रमणकालीन न्यायमा विधिको शासन"[२०] विषयक प्रतिवेदन, शान्ति, न्याय परिपूरणको प्रवर्धन र नदोहोरिने सुनिश्चितताका विषयमा विशेष प्रतिवेदकका विविध प्रतिवेदनहरू;[२१] २०७५ सालमा विशेष प्रतिवेदक र विशेष सल्लाहकारका नरसंहार रोकथाम सम्बन्धी "नरसंहार, युद्धअपराध, जातीय सफाया र मानवताविरुद्धका अपराध लगायतका मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानूनका गम्भीर उल्लंघनहरू र तिनीहरूको पुनरावृत्ति रोक्न संक्रमणकालीन न्यायले गर्ने योगदान" विषयक संयुक्त अध्ययन प्रतिवेदन;[२२] संयुक्त राष्ट्रसंघ महासभा, मानवअधिकार परिषद् र मानवअधिकार समितिका विभिन्न प्रस्तावनाहरू;[२३] २०७९ सालमा मानवअधिकारका लागि संयुक्त राष्ट्रसंघीय उच्चायुक्तको 'मानवअधिकार र संक्रमणकालीन न्याय' विषयक प्रतिवेदन,[२४] र हालसालै २०८० सालमा 'महासचिवका निर्देशनात्मक टिपोटः संक्रमणकालीन न्यायः व्यक्ति, रोकथाम र शान्तिका लागि रणनीतिक साधन' ।[२५] प्रतिनिधिमण्डलले नेपालमा संक्रमणकालीन न्याय प्रक्रिया सम्बन्धी विश्लेषण यिनै प्रकाशनमा समाहित सिद्धान्तहरूमा आधारित रहेर गरेको छ ।

१३ ऐजन, §§38-39 .

१४ ऐजन, §10 and §32 .

१५ ऐजन, §37 .

१६ ऐजन, summary §4 .

१७ ऐजन, §§54-55 .

१८ OHCHR, 'Rule-of-law tools for post-conflict states' on 'Truth Commissions' (2006) UN Doc HR/PUB/06/1; 'Mapping the Justice Sector' (2006) UN Doc HR/PUB/06/2; 'Monitoring Legal Systems' (2006) UN Doc HR/PUB/06/3); 'Prosecution initiatives' (2006) UN/Doc HR/PUV/06/4; 'Vetting' (2006) UN Doc HR/PUB/06/5, and 'Amnesties' (2009) UN Doc HR/PUB/09/1 .

१९ UN Secretary-General, 'Guidance note: United Nations approach to transitional justice' (March 2010) UN Doc ST/SG(09)/A652 .

२० UN Secretary-General, 'Report on the rule of law and transitional justice in conflict and post-conflict societies' (12 October 2011) UN Doc S/2011/634.

२१ UN Human Rights Council ("HRC"), 'Report of the Special Rapporteur on the promotion of truth, justice, reparation and guarantees of non-recurrence, Pablo de Greiff' (9 August 2012) UN Doc A/HRC/C/21/46; 'Report of the Special Rapporteur on the promotion of truth, justice, reparation and guarantees of non-recurrence' (23 August 2013) UN Doc A/68/345; 'Report of the Special Rapporteur on the promotion of truth, justice, reparation and guarantees of non-recurrence, Pablo de Greiff' (7 September 2015) UN Doc A/HRC/30/42; 'Report of the Special Rapporteur on the promotion of truth, justice, reparation and guarantees of non-recurrence' (12 October 2017) UN Doc A/72/523; 'Report of the Special Rapporteur on the promotion of truth, justice, reparation and guarantees of non-recurrence' (25 July 2018) UN Doc A/HRC/39/53 .

२२ HRC, 'Joint study of the Special Rapporteur on the promotion of truth, justice, reparation and guarantees of non-recurrence and the Special Adviser to the Secretary-General on the Prevention of Genocide on the contribution of transitional justice to the prevention of gross violations and abuses of human rights and serious violations of international humanitarian law, including genocide, war crimes, ethnic cleansing and crimes against humanity, and their recurrence' (6 June 2018) UN Doc A/HRC/37/65 .

२३ See UN General-Assembly ("UNGA") Res 68/165 on 'Right to the truth' adopted on 18 December 2013 (21 January 2014) UN Doc A/RES/68/165; HRC, 'Resolution on 'Human rights and transitional justice' adopted on 7 October 2022 (12 October 2022) UN Doc A/HRC/RES/51/23, and the prior resolutions of the HRC and UN Commission on Human Rights listed therein at recital 2 .

२४ HRC, 'Report of the Office of the United Nations High Commissioner for Human Rights: Human rights and transitional justice' (12 January 2022) UN Doc A/HRC/49/39.

२५ UN Secretary-General, 'Guidance note: Transitional Justice - a Strategic Tool for People, Prevention and Peace' (11 October 2023)

## ४. बृहत् शान्ति सम्झौताका प्रतिबद्धताहरू

३१. विस्तृत शान्ति सम्झौतामा द्वन्द्वरत दुवै पक्षहरू ‘सशस्त्र द्वन्द्वका क्रममा मानवअधिकारको गम्भीर उल्लंघन गर्ने तथा मानवताविरुद्धको अपराधमा संलग्नहरूको बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको[२६] वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्यनिरूपण तथा मेलमिलाप आयोगको गठन गर्न’ सहमत भए । उनीहरूले ‘द्वन्द्व र यातनापीडित तथा बेपत्ता पारिएकाहरूको परिवारको राहत प्राप्त गर्ने अधिकारलाई’ सुनिश्चित गर्न ‘निष्पक्ष छानबिन तथा कारबाही’ गर्नुका साथै ‘दण्डहीनता नसहने’[२७] प्रतिबद्धता गरेका थिए । उनीहरूले बेपत्ता पारिएका तथा मारिएका व्यक्तिहरूको विवरण ६० दिनभित्र सार्वजनिक गर्ने सहमति पनि गरेका थिए ।[२८] झण्डै १८ वर्ष बितिसक्दा पनि यी प्रतिबद्धताहरू अझै पूरा हुन बाँकी छन् ।

## ५. अन्तरिम राहतका कार्यक्रमहरू


३२. २०६५ सालदेखि २०६९ सालसम्म सरकारले द्वन्द्वपीडितको तथ्याङ्क संकलन गरी केही पीडित र तिनका परिवारलाई तत्कालीन आवश्यकताहरू पूरा गर्न न्यूनतम नगद भुक्तानी गर्न जिल्ला स्तरमा स्थानीय शान्ति समितिको स्थापना गरी त्यसमार्फत एक महत्वाकांक्षी अन्तरिम राहत कार्यक्रम लागू गऱ्यो ।[२९] सूचीकृत गरिएका करिब ३० हजार पीडित व्यक्ति र लगभग ८० हजार आन्तरिक रूपमा विस्थापित भएका व्यक्तिहरूले यो लाभ लिए । मृतक र बेपत्ता पारिएका व्यक्तिका परिवार, अपाङ्गता भएका व्यक्ति, द्वन्द्वका क्रममा सम्पत्तिको क्षति बेहोरेका व्यक्तिहरू यसका लागि योग्य ठहरिए । मृतक र बेपत्ताका बालबालिकाका लागि न्यूनतम छात्रवृत्ति पनि प्रदान गरियो ।

३३. यद्यपि, यौनजन्य हिंसा र यातनापीडितहरू लगायतका केही पीडित वर्गहरू अन्तरिम राहत कार्यक्रममा समेटिएका थिएनन् ।[३०] उनीहरुलाई उक्त कार्यक्रममा छुटाइएको यथार्थ हालसालै प्रकाशमा आएको हो । सशस्त्र द्वन्द्वका क्रममा महिला र बालिकाहरू अधिक संख्यामा यौनजन्य हिंसाका शिकार हुने गरेका छन् र मनोसामाजिक सहायता र स्वास्थ्य सेवा लगायतका अन्तरिम राहत नपाउनाले उनीहरू बढी मारमा परेका छन् ।[३१] नेपालमा यौनजन्य हिंसा सम्बन्धी व्याप्त विभेदकारी सामाजिक धारणाका कारण यससम्बन्धी विवरणहरू छुट्न गएका हुन् जसका परिणामस्वरूप संक्रमणकालीन न्याय संयन्त्रहरूद्वारा संकलित तथ्याङ्क, विशेषगरी यौनजन्य हिंसा सम्बन्धी तथ्याङ्क, सीमित र अपुरो छ । न्याय सम्पादनमा देखिएको यस प्रकारको त्रुटि सच्याउन विषयको गम्भीरतालाई बुझ्दै पीडितलाई आवश्यक न्यायिक उपचार प्रदान गर्न आवश्यक छ । (अनुच्छेद १४१ हेर्नुहोस्)

३४. झन्डै ४ हजार[३२]भन्दा बढी संख्यामा रहेका पूर्व बाल सैनिकहरूले पनि अन्तरिम राहत कार्यक्रमबाट लाभ पाएनन् । द्वन्द्व समाप्तिपछि उनीहरूलाई २०६६ पुष सम्म विभिन्न अस्थायी शिविरहरूमा राखियो र त्यसक्रममा भर्तीका समयमा नाबालक रहेकाहरूलाई ‘अयोग्य’[३३] ठहऱ्याउँदै बिदा गरियो । प्रमाणीकरणका समयमा १८ वर्ष उमेरमाथिका केही पूर्व माओवादी कार्यकर्ताहरू सरह उनीहरू नेपाली सेनामा प्रवेश गर्न अयोग्य थिए ।[३४] उनीहरूलाई लक्षित गर्दै शैक्षिक सहायता वा व्यावसायिक र अन्य सीप सम्बन्धी तालिमहरू लगायतका पुन:स्थापनाका प्याकेजहरू ल्याइयो[३५] तर त्यसमा नगद लाभ समावेश थिएन ।[३६] पूर्व बाल सैनिकहरूमध्ये केवल आधा जति पुन:स्थापना कार्यक्रममा सहभागी भए जसका विविध कारणहरू थिए,[३७] जस्तै: पुन:स्थापना प्याकेज सम्बन्धी असन्तुष्टि, सहभागी नहुन राजनीतिक दबाब र दर्ता प्रक्रियामा गोपनीयताको कमी ।[३८] पूर्व बाल सैनिकहरूले पीडितको[३९] रूपमा पहिचान पाउनुको साटो स्वास्थ्य उपचार नपाएको, मानसिक स्वास्थ्य सम्बन्धी समस्याहरू भोगेको, पारिवारिक र सामाजिक साथको कमी र अपहेलनाको सामना गरेकाले पुन:स्थापनामा अवरोधहरू भोगिरहेका छन् ।[४०]

३५. प्रतिनिधिमण्डलसमक्ष केही द्वन्द्वपीडितहरूले आफूहरू विभेदकारी राजनीतिक आधारमा वा परिवारका सदस्यहरू मृत वा बेपत्ता रहेको पुष्टि गर्न नसक्दा भोगेको प्रशासनिक बाधाहरूका कारण अन्तरिम राहतबाट वञ्चित भएको गुनासो पोखे ।

२६ विस्तृत शान्ति सम्झौता, अनुच्छेद ५.२.५ ।
२७ विस्तृत शान्ति सम्झौता, अनुच्छेद ७.१.३ ।
२८ विस्तृत शान्ति सम्झौता, अनुच्छेद५.२.३ ।
२९ See, further, Nepal Transition To Peace Institute (NTTPI) Working Paper, ‘The Enduring Importance of Local Peacebuilding in Nepal - Should Local Peace Committees be continued?’ (May 2016).
३० UN International Organization for Migration (IOM), ‘Report on Mapping Exercise and Preliminary Gap Analysis of the Interim Relief and Rehabilitation Programme: Interim Relief and Rehabilitation to the Victims of Nepal’s Armed Conflict’ (December 2010).
३१ Committee on the Elimination of Discrimination against Women (“CEDAW Committee”), ‘General recommendation No . 30 on women in conflict prevention, conflict and post-conflict situations’ (1 November 2013) UN Doc CEDAW/C/GC/30, §35.
३२ Peace Envisioners and Trial International, ‘A quest for justice: the status of children involved in Nepal’s armed conflict’ (June 2019), §14 and §42 .
३३ ऐजन, §§37-44 .
३४ ऐजन, §45 .
३५ ऐजन, §§46-47 .
३६ ऐजन, §50 .
३७ ऐजन, §§48-49 .
३८ ऐजन, §§49-51 .
३९ ऐजन, §52 .
४० ऐजन, §§53-57. See also Kul Chandra Gautam (former Assistant Secretary-General of the UN and Deputy Executive Director of UNICEF) writing for The Kathmandu Post, ‘Transitional justice has failed former child soldiers’ (20 November 2021).



नेपालको राजधानी काठमाडौं

## ६. संक्रमणकालीन न्यायसम्बन्धी प्रारम्भिक प्रयासहरू

**३६.** विस्तृत शान्ति सम्झौताले मानवअधिकार उल्लंघनका सबै प्रकारका घटनाका छानबिन गर्न सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गर्ने परिकल्पना गरेको थियो। साथै, सर्वोच्च अदालतमा दायर भएका बन्दीप्रत्यक्षकरण सम्बन्धी रिटहरूमध्ये केहीमा सर्वोच्च अदालतले सरकारलाई बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठन गर्ने आदेश दिएको थियो।[४१] तथापि यी आयोगहरू तुरुन्त गठन गर्न जटिल थियो।

**३७.** २०६४ सालमा आयोगहरू सम्बन्धी कानून तर्जुमा गर्न राजनीतिक नियुक्तिमा आधारित एक प्रारम्भिक कमिटीको गठन गरिएको थियो। मस्यौदामा 'राजनीतिक उद्देश्य प्राप्तिका क्रममा' वा 'कर्तव्य पालना गर्ने क्रममा' गरिएका अपराधमा क्षमादान दिने प्रस्तावको पीडितहरू र नागरिक समाजबाट व्यापक आलोचना भयो किनकि यसले सुरक्षा निकाय र पूर्व माओवादी लडाकुहरू दुवै पक्षबाट भएका उल्लंघनमा दण्डहीनतालाई प्रोत्साहन दियो। त्यसपछि सरकार, पीडितहरू, नागरिक समाज र संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चयुक्तको कार्यालय (OHCHR) सँग परामर्शहरू थालिए। उक्त आयोगहरूले सत्य अन्वेषण, परिपूरण र अन्य सुधारको सिफारिस  र कम संवेदनशील अपराधमा क्षमादानका लागि सहजीकरण गर्ने गरी विधेयकको मस्यौदाबारे सहमति भयो। हत्या, जबर्जस्ती बेपत्ता, यातना, बलात्कार र यौनजन्य हिंसा जस्ता गम्भीर उल्लंघनहरूमा क्षमादान नहुने र अभियोजन गरिने सहमति भयो।[४२] २०६६ साल माघ महिनामा सदनमा विधेयक पेश भएलगत्तै सांसदहरूले पीडितहरूको सरोकारको विषय मुखरित गर्दै थप संशोधनका प्रस्तावहरू ल्याए। यद्यपि नयाँ निर्वाचनको घोषणासँगै भएको संसद् विघटनपछि सरकारले उक्त विधेयकहरू फिर्ता लियो।  २०६९ चैत्र १ मा गम्भीर उल्लंघनका घटनाहरूमा क्षमादान नदिने प्रावधान हटाउँदै एक अध्यादेश जारी भयो।

४१ रविन्द्र प्रसाद ढकाल समेत (राजेन्द्र प्रसाद ढकालका पक्षबाट) विरुद्ध नेपाल सरकार गृह मन्त्रालय समेत, नेकाप २०६४, सं. नं २, निर्णय नं ७८१७, पृ १६९-२५०।
४२ Advocacy Forum-Nepal, 'Special Brief: Transitional Justice at Crossroads' (January 2014).

३८. २०७० साल पुसमा नेपालको सर्वोच्च अदालतले उक्त अध्यादेशबाट पीडितको अधिकारहरू उल्लंघन भएको र देहायका सिद्धान्तहरूलाई मनन गर्दै संक्रमणकालीन न्यायका लागि कानूनी संयन्त्रको निर्माण गर्नुपर्ने ठहर गरेको थियो : विज्ञको सहायता र सरोकारवालाहरूमध्ये विशेषगरी पीडितहरूसँग व्यापक परामर्श गर्ने आवश्यकता, मानवअधिकारको गम्भीर उल्लंघनहरू आममाफीको विषय नहुने, यातना र जबर्जस्ती बेपत्ता लगायतका गम्भीर उल्लंघनहरूलाई आवश्यक कानून ल्याई दण्डनीय बनाउने, क्षमादान दिन मिल्ने मुद्दामा पीडितको पूर्व सहमति अनिवार्य हुनुपर्ने र पीडितहरूलाई प्रभावकारी परिपूरण दिनुपर्ने ।[४३]

३९. फैसलापश्चात् २०७० साल चैतमा मा सरकारले पीडितका प्रतिनिधि समूहहरूसँग परामर्श गरी अर्को विधेयक तर्जुमा गर्न विज्ञहरूको एक समिति गठन गरेको थियो । विधेयकको मस्यौदा आएपछि व्यापक परामर्शहरूको अपेक्षा गरिएता पनि उक्त समितिलाई कार्यसम्पादनका लागि केवल एक महिनाको समय दिइएको थियो । राजनीतिक दलहरूले आपसी सहमतिमा तर्जुमा गरेका फरक विधेयकलाई सदनमा पेश गरे । उक्त मस्यौदामाथि संसदीय बहस वा बृहत् परामर्श गरिएन । २०७१ वैशाखमा द्रुत (Fast Track) कार्यविधि द्वारा विधेयक पारित गरियो ।[४४]

## ७. बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन

४०. बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप ऐन २०७१ ले निर्देश गरे अनुरूप सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको गठन गरियो ।

४१. उक्त ऐनलाई चुनौती दिँदै सर्वोच्च अदालतमा एक रिट दायर गरियो । पीडित, नागरिक समाजका सदस्यहरू, संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चयुक्त (OHCHR) लगायतका अन्तर्राष्ट्रिय समुदायले सरकारलाई अदालतको फैसला नआएसम्म आयोगहरूको गठन नगर्न आदेश दियो ।[४५] सरकारले अदालतको फैसलाको प्रतीक्षा नगरी २०७१ माघ २७ मा आयोगहरू गठन गर्‍यो ।

४२. उक्त ऐनले अदालतका विगतका निर्णयहरू, नेपालको संविधान र अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको उल्लंघन गरेको भनी २०७१ फागुन ३ मा सर्वोच्च अदालतले महत्वपूर्ण फैसला सुनायो ।[४६] ऐनले मेलमिलापलाई पीडितहरूको सहमतिको साटो मानवअधिकार उल्लंघनका घटनामा दण्डहीनतालाई प्रश्रय दिने साधनका रूपमा प्रयोग गर्न नहुने जिकिर गरियो; ऐनले सत्य निरूपण तथा मेलमिलाप आयोगले महान्यायधिवक्तालाई सजायका लागि गर्ने सिफारिसमा सरकारका मन्त्रालयहरूको हस्तक्षेप गर्न स्वीकृति दिएको, साथै ऐनले सत्य निरूपण तथा मेलमिलाप आयोगलाई बलात्कार बाहेकका अन्य मुद्दाहरूमा क्षमादान दिनका लागि सिफारिस गर्ने प्रावधान अस्वीकार्य भएको र गम्भीर उल्लंघनका घटनाहरूको अभियोजन हुनुपर्ने विषय औंल्याइयो ।[४७] त्यसपश्चात् सर्वोच्च अदालतको आदेशअनुरूप ऐन संशोधनका लागि विभिन्न प्रयासहरू भएतापनि ती हालसम्म फलदायक हुन सकेका छैनन् ।

४३. ४३. राजनीतिक सहमतिमा न्यायाधीशहरूको नियुक्ति र विशेष अदालतबाट पुनरावेदन सुन्ने व्यवस्था गरिएकोमा २०७३ सालमा सर्वोच्च अदालतले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐनले व्यवस्था गरेको संक्रमणकालीन न्याय सम्बन्धी विशेष अदालत गठन सम्बन्धी एक राय दियो । । उक्त अदालतको स्वतन्त्रता सुनिश्चित गर्न न्यायाधीशहरूको छनौट न्याय परिषद्ले सिफारिस गरेका न्यायाधीशहरूमध्येबाट हुनुपर्ने; विशेष अदालतका फैसलाहरूमा संविधान अनुरूप सर्वोच्च अदालतमा पुनरावेदनहरू पेश हुनुपर्ने; र विशेष अदालतका क्षेत्राधिकार अन्तर्गत पर्ने दण्ड र कसूरहरू निर्धारण गर्ने कानूनको आवश्यकता रहेका ठहर गर्‍यो ।[४८]

४४. **निश्कर्ष: नेपाली राज्यले अन्तर्राष्ट्रिय कानून, संवैधानिक कानून तथा सर्वोच्च अदालतका फैसलाहरूले निर्दिष्ट गरे अनुकूल संक्रमणकालीन न्याय सम्बन्धी कानूनी संयन्त्रको कार्यान्वयनमा भइरहेको ढिलासुस्तीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विधिको शासन कमजोर बनाउनुका साथै द्वन्द्वपीडितहरूको मानवअधिकारको अपमान पनि गर्दछ ।**

४५. **सुझाव: नेपालको अन्तर्राष्ट्रिय दायित्वहरू, अन्तर्राष्ट्रिय मानवअधिकारका मानकहरू र सर्वोच्च अदालतका मार्गनिर्देशन अनुरूप अविलम्ब प्रभावकारी संक्रमणकालीन न्याय प्रक्रियाको निर्माण र कार्यान्वयन गर्ने ।**

४३ माधव कुमार बस्नेत समेत विरुद्ध प्रधानमन्त्रीको कार्यालय समेत, नेकाप २०७०, सं. नं ९, निर्णय नं ९०५१, पृ ११०१-११५५ ।
४४ Advocacy Forum-Nepal, 'The state of transitional justice in Nepal: briefing paper' (February 2019), p10.
४५ See, e.g. OHCHR, 'Technical Note: The Nepal Act on the Commission on Investigation of Disappeared Persons, Truth and Reconciliation 2071' (2014).
४६ सुमन अधिकारी समेत विरुद्ध प्रधानमन्त्रीको कार्यालय समेत, नेकाप २०७१, सं. नं १२, निर्णय नं ९३०३ ।
४७ Advocacy Forum-Nepal, 'The state of transitional justice in Nepal: briefing paper', pp10-12 .
४८ ऐजन, p14, citing the *Opinion and reaction of the Supreme Court on the Bill to establish a Transitional Justice Special Court of 2017.*

## ८. सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग

४६. २०७२ सालयता सर्वोच्च अदालतका फैसलाहरू अनुरूप बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐनको निरन्तर संशोधन भइरहेको छ। यो प्रतिवेदन तयार पारिँदासम्म सत्य निरूपण तथा मेलमिलाप आयोगमा कुल ६४ हजार मानवअधिकार उल्लंघन सम्बन्धी उजुरीहरू र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा जबर्जस्ती बेपत्ता सम्बन्धी ३ हजारभन्दा बढी उजुरीहरू दर्ता भएका छन्। आफ्नो कार्यावधिभर आयोगहरूले एउटा पनि मुद्दामा अनुसन्धान पूरा गरेका छैनन्।

४७. आयोगहरूमा जनविश्वास, बजेट, प्राविधिक ज्ञान, वैधता र विज्ञताको कमी छ। तिनीहरूमा सुरक्षित रूपमा अनुसन्धान गर्ने उद्देश्यले प्रमाण संकलन गर्न, बेपत्ता भएका व्यक्तिहरूका अवशेष कहाँ छन्, र को दोषी छन् भन्ने कुरा पत्ता लगाउन र अभियोजनको सिफारिस गर्न आवश्यक क्षमता, पूर्वाधार र रणनीतिको पनि कमी छ। आयोगहरूले अभियोजन वा सजायको सुझाव दिए तापनि त्यस अनुसार कारबाही अघि बढाउने कानूनी वा संस्थागत संयन्त्रको अभाव छ। अन्तर्राष्ट्रिय कानूनले अपराध भनेका कार्य जस्तै यातना र जबर्जस्ती बेपत्तालाई स्पष्ट रूपमा फौजदारी अपराध बनाइएको थिएन (यद्यपि मुलुकी अपराध संहिता, २०७४ ले अहिले दुवैलाई कसूर मान्छ, द्वन्द्वका बेलामा यातनालाई फौजदारी अपराध बनाइएको थिएन र जबर्जस्ती बेपत्ता निरन्तर अपराध हुनाले यसमा समेत नयाँ अपराध संहिता लागू हुन्छ भन्ने बहस उठिरहेको छ; प्रचलित कानूनअनुसार बलात्कार जस्ता अन्य अपराधहरूमा हदम्यादको व्यवस्था छ। र ऐन अनुसार गठन गरिएको विशेष अदालतले त्यस्ता मुद्दाहरूमा सुनुवाइ गर्न सक्ने व्यवस्था छैन। अपुरो कानूनी संरचनामा निर्भर हुनुपरेकोले पनि आयोगहरूको विश्वसनीयता घटेको छ। त्यहाँ विना परामर्श राजनीतिक नियुक्तिहरू हुने गरेका छन्। आइरहेका विवादमाझ २०७९ असारयता आयोगहरूको म्याद थप नगरिएकाले ठोस काम हुन सकिरहेको छैन।

४८. द्वन्द्व पीडितहरूले संक्रमणकालीन न्याय प्रक्रिया स्थापनामा भइरहेको ढिलासुस्ती विरुद्ध दायर गरेको रिटमा २०८० फागुन २९ मा फैसला सुनाउँदै सर्वोच्च अदालतले पीडितहरूको समयमै र निष्पक्ष न्याय पाउने अधिकारको उल्लंघन भइरहेको ठहर गर्‍यो। उत्प्रेषणको आदेश जारी गर्दै अदालतले सरकारलाई देहायबमोजिमको निर्देशन दियो : १. फैसलाको मितिले एक महिनाभित्र सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका लागि आयुक्तहरू नियुक्ति सिफारिस गर्न समितिको गठन गर्ने, र २. आयोगहरू पूर्ण गठन नभइन्जेल सचिवको नेतृत्वमा प्रारम्भिक अनुसन्धान वा छानबिन प्रक्रिया अघि बढाउने सम्बन्धमा निर्देशिका तयार पार्न १५ दिनभित्र पीडितहरूसँग छलफल तथा परामर्श गर्ने।[४९]

४९. २०८० चैत ३० मा सरकारले सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका सदस्यहरू नियुक्तिका लागि पूर्व प्रधान न्यायाधीश, सर्वोच्च अदालतका पूर्व न्यायाधीश, अमेरिकाका लागि नेपालका पूर्व राजदूत र सामाजिक अभियन्ता सम्मिलित ४ सदस्यीय सुझाव समिति गठन भएको घोषणा गर्‍यो। घोषणाअघि गरिएका परामर्शहरूमा ठूलो संख्यामा पीडितहरू र नागरिक समाज समूहहरूले सरकारलाई सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन संशोधन भएपश्चात् मात्र त्यस अनुकूल आयुक्तहरू नियुक्त गर्न माग गरेका थिए। २०८१ वैशाख १८ मा राष्ट्रिय मानव अधिकार आयोगले निर्धारित समय सीमाभित्र ऐन संशोधन गर्ने स्पष्ट प्रतिबद्धता जाहेर नभएसम्म आफूले सुझाव समिति सदस्यहरू नियुक्त गर्ने अधिकार प्रयोग नगर्ने घोषणा गर्‍यो।[५०] तसर्थ यो प्रतिवेदन लेखनको अवधिमा सो समितिको काम प्रारम्भ भएको थिएन।

५०. मानवअधिकारवादी अधिवक्ताहरू र नागरिक समाज संस्थाहरूले पीडित समूहसँग गरेका बैठकमा उनीहरूले आयोगका काम कारबाहीहरूप्रति असन्तुष्टि व्यक्त गरे। पीडितहरूले आफूले दर्ता गरेका उजुरीहरू माथि के कति अनुसन्धान भयो भन्ने विषयमा बुझ्न आयोगहरूमा रहेको सम्बन्धित मिसिलहरू हेर्न नपाएको कुरा प्रतिनिधिमण्डललाई बताए। साथै आयोगहरूले सैनिक अभिलेखहरूको के कति अनुसन्धान गरेको भन्ने विषयमा उपलब्ध न्यून सूचनामाथि पीडितहरूको पहुँच छैन वा द्वन्द्वकालमा भएका गम्भीर मानवअधिकार उल्लंघनहरूमा देशको सैनिक अदालतहरूमा पीडितहरूको सहभागिता विना गोप्य रूपमा सुनुवाइ भइसकेको हो वा होइन भन्ने जानकारी पनि छैन। प्रतिनिधिमण्डलले जानकारी पाएअनुसार, आयोगहरूले आफ्ना दायित्व पूरा गर्न नसकेको र तिनीहरू दण्डहीनतालाई प्रोत्साहन दिने साधन बनेको धारणा पीडितहरू, नागरिक समाज संस्थाहरू र अन्तर्राष्ट्रिय समुदायले व्यक्त गरे। प्रतिनिधिमण्डलसँग भेटघाट गरेका आयोगका कर्मचारीले आफ्ना संस्थाहरूप्रति जनविश्वास निर्माण गर्न ठूलो संघर्ष गर्नुपरेको स्वीकारे।[५१]

५१. **निश्कर्षः सङ्क्रमणकालीन न्याय प्रक्रियाको प्रभावकारिता सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमाथि निर्भर हुनाले आयोगहरूको व्यावहारिक, प्राविधिक र कानूनी त्रुटि सच्याउने विषयलाई उच्च प्राथमिकतामा राखिनुपर्ने।**

५२. **सुझावः जवाफदेहिता र विस्तृत परिपूरण लगायत द्वन्द्वपीडितहरूको न्यायमाथि सहज पहुँच सुनिश्चित गरिनुपर्ने। न्याय सम्पादन हुन अझै बाँकी छ र पीडितहरूलाई न्याय दिन थप ढिलाई गर्नु हुँदैन।**

४९ Advocacy Forum-Nepal, 'Transitional Justice: Recent Update' (May 2024).
५० ऐजन।
५१ थप हेर्नुहोस्, International Commission of Jurists, 'Human rights and the Rule of Law in a Federal Nepal: recommendations from an ICJ High-Level Mission'; Advocacy Forum-Nepal, 'The state of transitional justice in Nepal: briefing paper'.

प्रतिनिधिमण्डल तथा पिबिआइको नेपालगंजस्थित नागरिक समाज संस्थाहरु, कानून व्यवसायीहरु तथा राष्ट्रिय मानव अधिकार आयोगका प्रतिनिधिहरुसँगको भेटघाट ।



## ९. सामान्य फौजदारी अदालतहरू

५३. संक्रमणकालीन न्याय प्रक्रियाको प्रतीक्षामा रहेका र द्वन्द्वकालमा भएका मानवअधिकारका गम्भीर उल्लंघनका घटनाहरूलाई फौजदारी न्याय प्रणालीबमोजिम दण्डनीय बनाउने प्रक्रिया विचाराधीन रहँदा पीडितहरूले मुलुकी अपराध संहितामा ज्यान मार्ने कार्यलाई राष्ट्रिय कानूनबमोजिम फौजदारी अपराधका रूपमा स्थापित गरिएको र जबर्जस्ती बेपत्तालाई निरन्तर अपराधको रूपमा लिनुपर्ने बहस गर्दै गैरन्यायिक हत्याका विरुद्ध सामान्य फौजदारी अदालतहरूमार्फत न्याय पाउनुपर्ने माग गरेका छन् । यद्यपि यस्ता अभियोजनको संख्या नगण्य छ ।[५२]

५४. २०६० सालमा बेपत्ता पारिएकी र पाँचखाल सैनिक ब्यारेकको हिरासतमा दिइएको यातनाका कारण ज्यान गुमाएकी मैना सुनुवार नाम गरेकी बालिकाको मुद्दा प्रमुख उदाहरण हो । एड्भोकेसी फोरम नेपालको एक अध्ययनको सार अनुसार घटनाको विवरण निम्नप्रकारको छ :

*"२०६० फागुन ७ गते बिहानको करिब ६ बजे १५ जना बर्दीधारी सैनिकको समूह मैना सुनुवारको घरमा आयो । सुरक्षाकर्मीहरूले मैनाकी आमा देवी सुनुवारलाई खोजेका थिए तर उनी घरमा नभएकी हुनाले आमाको सट्टा मैनालाई लिएर गए । उनीहरूले मैनाका बाबु पूर्ण बहादुरलाई मैनालाई फिर्ता चाहने हो भने उनकी आमा देवीलाई काभ्रेस्थित लामीडाँडा ब्यारेकमा लिएर आउन भने । भोलिपल्ट मैनाले अध्ययन गर्ने विद्यालयका प्रधानाध्यापक, बाबु पूर्ण बहादुर र एकजना शिक्षक समेत २५ जनाको समूह लामीडाँडा ब्यारेकमा पुग्यो । उनीहरूले मैनाका बारेमा सोधे र उनलाई रिहा गर्न माग गरे तर सुरक्षाफौजले मैनालाई पक्राउ गरेको कुरा अस्वीकार गर्‍यो । त्यसपश्चात् सोही समूह पाँचखालस्थित सैनिक ब्यारेकमा पुग्दा अधिकारीहरूले मैनाको पक्राउमा आफूहरू संलग्न नरहेको दोहोर्‍याए । मैनाकी आमा पटकपटक जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय काभ्रे, लामीडाँडा सैनिक शिविर र पाँचखाल सैनिक शिविर धाइरहिन् तर सबैले मैनाको पक्राउलाई अस्वीकार गर्दै उल्टै देवीलाई धम्की दिए । एकपटक पाँचखाल सैनिक ब्यारेकका सुरक्षाकर्मीले मैनाकी आमालाई उनकी छोरी बेपत्ता नभई माओवादीसँगको भिडन्तमा मारिएकी समेत बताए । २०६१ वैशाखमा मैनाकी आमा काठमाडौं स्थित नेपाली सेनाको मुख्यालय पुग्दा मैना मारिएकी र उनका लत्ताकपडा लगायत अन्य वस्तुहरू प्रहरीलाई पठाइएको भनी बताइयो । संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय (OHCHR) का उच्चायुक्त लुई आर्बर लगायत अन्तर्राष्ट्रिय समुदायको निरन्तर दबाबको परिणामस्वरूप सेनाले आन्तरिक अनुसन्धान अघि बढाई घटनाका आरोपित तीन सैनिकहरूलाई २०६१ वैशाख ९ मा सैनिक अदालतमा पेश गर्‍यो । सैनिक दस्तावेजमा उल्लेख भएअनुसार, ती आरोपितहरूलाई मैना प्रकरणमा सोधपुछको अनुचित तरिका अपनाएको र मैनाको शव व्यवस्थापनकाक्रममा सही प्रक्रिया नअपनाएको सामान्य कसूरहरू देखाई दोषी ठहर्‍याइएको थियो । निलम्बित सैनिकहरूलाई ६ महिनाको कैद सजाय गरिएको थियो ।"* [५३]

५५. पछि २०७४ वैशाख ३ मा काभ्रे जिल्ला अदालतले ती सैनिकहरूको अनुपस्थितिमा उनीहरूलाई हत्याको आरोपमा जन्मकैदको फैसला सुनायो । उक्त मुद्दामा प्रहरी अनुसन्धानमा भएको ढिलासुस्तीलाई मध्यनजर गर्दै सर्वोच्च अदालतले केही नयाँ सिद्धान्तहरू

५२ हेर्नुहोस्, Human Rights Watch ("HRW") and Advocacy Forum-Nepal, 'Breaking Barriers to Justice: Nepal's Long Struggle for Accountability, Truth and Reparations' (5 March 2024), p40 .

५३ Advocacy Forum-Nepal, 'Maina Sunawar: Extrajudicially killed by the then RNA' (2011).

प्रतिपादन गरेको थियो। जस्तै, द्वन्द्वकालमा सैनिकद्वारा हत्या गरिएका सामान्य नागरिकहरूको मुद्दा अदालतको क्षेत्राधिकारभित्र पर्ने; बनिनसकेका संक्रमणकालीन न्याय संयन्त्रहरूले भविष्यमा न्याय दिनेछन् भन्ने बहानामा न्याय सम्पादन नगर्नु वा ढिला गर्नु अमान्य हुने, र सबूत प्रमाणले निर्देशित गरेसम्म द्वन्द्वकालमा घटेका घटनाहरूबारे अनुसन्धान र अभियोजन गर्ने अभिभारा सम्बन्धित निकायहरूको हुने।[५४]

५६. मैनाको मुद्दापश्चात् गैरन्यायिक हत्या र जबर्जस्ती बेपत्ता पारिएका पीडितहरूका परिवारले सामान्य फौजदारी अदालतहरूमा न्यायको माग गर्ने क्रम जारी छ। यीमध्ये केही मुद्दाहरूमा सर्वोच्च अदालत[५५] र उच्च अदालतले[५६] शीघ्र अनुसन्धानका लागि आदेश जारी गरेको छ। उदाहरणका लागि, विद्यालयका कर्मचारी रहेका अर्जुन लामाको माओवादीद्वारा हत्या भएको घटनालाई लिन सकिन्छ। आरोपीमध्येका एकजना नेकपा माओवादीका वरिष्ठ नेता अग्नि सापकोटा हुन्। काभ्रे प्रहरीले २०६६ सालमा एड्भोकेसी फोरम नेपाललाई सापकोटाको ठेगाना पत्ता नलागेकोले उनलाई पक्राउ गर्न नसकिएको बतायो जबकि उनी तत्कालीन संविधानसभाका सदस्य थिए। उनी २०७६ देखि २०७९ सालसम्म प्रतिनिधिसभाका सभामुख थिए।[५७]

५७. संयुक्त राष्ट्रसंघीय मानवअधिकार समितिले यस्ता प्रकारका अधिकांश घटना मानवअधिकारको गम्भीर उल्लंघन भएको निश्कर्ष निकाल्यो। तर त्यसको अनुसन्धान, अभियोजन र दोषीलाई सजाय[५८] दिन राज्यलाई समितिले गरेको आह्वानलाई बेवास्ता गरिएको छ। एड्भोकेसी फोरम नेपालमा कार्यरत कानूनव्यवसायीहरूलाई प्रहरीले द्वन्द्वकालका घटनाहरू संक्रमणकालीन न्याय प्रक्रियाको विषय भएकाले ती मुद्दाहरूमा अनुसन्धान अघि नबढाइएको बताउने गरेको छ,[५९] यद्यपि मानवअधिकार समितिले बारम्बार सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग जस्ता विद्यमान संक्रमणकालीन न्यायका संयन्त्रहरू पर्याप्त न्यायिक उपचार नभएको[६०] र तिनीहरूले मानवअधिकारका गम्भीर उल्लंघनहरूमा फौजदारी अभियोजनको विकल्पको रूपमा काम गर्न नसक्ने बताएको छ।[६१] २०८० सालमा एड्भोकेसी फोरम-नेपाल र ह्युमन राइट्स वाचले २०६५ सालदेखि अनुगमन गर्दै आइरहेका ६२ वटा गैरन्यायिक हत्यासम्बन्धी मुद्दाहरूको अध्ययन गर्दै निश्कर्ष निकालेका छन्, "२०६८ सालदेखि अभियोजनको दिशामा खासै कुनै प्रगति भएको छैन"।[६२]

५८. **निश्कर्ष: द्वन्द्वकालका मुद्दाहरूको अनुसन्धान र अभियोजन अब रोकिनु हुँदैन - पीडितहरूले तत्काल न्याय पाउने हक राख्छन् र प्रभावकारी संक्रमणकालीन न्याय प्रक्रियाको पर्खाईमा दण्डहीनताको औचित्य छैन। यस्ता प्रक्रियामा अड्चन ल्याउँदा दण्डहीनतालाई थप मलजल गर्नेछ र पीडितहरूलाई आवश्यक रहेको र लामो समयदेखि प्रतीक्षा गरिरहेको राहतबाट वञ्चित गर्नेछ। संक्रमणकालीन न्याय प्रक्रिया प्रभावकारी नभएसम्म पीडितहरूका लागि नियमित फौजदारी न्याय प्रणालीको ढोका बन्द गर्नु हुँदैन।**

५९. **सिफारिसः द्वन्द्वकालका पीडितहरूले फौजदारी न्यायमा गर्न खाजेको पहुँचलाई संक्रमणकालीन न्यायका नाममा रोक्नु हुँदैन; प्रहरीलाई द्वन्द्वकालका अपराधसँग सम्बन्धित जाहेरीहरूको अनुसन्धान गर्न तुरुन्त निर्देशन दिनुपर्ने।**

## १०. राष्ट्रिय मानव अधिकार आयोग

६०. मानवअधिकारको अवस्थाको निगरानी गर्ने नेपालको संवैधानिक निकाय राष्ट्रिय मानव अधिकार आयोगलाई द्वन्द्वकालका मानवअधिकार उल्लंघनहरूको उजुरीमाथि अनुसन्धान गर्न र ती घटनाका दोषीहरूका विरुद्ध कारवाही र अभियोजनको सिफारिस गर्ने अधिकार छ। यद्यपि, प्रतिनिधिमण्डलले जानकारी पाएअनुसार, द्वन्द्वपीडितहरूले आयोगका आयुक्तहरूले राजनीतिक नियुक्तिका आधारमा पदबहाली गरेको[६३] र सरकारले आयोगका सिफारिसहरूको बेवास्ता गरेका कारण आयोगप्रति विश्वासको कमी महसुस गरिरहेका छन्। आयोगले विद्यमान संक्रमणकालीन न्याय संयन्त्रहरू र आफ्नै सिफारिसहरूप्रति पीडितहरूमाझ विश्वासको कमी रहेको र यसतर्फ सरकारले अझै धेरै गर्न बाँकी रहेको कुरालाई स्वीकार गर्ने गरेको छ।[६४]

५४ NHRC, 'Annual Report 2020' (February 2021), p26; 'Annual Report (Summary) (FY 2021-2022)' (December 2022), p67; 'Annual Report (Synopsis) Fiscal Year 2017/2018' (February 2024), p54.

५५ HRW, 'Nepal: carry out rights panel's recommendations' (3 November 2020).

५६ NHRC, 'Annual Report (Synopsis) Fiscal Year 2017/2080', p54 .

५७ अधिवक्ता वीरेंद्र प्रसाद थापालिया विरुद्ध राष्ट्रिय मानव अधिकार आयोग (NHRC) समेत, रिट नं. 072-WO-0450; थप हेर्नुहोस्, The Kathmandu Post, 'Supreme Court intervenes to make rights commission's role more effective' (29 January 2024).

५८ हेर्नुहोस्, e . g . *Sharma v Nepal,* Views (28 October 2008) Comm 1469/2006, UN Doc CCPR/C/94/D/1469/2006; *Yubraj Giri v Nepal,* Views (24 March 2011) Comm No 1761/2008, UN Doc CCPR/ C/101/D/1761/2008; *Dev Bahadur Maharjan v Nepal,* Views (19 July 2012) Comm No 1863/2009, UN Doc CCPR/C/105/D/1863/2009; *Kedar Chaulagain v Nepal,* Views (28 October 2014) Comm No 2018/2010, UN Doc CCPR/C/112/D/2018/2010; *Chhedulal Tharu v Nepal,* Views (3 July 2015) Comm No 2038/2011, UN Doc CCPR/C/114/D/2038/2011; *Purna Maya v Nepal,* Views (17 March 2017) Comm No 2245/2013, UN Doc CCPR/C/119/D/2245/2013; *Gyan Devi Bolakhe v Nepal,* Views (19 July 2018) Comm No 2658/2015, UN Doc CCPR/ C/123/D/2658/2015; *Fulmati Nyaya v Nepal,* Views (18 March 2019) Comm No 2556/2015, UN Doc CCPR/C/125/D/2556/2015; *Puniram Tharu and Nira Kumari Tharuni v Nepal,* Views (14 March 2022) Comm No 3199/2018, UN Doc CCPR/C/134/D/3199/2018; *RR, KR and SR v Nepal,* Views (14 March 2022) Comm No 2906/2016, UN Doc CCPR/C/134/D/2906/2016 . For details of further cases, see the OHCHR Database.

५९ HRW and Advocacy Forum-Nepal, 'Breaking Barriers to Justice', p40.

६० थप हेर्नुहोस्, Giri v Nepal, §6 . 3; Chaulagain v Nepal, §6 . 3, and RR, KR and SR v Nepal, §6 . 4 .

६१ थप हेर्नुहोस्, *inter alia, Purna v Nepal,* §11 . 4; *Nyaya v Nepal,* §6 . 5; *Chhedulal Tharu v Nepal,* §9 . 3, and *Puniram Tharu and Nira Kumari Tharuni v Nepal,* §6. 4.

६२ HRW and Advocacy Forum-Nepal, 'Breaking Barriers to Justice', p40 .

६३ थप हेर्नुहोस्, UN Press Release, 'Nepal: UN experts express concerns for independence and integrity of the NHRC' (27 April 2021).

६४ NHRC, 'Annual Report 2020' (February 2021), p26; 'Annual Report (Summary) (FY 2021-2022)' (December 2022), p67; 'Annual Report (Synopsis) Fiscal Year 2017/2080' (February 2024), p54.

६१. आयोगले गरेका सिफारिसहरूको कार्यान्वयनको दर निकै कम रहेको छ। २०७९ मंसिरमा आयोगले २० वर्षको तथ्यांक प्रकाशित गरेको थियो। राज्यलाई अनुसन्धान र अभियोजनका लागि आवश्यक प्रमाण उपलब्ध गराउँदै मानवअधिकार उल्लंघनमा संलग्न रहेका राज्यका अधिकारीहरू समेत गरी २८६ व्यक्तिहरूको सूची आयोगले जारी गरेको थियो।[६५] द्वन्द्वकालका घटनामा कानूनी कारवाही गर्नेबारे आयोगका सिफारिसहरूलाई अझसम्म लागू गरिएको छैन।[६६] प्रतिनिधिमण्डलले बुझेअनुसार, पुस २०८० मा सर्वोच्च अदालतले सरकारलाई सो सूचीलाई अभियोजनको लागि महान्यायाधिवक्ता समक्ष प्रस्तुत गर्न, आयोगका सिफारिसहरूको कार्यान्वयन राज्यका लागि बाध्यात्मक बनाउने उद्देश्यले कानूनलाई संशोधन गर्न र आयोगमा दर्ता भएका उजुरीहरूलाई बेपत्ता व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन संशोधनपश्चात् ती आयोगहरूमा पठाउने आदेश दिएको थियो।[६७]

६२. **निश्कर्ष: राष्ट्रिय मानव अधिकार आयोगका सिफारिसहरू कार्यान्वयन भएका छैनन्।**

६३. **सुझाव: राष्ट्रिय मानव अधिकार आयोगले, विशेषगरी राज्यबाट भएका ज्यादतीहरूको अनुसन्धान र अभियोजन गर्ने विषयमा, गरेका सिफारिसहरू कार्यान्वयन गर्ने र मानवअधिकार उल्लंघनका जिम्मेवारहरूलाई कानूनको दायरामा ल्याउने।**

## ११. राज्यबाट हाल भइरहेका ज्यादतीहरू

६४. प्रतिनिधिमण्डलले पीडितहरू र नागरिक समाजका सदस्यहरूबाट जानकारी पाएअनुसार, द्वन्द्वकालका ज्यादतीहरूको छानबिन गर्न संक्रमणकालीन न्यायको कार्यान्वयनमा देखिएको ढिलासुस्तीले नेपाली राज्यबाट हाल भइरहेका ज्यादतीमा दण्डहीनताको प्रोत्साहन भएको छ। विशेषगरी द्वन्द्वपछि पनि प्रहरीबाट यातना र गैरन्यायिक हत्याका घटनाहरू भइरहेका छन्। यातनालाई २०७४ सालमा मात्र दण्डनीय अपराध मानिएको हो।

६५. जनकपुर र नेपालगञ्जमा प्रहरीहरूसँग भएको साक्षात्कारका क्रममा राज्यबाट ज्यादती र गैरन्यायिक हत्याहरू नभएको प्रहरीको भनाइबाट प्रतिनिधिमण्डललाई असहज अनुभव भएको थियो किनकि त्यस प्रकृतिका घटनाहरू राष्ट्रिय[६८] तथा अन्तर्राष्ट्रिय स्तरमा[६९] दर्ता भएका छन्। प्रहरीको भनाइविपरीत पीडितहरू र एडभोकेसी फोरम नेपालले प्रतिनिधिमण्डललाई बताएअनुसार, प्रहरीले पीडितहरूलाई धाकधम्की दिने गरेको छ र कतिपय मुद्दामा जाहेरी दर्ता गर्न मानेको छैन। त्यसलाई ती निकायहरूले आफूमाथि लाग्ने 'यातनाको आरोपबाट जोगाउने' प्रयासका रूपमा पीडितहरूले बुझेका छन्।[७०]

६६. २०७६ सालमा तराई क्षेत्रमा सुरक्षा निकायहरूबाट भएका गैरन्यायिक हत्याहरूको अनुसन्धानको मागसहित दायर गरिएको रिटमा सर्वोच्च अदालतले सरकारलाई सुरक्षाकर्मी विरुद्धका गम्भीर प्रकृतिका आरोपहरूमाथि अनुसन्धान गर्न र स्वतन्त्र, निष्पक्ष एवं प्रभावकारी अनुसन्धानमा सहजीकरण गर्नका लागि कानूनी र संस्थागत संरचना तयार गर्न तालिमप्राप्त विशेषज्ञहरू सहितको स्वतन्त्र निकाय गठन गर्न आदेश दिएको थियो। प्रहरीले आफूविरुद्ध लागेका आरोपहरूमा आफैं अनुसन्धान गर्न नमिल्ने ठहर गर्दै सर्वोच्च अदालतले स्वतन्त्र संयन्त्रमार्फत गहिरोअनुसन्धान हुनुपर्ने ठहर गऱ्यो।[७१] राज्यबाट भएका ज्यादतीहरूमा छानबिन गर्न एक स्वतन्त्र अनुसन्धानकारी निकाय अत्यावश्यक छ।

६७. **निश्कर्षहरू: संक्रमणकालीन न्यायको कार्यान्वयन नहुँदा र द्वन्द्वकालका ज्यादतीको सम्बोधन नहुँदा राज्यबाट हाल भइरहेको ज्यादतीमा दण्डहीनताको संस्कृतिलाई निरन्तरता दिन्छ र यसले वर्तमान समयमा भइरहेका मानवअधिकार हननका घटनालाई मलजल गर्दछ।**

६८. **सुझाव: द्वन्द्वकालयता सुरक्षाकर्मीहरूबाट भएका यातना, गैरन्यायिक हत्या, यौनजन्य हिंसा, जबर्जस्ती बेपत्ता र अन्य ज्यादतीहरूलाई सम्बोधन गर्ने। ती ज्यादतीहरूमा अनुसन्धानका लागि एक स्वतन्त्र विशेषज्ञ सहितको संयन्त्र गठन र प्रहरी एवं अन्य सुरक्षा निकायमा मानवअधिकार सम्बन्धी तालिम, संरचनात्मक सुधार र विगत नदोहोरिने सुनिश्चितता गरिनुपर्ने।**

६५ HRW, 'Nepal: carry out rights panel's recommendations' (3 November 2020) .

६६ NHRC, 'Annual Report (Synopsis) Fiscal Year 2017/2080', p54 .

६७ अधिवक्ता वीरेंद्र प्रसाद थपलिया विरुद्ध राष्ट्रिय मानव अधिकार आयोग (NHRC) समेत, रिट नं. 072-WO-0450; थप हेर्नुहोस्, The Kathmandu Post, 'Supreme Court intervenes to make rights commission's role more effective' (29 January 2024).

६८ हेर्नुहोस्, e.g. NHRC, 'A Precise Report on the Recommendations and Sate of Implementation in the 20 Years of NHRCN (May 2000-June 2020)' (June 2020); Advocacy Forum-Nepal, 'Countering Impunity in Torture: Need for Independent Investigative Mechanism in Nepal' (June 2021); 'Torture in Nepal in 2019: The Need for New Policies and Legal Reform' (June 2020), 'Rise of Torture in 2018: Challenges Old & New Facing Nepal' (June 2019), 'Torture of Juveniles in Nepal: A Continuing Challenge' (June 2018). Advocacy Forum-Nepal's several reports on torture in Nepal, dating back to 2006, can be found on its webpage.

६९ हेर्नुहोस्, e.g. *Bholi Pharaka v Nepal*, Views (15 July 2019) Comm No 2773/2016, UN Doc CCPR/C/126/D/2773/2016; HRW, 'No Law, No Justice, No State for Victims: The Culture of Impunity in Post-Conflict Nepal' (November 2020); International Commission of Jurists, 'Human rights and the Rule of Law in a Federal Nepal: recommendations from an ICJ High-Level Mission'; US State Department, 'Nepal 2023 Human Rights Report' (April 2024).

७० थप हेर्नुहोस्, Advocacy Forum-Nepal, 'Torture in the context of transitional justice in Nepal' (26 June 2023).

७१ Advocacy Forum-Nepal, 'Countering mpunity in Torture: Need for Independent Investigative Mechanism in Nepal', citing at pp57-58 the judgment of the Supreme Court in Mandamus and Ors (6 January 2020) Writ . No . 067-WO-1043.



विभिन्न गाउँठाउँबाट जनकपुर आई सशस्त्र द्वन्द्व तथा मधेश आन्दोलनका क्रममा भएका ज्यादतीहरूबारे अनुभव सुनाउनुहुने द्वन्द्व पीडितहरूप्रति प्रतिनिधिमण्डल हार्दिक कृतज्ञता ज्ञापन गर्दछ।

## १२. बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन संशोधन

६९. बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन पारित भएको दश वर्ष बितिसक्दा भर्खरै त्यससम्बन्धी संशोधन विधेयक २०८१ साउनमा पारित भएको छ । एक दशकमा विधेयकको मस्यौदा संशोधनमा धेरै त्रुटिहरू हुनुका साथै राजनीतिक इच्छाशक्ति र समर्थनको पनि कमी रह्यो ।

७०. ७०. पीडितहरू र तिनका परिवारका मागबारे वकालत गर्ने मानवअधिकार रक्षकहरूमा सरकारप्रति अविश्वासको स्थिति छ। यसमा पीडित, जवाफदेहिता र गुनासो सम्बोधनलाई केन्द्रमा राख्ने संक्रमणकालीन न्याय प्रक्रिया कार्यान्वयनमा राजनीतिक इच्छाशक्तिको कमी रहेको आम धारणा समेत रहेको छ। पीडित समूहहरू र मानवअधिकारवादी संस्थाहरूले विधेयकको मस्यौदाका विभिन्न पक्षमा खुला, पारदर्शी र सहभागितामूलक छलफल प्रक्रियाको माग गरिरहेका छन्। सरकारका प्रयासहरू संक्रमणकालीन न्याय प्रक्रियाको कार्यान्वयन भन्दा पनि अहिले विभिन्न शक्तिशाली पदमा रहेका सुरक्षाकर्मी र पूर्व माओवादी लडाकूहरूलाई उन्मुक्ति दिनेतर्फ केन्द्रित रहेको भन्दै चौतर्फी आलोचना भइरहेको छ।

७१. प्रतिनिधिमण्डलले जानकारी पाएअनुसार, अभियोजनविरुद्ध क्षमादान नभई नेपालका जनआन्दोलनहरूको मर्मअनुरूप संक्रमणकालीन न्याय प्रक्रियाले जवाफदेही रूपमा सत्य अन्वेषण गर्ने क्षमता, मृतक र बेपत्ताको सत्य पत्ता लगाउने कार्य, परिपूरण प्राप्ति, नेपालमा विधिको शासनको रूपान्तरण, राज्यका निकायहरूप्रति जनविश्वासमा वृद्धि र विगत नदोहोरिने सुनिश्चितता आफूहरूको माग रहेको पीडित समूहहरूले बताए ।

७२. यसका साथै निर्वाचित जनप्रतिनिधिहरू र राज्यका अधिकारीहरूसँगको भेटघाटको क्रममा प्रतिनिधिमण्डलले उनीहरू संक्रमणकालीन न्याय प्रक्रिया अन्तर्राष्ट्रिय मापदण्ड र सर्वोच्च अदालतका आदेशहरू अनुरूप कार्यान्वयन गर्ने विषयमा प्रतिबद्ध र उनीहरूले संक्रमणकालीन न्याय प्रक्रिया अगाडि बढाउन दिएका सुझाव नेपाली समाज र पीडितहरूको भावना अनुरूप रहेको पाए ।

७३. कोलम्बिया लगायतका अन्य देशका नागरिक सम्मिलित प्रतिनिधिमण्डलले सरकारी तथा राज्यका अधिकारीहरूले कोलम्बियाको संक्रमणकालीन न्याय प्रक्रिया नेपालका लागि नमूना बन्न सक्ने सम्भावनाबारे राखेको जिज्ञासाप्रति खुशी व्यक्त गरे। प्रतिनिधिमण्डलले कोलम्बियाबाट सिकिएका पाठहरू नेपालका लागि सान्दर्भिक हुन सक्ने तर नेपालले आफ्नो विशेष सन्दर्भलाई मध्यनजर गर्नुपर्ने र एउटै नमूना सबैका लागि उपयुक्त नहुन सक्ने दृष्टिकोण राख्यो। यसो भन्दै गर्दा संक्रमणकालीन न्याय प्रक्रिया अन्तर्राष्ट्रिय मापदण्ड अनुसार हुनु अनिवार्य छ।

७४. **निश्कर्षः पीडितहरूको राज्यप्रतिको विश्वास गुमेको अवस्थामा संक्रमणकालीन न्याय सम्पादनतर्फ ठोस कदमहरू चाल्न सकिने सम्भावना अझै रहेको प्रतिनिधिमण्डलले आशा गर्दछ।**

७५. **सुझावः दण्डहीनता अन्त्य गर्ने र विधिको शासन सबलीकरण गर्ने बृहत् प्रतिबद्धता अनुरूप संक्रमणकालीन न्याय प्रक्रिया कार्यान्वयन गरिनुपर्ने।**

## १३. अन्तर्राष्ट्रिय समुदायको दृष्टिकोण

७६. बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन नेपालले गरेको अन्तर्राष्ट्रिय कानूनी प्रतिबद्धता अनुरूप नभएकोले संयुक्त राष्ट्रसंघले आयोगहरूलाई सहायता पुऱ्याउन सकेको छैन ।[७२]

७७. संयुक्त राष्ट्रसंघको मानवअधिकार परिषद्मा पेश भएको सन् २०२३ को विश्वव्यापी आवधिक समीक्षाको मध्यावधि प्रतिवेदन (यूपीआर)मा उल्लेख गरिएको ४४० नेपाली नागरिक समाज संस्थाहरूको सञ्जाल (नेशनल कोलिशन फर यूपीआर नेपाल) अनुसार, विभिन्न राष्ट्रहरूले यूपीआर तेस्रो चक्र २०२१ मा नेपाललाई संक्रमणकालीन न्याय सम्बन्धी दिएका १२ सुझावहरूमा नेपालले समेत प्रतिबद्धता जनाएतापनि तीमध्ये कुनै पनि कार्यान्वयन भएको छैन ।[७३]

७८. २०८० कार्तिकमा नेपालको भ्रमणका क्रममा संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरसले भन्नुभयो :

*“संक्रमणकालीन न्यायमार्फत नेपाल शान्ति प्रक्रियाको अन्तिम चरणमा प्रवेश गर्दै गर्दा... अबका केही वर्षहरू निर्णायक हुनेछन् । संक्रमणकालीन न्यायले पीडित परिवारहरू र समुदायमा शान्ति ल्याउन सघाउनुपर्छ । अन्तर्राष्ट्रिय मापदण्ड, सर्वोच्च अदालतका आदेशहरू तथा पीडितहरूका आवश्यकता अनुकूल हुने प्रक्रिया विकसित गरी अवलम्बन गर्नका लागि सहयोग गर्न संयुक्त राष्ट्रसंघ तयार छ ।”* [७४]

७९. प्रतिनिधिमण्डलले नेपालस्थित विभिन्न कूटनीतिक निकायका अधिकारीसँगको भेटमा उनीहरू नेपालको शान्तिप्रतिको प्रतिबद्धता, न्यायपालिकाको स्वतन्त्र र अग्रगामी कार्यपद्धति, प्रभावकारी संक्रमणकालीन न्याय प्रक्रिया अवलम्बन गर्ने कार्यपालिकाको प्रतिबद्धतालाई महत्वका साथ हेरिरहेको पाए । उनीहरूले पीडितकेन्द्रित पद्धतिको महत्वमा जोड दिँदै संक्रमणकालीन न्याय सम्पादनमा थप ढिलासुस्ती हुननहुने धारणा व्यक्त गरे । अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको प्रक्रियालाई रचनात्मक रूपमा सघाउने प्रतिबद्धता समेत उनीहरूले व्यक्त गरे ।


महिला मानव अधिकार रक्षकहरुले नेपालमा न्यायमा पहुँचका निम्ति गरिएका प्रयासहरु बारे अनुभव सुनाए ।

७२ OHCHR, ‘Nepal: Position on UN support to the Commission on Investigation of Disappeared Persons and the Truth and Reconciliation Commission’ (16 February 2016).

७३ National Coalition for UPR-Nepal, ‘Nepal Civil Society UPR Mid-Term Review’ (July 2023).

७४ UN Secretary-General, ‘Secretary-General’s joint press encounter with the Prime Minister of Nepal, Mr. Pushpa Kamal Dahal ‘Prachanda’’ (29 October 2023).

८०. **निश्कर्ष: अन्तर्राष्ट्रिय समुदायले नेपाल सरकारलाई अन्तर्राष्ट्रिय कानून अनुसार संक्रमणकालीन न्याय प्रक्रिया विकास गर्नमा प्रोत्साहन र साथ दिनु अपरिहार्य छ । दिगो शान्ति कायम र पीडितहरूको मर्यादाको सम्मान र आवश्यक जवाफदेहिता सुनिश्चित गर्न अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्ड प्रतिकूल भएका कदमहरू रोक्न अन्तर्राष्ट्रिय समुदायहरूको विशेष भूमिका रहन्छ ।**

८१. **सुझाव: अन्तर्राष्ट्रिय कानूनअनुरूप नेपालको संक्रमणकालीन न्याय प्रक्रिया विकासमा अन्तर्राष्ट्रिय समुदायले एकढिक्का भई प्रोत्साहन र सहायता दिनुपर्छ । अन्तर्राष्ट्रिय मापदण्डको पालना गर्नुपर्ने शर्तसहित तिनीहरूले नेपालको संक्रमणकालीन न्याय प्रक्रियामा रचनात्मक साथ दिनुपर्छ ।**

## १४. सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक

८२. २०७९ फागुन २५ मा चलनचल्तीमा 'संक्रमणकालीन न्याय विधेयक' भनिने बेपत्ता व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन २०७२ सम्बन्धी संशोधन विधेयक सदनमा पेश भयो । प्रतिनिधिसभाको कानून, न्याय र मानवअधिकार समितिमा विधेयकमाथि छलफल भयो ।

८३. उक्त संसदीय समितिले विधेयकका प्रावधानहरूमा विभिन्न सरोकारवालाहरूबीच सहमति जुटाउनका लागि एक उपसमिति गठन गर्‍यो । त्यसलगत्तै सांसदहरू, पीडित समूहहरू, नागरिक समाज संस्थाहरू र अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाहरूसँग परामर्शहरू भए । उपसमितिले समितिलाई प्रतिवेदन बुझाउँदै राजनीतिक दलहरूले छिनोफानो गर्नुपर्ने विषयहरूलाई औंल्याए । २०८१ असारमा पहिचान गरिएका ती विषयहरूमा सहमति जुटाउन प्रमुख तीन राजनीतिक दल नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, र नेकपा एकीकृत मार्क्सवादी लेनिनवादीका नेताहरू सम्मिलित एक कार्यदल गठन भयो । २०८१ साउन २४ मा उक्त कार्यदलका सिफारिसहरू उपसमितिले स्वीकृत गर्दै विधेयकलाई प्रतिनिधि सभामा पेश गर्ने तयारी गर्‍यो । पीडितहरू, मानव अधिकार आयोग र अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाहरूले विधेयकका कथिपय प्रावधानहरूमा संशोधनको माग गरेको भए पनि साउन ३० मा प्रतिनिधिसभाले र भदौ ६ मा राष्ट्रिय सभाले सर्वसम्मतिका साथ विना कुनै संशोधन विधेयक पारित गर्‍यो । भदौ १३ मा यस विधेयकलाई राष्ट्रपतिले प्रमाणीकरण गरे । अहिलेयो ऐन लागू भइसकेको छ ।

८४. विगतमा विमति रहेका विषयहरूमा राजनीतिक दलहरूबीच सहमति हुनु र पीडित तथा नागरिक समाज समूहहरूले उठाएका सरोकारका विषयहरूलाई सम्बोधन गर्नु सकारात्मक कदम हो । प्रतिनिधिमण्डललाई सरोकारवालाहरूले ऐनका केही पक्षहरू महत्वपूर्ण र स्वागतयोग्य भएको बताए, जस्तै: प्रारम्भिक अनुसन्धान[७५] पश्चात् विगतका कार्यक्रमहरूमा छुटेका पीडितहरू (बलात्कार, यौनजन्य हिंसा र यातनाका पीडितहरू)[७६] लाई प्राथमिकता दिँदै सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता व्यक्तिको छानबिन आयोगले अन्तरिम राहत, मनोसामाजिक परामर्श, परिपूरण, र अन्य सुविधाहरू प्रदान गर्ने प्रावधान रहेको छ । सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले मृतक र वा तिनका परिवार, द्वन्द्वकालमा घाइते वा अपाङ्ग भएका लगायत बहिर्गमित लडाकूहरू[७७] (जसमा बाल सैनिकहरू पनि पर्छन्), सुरक्षा निकायका पदाधिकारीहरू[७८] र विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर हुनुपूर्व र पछि जमिनमुनि बिछ्याइएको बारुद विस्फोटमा[७९] घाइते लगायतका पीडितहरूलाई राहत र सहायता प्रदान गर्न सरकारलाई नीतिगत सुझाव दिन आवश्यक छ । यसले आयोगहरूका प्रदेश र जिल्ला कार्यालयहरू स्थापना गर्ने बाटो खोल्छ ।[८०] साथै, संक्रमणकालीन न्याय कोष र त्यसको उपयोग सम्बन्धी सुझाव दिने समिति सम्बन्धी प्रावधान समेत रहेको छ ।[८१] विधेयक अनुसार सत्य निरूपण तथा मेलमिलाप आयोगलाई द्वन्द्वका मूल कारणहरू र प्रभावहरूबारे अध्ययन गरी संस्थागत सुधारका सुझावहरू दिने दायित्व पनि रहेको छ ।[८२] यसले परिपूरणको अधिकार पनि सुनिश्चित गरेको छ ।[८३] यसले विशेष अदालतका फैसलाहरहरू विरुद्ध सर्वोच्च अदालतमा पुनरावेदन दिने व्यवस्था पनि गरेको छ ।[८४] प्रतिनिधिमण्डल यी प्रयत्नरूको सराहना गर्दछ ।

८५. यद्यपि कैयौं त्रुटिहरू यथावत छन् । पीडितका समूह र तिनका कानूनी प्रतिनिधिहरू लगायतका सरोकारवालाले उक्त विधेयक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून प्रतिकूल रहेको र त्यसले दण्डहीनतालाई बढावा दिने चासो र चिन्ता व्यक्त गरे । लामो समयदेखि थाती रहेको संक्रमणकालीन न्याय प्रक्रिया केही अघि बढेकोमा सामान्य राहत पाइएको भएतापनि कतिपय प्रस्तावित प्रावधानहरू यस प्रतिनिधिमण्डलले कुराकानी गरेका पीडितहरूका लागि अमान्य छन् । पीडितहरूमा विगत दोहोरिन सक्ने त्रास छ । प्रतिनिधिमण्डलसँग जनकपुरमा कुराकानी गर्दै पीडितहरूले भने :

*'दुवै आयोगहरू (सत्य निरूपण तथा बेपत्ता पारिएको व्यक्तिको छानबिन) गठनको कानूनी प्रावधान र विना कुनै परामर्श आयुक्तहरूको राजनीतिक नियुक्ति र काम गर्ने तरिका सन्तोषजनक थिएन । यी निकायहरूमा राजनीतिक कब्जा भएको छ । यसअघि*

७५ विधेयक, दफा २३(१) ।
७६ विधेयक, दफा २३(१ख) ।
७७ विधेयक, दफा २५क(१)(ख) ।
७८ विधेयक, दफा २५क(१)(क) ।
७९ विधेयक, दफा २५क(१)(ग) ।
८० विधेयक, दफा १३(७ग) ।
८१ विधेयक, दफा २३क ।
८२ विधेयक, दफा १३(१)(क३) ।
८३ विधेयक, दफा २२क ।
८४ विधेयक, दफा २९ङ ।

*जिल्ला स्तरीय स्थानीय शान्ति समितिहरूले यसबारेमा तथ्यांक संकलन गरेका थिए जसको जिम्मेवारी आयोगहरूलाई हस्तान्तरण गरिएको थियो । यो खराबबाट झन् खराब स्थितितर्फ बढेको जस्तै हो । हामीलाई यी आयोगहरूप्रति विश्वास छैन ।'*

*'बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐनको संशोधनपछिको नयाँ विकासक्रमबाट केही नतिजा आउनेबारे पनि मलाई खासै अपेक्षा छैन ।'*

८६. **निश्कर्ष: ऐनको संशोधन गर्नेतर्फ राज्यको प्रयत्नप्रति प्रतिनिधिमण्डल लगभग आशावादी भएतापनि पारित विधेयकबारे सरोकारवालाहरू र प्रतिनिधिमण्डलका साझा चासो र चिन्ताका विषयहरू छन् । यसका कारणहरू तल उल्लेख गरिएका छन् ।**


प्रतिनिधिमण्डलका कानून व्यवसायीहरू प्रारम्भिक निश्कर्षहरु तयार पार्दै ।

घ.

# संक्रमणकालीन न्याय सम्बन्धी विधेयकका कानूनी पाटाहरू

८७. विधेयक दर्ता भएसँगै राष्ट्रिय मानव अधिकार आयोग[८५], संयुक्त राष्ट्रसंघका विशेष प्रतिवेदक र स्वतन्त्र विशेषज्ञहरू,[८६] नेपाली नागरिक समाज संस्थाहरू,[८७] इन्टरनेशनल कमिशन अफ जुरिस्ट्स, एमनेस्टी इन्टरनेशनल, ह्युमन राइट्स वाच,[८८] नागरिक समाजका सदस्यहरू लगायत विभिन्न सरोकारवालाहरूले यसबारे प्रतिक्रिया र सुझावहरू दिँदै आएका छन् । ती सुझावहरू नेपालले अन्तर्राष्ट्रिय सन्धिहरूको पक्षराष्ट्रका रूपमा जनाएका अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुकूल छन् । उक्त मापदण्डहरूमा रही संक्रमणकालीन न्याय प्रक्रिया सुनिश्चित गर्नु नेपालको कानूनी दायित्व हो ।

८८. यस प्रतिनिधिमण्डलले पीडितहरू, नागरिक समाजका सदस्यहरू लगायतका सरोकारवालाहरूसँग उक्त विधेयकले विभिन्न अन्तर्राष्ट्रिय कानून अनुकूल भए नभएको बारे जानकारी लियो । प्रतिनिधिमण्डलले स्वतन्त्र विश्लेषण गर्नेक्रममा सरोकारवालाहरूबाट अन्तर्राष्ट्रिय मानवअधिकार कानून, अन्तर्राष्ट्रिय अपराध कानून र अन्तर्राष्ट्रिय मानवीय कानून लगायतका नेपालका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू विधेयकमा चित्रित भए नभएको बारे धारणा सुन्यो ।

८९. यी अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूले संक्रमणकालीन न्याय प्रक्रियासँग प्रत्यक्ष सरोकार राख्दछन् । नेपालको सन्धि ऐन २०४८ को दफा ९(१) अनुसार नेपाल सरकार पक्ष भएको कुनै सन्धिको प्रावधान प्रचलित कानूनसँग बाझिएमा सो सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म प्रचलित कानून अमान्य हुने र तत्सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानून सरह लागू हुने उल्लेख छ । संविधानको धारा ५१ (ख)(३)ले नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको कार्यान्वयन गर्नु राज्यको नीतिहरूमध्ये एक रहेको उल्लेख गरेको छ ।

९०. यसै आधारमा तलका अंशमा संक्रमणकालीन न्याय प्रक्रियाका सारभूत तत्वहरू तय गर्दा अपनाउनुपर्ने अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप अन्तिम विधेयक रहे नरहेको बारे प्रतिनिधिमण्डलको स्वतन्त्र विश्लेषण, प्रतिक्रिया र चासोका विषयहरू प्रस्तुत गरिएका छन् ।

## १. विधेयकका परिभाषागत विषयहरू

९१. विधेयकमा प्रस्तुत गरिएका सङ्क्रमणकालीन न्याय प्रक्रियाकामा छानबिन गर्न सकिने निश्चित कार्यहरू, ज्यादतीहरू र कसूरहरू बारे प्रतिनिधिमण्डलका माझ विशेष चासो व्यक्त गरिएको थियो ।

८५ NHRC, 'Transitional Justice and NHRC Nepal' (8 July 2024) (in Nepali); The Kathmandu Post, 'NHRC wants war crimes and crimes against humanity to be non-amnestiable' (8 July 2024).

८६ Mandates of the Special Rapporteur on the promotion of truth, justice, reparation and guarantees of non-recurrence; the Working Group on Enforced or Involuntary Disappearances; the Special Rapporteur on extrajudicial, summary or arbitrary executions and the Special Rapporteur on violence against women and girls, its causes and consequences (9 July 2023) Communication Ref . AL NPL 1/2023 ("UN Special Procedures, Comm Ref . AL NPL 1/2023, 9 June 2023").

८७ See, for example, the Submission of 29 Nepali civil society organisations to the Special Rapporteur on the promotion of truth, justice, reparation and guarantees of non-recurrence; the Working Group on Enforced or Involuntary Disappearances; the Special Rapporteur on extrajudicial, summary or arbitrary executions; the Special Rapporteur on torture and other cruel, inhuman or degrading treatment or punishment; and the Special Rapporteur on violence against women, its causes and consequences (10 April 2023).

८८ Joint Statement of the International Commission of Jurists, Amnesty International and HRW, 'Nepal: new transitional justice law a flawed step forward – address serious shortcomings; robust implementation is key' (20 August 2024); HRW, 'Breaking Barriers to Justice; Nepal's Long Struggle for Accountability, Truth and Reparations'; HRW, 'Nepal: Seize Chance to Ensure Justice for Conflict Atrocities' (5 March 2024); HRW, 'Nepal: More Progress Needed on Transitional Justice Law' (11 January 2024); Joint Statement of the International Commission of Jurists, Amnesty International and HRW, 'Nepal: Transitional Justice Bill Needs to Protect Victims, not Abusers' (23 March 2023).

९२ विधेयकमा मानवअधिकार उल्लंघनहरूलाई दुई वर्गमा विभाजित गरिएको छ - १. मानवअधिकारको उल्लंघन, र २. मानवअधिकारको गम्भीर उल्लंघन । यी दुई वर्गलाई निम्न रूपमा परिभाषित गरिएको छ :

क. "मानवअधिकारको उल्लंघन" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा नि:शस्त्र व्यक्ति वा जनसमुदाय विरुद्ध लक्षित गरी वा योजनाबद्ध रूपमा सशस्त्र द्वन्द्वका पक्षबाट मानवअधिकारको गम्भीर उल्लंघन बाहेकका प्रचलित नेपाल कानून अन्तर्राष्ट्रिय मानवअधिकार वा मानवीय कानून विपरीत गरिएको अन्य जुनसुकै कार्य सम्झनुपर्छ ।"[८९]

ख. "मानवअधिकारको गम्भीर उल्लंघन" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा द्वन्द्वरत पक्षले गरेको देहायको कार्य सम्झनुपर्छ:[९०]

१. जबर्जस्ती करणी वा गम्भीर यौनजन्य हिंसा ।[९१]

२. नि:शस्त्र व्यक्ति वा जनसमुदाय विरुद्ध लक्षित गरी वा योजनाबद्ध रूपमा सशस्त्र द्वन्द्वका पक्षबाट गरेको देहायका कार्य:[९२]

क. नियतपूर्वक वा स्वेच्छाचारी रूपमा गरिएको हत्या;[९३]

ख. व्यक्ति बेपत्ता पार्ने कार्य भन्नाले सशस्त्र द्वन्द्वको क्रममा सशस्त्र द्वन्द्वका पक्षबाट बेपत्ता पारी फेला नपरेको व्यक्ति;[९४]

ग. अमानवीय वा क्रूर यातना ।[९५]

९३. विधेयकले क्षमादानसम्बन्धी व्यवस्था र/वा मेलमिलाप गर्न सकिने उल्लंघनहरूका बारेमा सुझाव दिन मिल्ने प्रावधानहरू पनि उल्लेख गरेको छ ।[९६] मानवअधिकार उल्लंघनका दुई वर्गहरूका आधारमा उक्त विधेयकमा सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले क्षमादान[९७] र पीडित एवं पीडकबीच मेलमिलापका[९८] लागि सिफारिस गर्न सक्ने प्रावधान छन् जुन "मानवअधिकारको उल्लंघन" को परिभाषाभित्र पर्ने कार्यहरूमा लागू हुन्छ भने "गम्भीर मानवअधिकारको उल्लंघन" को हकमा लागू हुँदैन ।

९४. पीडितले भोगेको क्षतिका साथसाथै पीडकले क्षमादानका लागि दिएको निवेदनमा प्रकट गरेका प्रतिबद्धता (मानवअधिकारको गम्भीर उल्लंघन भएको कुराको स्वीकार, पश्चात्ताप, क्षमायाचना र भविष्यमा त्यस्तो किसिमको कुनै कार्य नगर्ने प्रतिज्ञा) लाई मध्यनजर गरी क्षमादान सिफारिस गर्न सकिन्छ ।[९९] 'मेलमिलाप सम्बन्धमा पनि पश्चात्ताप र पीडितसँग माफी माग्ने, मेलमिलाप समारोह आयोजना, पीडितको स्मरण, लगायतका अन्य कामहरू गर्नु गराउनुपर्ने प्रावधान छ ।[१००] क्षमादान वा मेलमिलापका लागि सिफारिस गर्दा *"पीडितको सहमति अनिवार्य"* लिनुपर्नेछ ।[१०१] मेलमिलाप गराउन वा क्षमादानको लागि सिफारिस गराउने क्रममा आयोगले पीडकद्वारा पीडितलाई हुन गएको क्षतिपूर्ति उपलब्ध गराउन सक्नेछ ।[१०२]

## २. नेपालले अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी गरेका प्रतिबद्धताहरू

९५. विधेयकमा मानवअधिकार उल्लंघनका रूपमा परिभाषित कार्यहरूको परीक्षण गर्न यस प्रतिनिधिमण्डलले नेपालले प्रतिबद्धता जनाएका अन्तर्राष्ट्रिय मानवअधिकारका दस्तावेजहरूको पुनरवलोकन गरेको छ ।

९६. नेपाल सरकार विभिन्न अन्तर्राष्ट्रिय मानवअधिकार सन्धि र संयन्त्रहरूको पक्षराष्ट्र रहेको हुनाले सरकारमा मानवअधिकार रक्षाको दायित्व रहन्छ । उदाहरणका लागि, नरसंहारको अपराध रोकथाम र सजाय सम्बन्धी महासन्धि,[१०३] यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि,[१०४] नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र,[१०५] आर्थिक,

८९ विधेयक, दफा २(ञ) ।
९० विधेयक, दफा २(ञ१) ।
९१ विधेयक, दफा २(ञ१)(१) ।
९२ विधेयक, दफा २(ञ१)(२) ।
९३ विधेयक, दफा २(ञ१)(२)(क) ।
९४ विधेयक, दफा २(ञ१)(२)(ख) ।
९५ विधेयक, दफा २(ञ१)(२)(ग) ।
९६ विधेयक, दफा २५(२) ।
९७ विधेयक, दफा २६ ।
९८ विधेयक, दफा २२ ।
९९ विधेयक, दफा २६(५) र (५क) ।
१०० विधेयक, दफा २२(२) र (४) ।
१०१ विधेयक, दफा २२(१) र २६(५क) ।
१०२ विधेयक, दफा २२(३) र २६(७) देखि (७क) ।
१०३ नरसंहारको अपराध रोकथाम र सजाय सम्बन्धी महासन्धि (नेपालले १७ जनवरी १९६९ मा अनुमोदन गरेको) ।
१०४ यातना तथा अन्य क्रुर,अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि (CAT) (नेपालले १४ मे १९९१ मा अनुमोदन गरेको) ।
१०५ नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR) (नेपालले १४ मे १९९१ मा अनुमोदन गरेको) ।



नेपाली कानून व्यवसायीहरू देशमा न्याय सम्बन्धि अवरोधहरु बारे छलफल गर्दै ।

सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र,[१०६] बाल अधिकार सम्बन्धी महासन्धि,[१०७] बाल अधिकार सम्बन्धी महासन्धि र सशस्त्र द्वन्द्वमा बालबालिकाको संलग्नता विरुद्धको महासन्धिका ऐच्छिक आलेखहरू,[१०८] बाल श्रम निषेध, कारवाही तथा उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि,[१०९] महिलाविरुद्ध सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि,[११०] सबै प्रकारका जातीय भेदभाव उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि,[१११] र अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि ।[११२] यसका अतिरिक्त नेपालले २००५ मंसिर २५ (सन् १९४८ डिसेम्बर १०) मा संयुक्त राष्ट्रसंघको महासभाले अनुमोदन गरेको मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा उल्लेख गरिएका अधिकारहरूको रक्षा र सम्मान गर्ने दायित्व पनि रहेको छ ।[११३]

९७. यी अन्तर्राष्ट्रिय कानूनमा उल्लेख भएका अधिकारहरू, उदाहरणका लागि: यातना, क्रूर, अपमानजनक तथा अमानवीय व्यवहार वा सजायविरुद्धको अधिकार,[११४] स्वनिर्णयको अधिकार,[११५] बाँच्न पाउने अधिकार,[११६] प्रभावकारी न्यायिक उपचारको अधिकार,[११७] स्वेच्छाचारी थुना र हिरासत विरुद्धको अधिकार,[११८] र हिरासतमा हुँदा उचित प्रक्रिया र निष्पक्ष सुनुवाइको अधिकार,[११९] आवतजावत गर्ने अधिकार,[१२०] वाक् स्वतन्त्रता र संगठित हुन पाउने अधिकार,[१२१] समान संरक्षणको अधिकार,[१२२] जुनै वर्ग भएतापनि अधिकारमा समान पहुँच,[१२३] लिङ्गका आधारमा महिलामाथि गरिने विभेद विरुद्धको अधिकार,[१२४] रोजगारको उचित वातावरण र अवसरको

१०६ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICESR) (नेपालले १४ मे १९९१ मा अनुमोदन गरेको) ।
१०७ बाल अधिकार सम्बन्धी महासन्धि (CRC) (नेपालले २६ जनवरी १९९० मा हस्ताक्षर र १४ सेप्टेम्बर १९९० मा अनुमोदन गरेको) ।
१०८ बाल अधिकार सम्बन्धी महासन्धि र सशस्त्र द्वन्द्वमा बालबालिकाको संलग्नता विरुद्धको महासन्धिका ऐच्छिक आलेखहरू, (नेपालले ८ सेप्टेम्बर २००० मा हस्ताक्षर र ३ जनवरी २००७ मा अनुमोदन गरेको) ।
१०९ बाल श्रम निषेध, कारवाही तथा उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठन को महासन्धि (नेपालले ३ जनवरी २००२ मा हस्ताक्षर र अनुमोदन गरेको) ।
११० महिलाविरुद्ध सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) (नेपालले ५ फेब्रुअरी १९९१ मा हस्ताक्षर र २२ अप्रिल १९९१ मा अनुमोदन गरेको) ।
१११ सबै प्रकारका जातीय भेदभाव उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (CERD) (नेपालले ३० जनवरी १९७१ मा अनुमोदन गरेको) ।
११२ अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि (CRPD) (नेपालले ३ जनवरी २००८ मा हस्ताक्षर र ७ मे २०१० मा अनुमोदन गरेको) ।
११३ मानव अधिकारको विश्वव्यापी घोषणापत्र (UDHR) (१० डिसेम्बर १९४८ मा लागू) UNGA प्रस्तावना २१७ क(III) ।
११४ CAT, धारा १ ; ICCPR, धारा ७; UDHR, धारा ५ ।
११५ ICCPR, धारा १ ; IESCR, धारा १ ।
११६ ICCPR, धारा ६ ; UDHR, धारा १०, ११ ।
११७ UDHR, धारा ८ ।
११८ UDHR, धारा ९; ICCPR, धारा ९ ।
११९ ICCPR, धारा ९- ११, १४, १५ UDHR, धारा १०, ११ ।
१२० ICCPR, धारा १२ ; UDHR, धारा १३ ।
१२१ ICCPR, धारा १८, १९ ; UDHR, धारा १८-२० ।
१२२ UDHR, धारा ७; ICCPR, धारा ३; ICESCR धारा ३ ।
१२३ UDHR, धारा २; ICCPR, धारा २; ICESCR धारा २ ।
१२४ CEDAW, धारा १,२ ।



महिला अधिकारमूखी संस्थाहरुले नेपालको सशस्त्र द्वन्द्वका क्रममा र त्यसयता भएका ज्यादतीहरुका पीडितहरुको सरकारसँग न्यायको माग गर्न विशेष भूमिका खेलेका छन् ।

अधिकार,[१२५] सम्पत्तिको स्वामित्व र स्वच्छाचारी रूपमा सम्पत्तिको अधिकारबाट वञ्चित नहुने अधिकार,[१२६] गोपनियता र पारिवारिक जीवनको अधिकार,[१२७] शारीरिक तथा मानसिक स्वास्थ्यको अधिकार,[१२८] शिक्षा सम्बन्धी अधिकार,[१२९] संस्कृतिको अधिकार,[१३०] विभेद विरुद्धको अधिकार,[१३१] अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको रक्षा[१३२] र कानून सम्मुख व्यक्तिका रूपमा पहिचान हुन पाउने अधिकार[१३३] उल्लंघन भएको खण्डमा नेपालमा मानवअधिकार उल्लंघन भएको मानिन्छ ।

**९८.** नेपालले बलपूर्वक बेपत्ता पारिनबाट सबै व्यक्तिको संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिमा हस्ताक्षर नगरे पनि माथि उल्लिखित विभिन्न सन्धिहरूले नेपालका लागि बाध्यकारी हुनेगरी जबर्जस्ती बेपत्ता विरुद्ध संरक्षणको हक सुनिश्चित गरेको छ ।[१३४]

**९९.** मानवअधिकारको विश्वव्यापी घोषणापत्रसँगै संयुक्त राष्ट्रसंघको महासभाले विभिन्न दस्तावेजहरूमा दिएका निर्देशनहरू पालना गर्नु नेपालको दायित्व हो । उदाहरणका लागि, २०३२ मंसिर २३ (सन् १९७५ डिसेम्बर ९) मा महासभाद्वारा अनुमोदन गरिएको सबै प्रकारका यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्ध सबै व्यक्तिले संरक्षण पाउने बारे घोषणापत्र[१३५] र २०४९ पुस ३ (सन् १९९२ डिसेम्बर १८) मा महासभाद्वारा अनुमोदन गरिएको बलपूर्वक बेपत्ता पारिनबाट सबै व्यक्तिलाई संरक्षण सम्बन्धी घोषणापत्र ।[१३६] । हिरासतका मापदण्डहरूको सम्बन्धमा नेपालले कैदीबन्दीसँग गर्नुपर्ने व्यवहार सम्बन्धी संयुक्त राष्ट्रसंघले बनाएको न्यूनतम मापदण्डहरू, जसलाई नेल्सन मण्डेला नियमहरू पनि पालना गर्नुपर्छ ।[१३७]

१२५ ICESCR धारा ६,७; UDHR, धारा २३; CEDAW, धारा ११ ।
१२६ UDHR, धारा १७ ।
१२७ ICESCR धारा १०; ICCPR, धारा १७; UDHR, धारा १२ ।
१२८ ICESCR धारा १२; UDHR, धारा २५; CRC धारा १९ ।
१२९ ICESCR धारा १३; CRC धारा २८; UDHR, धारा २६ ।
१३० ICESCR धारा १५; UDHR, धारा २७ ।
१३१ CERD धारा १,२; CRC धारा २ ।
१३२ CRPD धारा १; CRC धारा २३ ।
१३३ ICCPR धारा १६; UDHR  धारा ६ ।
१३४ थप हेर्नुहोस्, 'International standards on enforced or involuntary disappearances'.
१३५ सबै प्रकारका यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्ध सबै व्यक्तिले संरक्षण पाउने बारे घोषणापत्र (९ डिसेम्बर १९९२ मा अनुमोदीत, महासभा प्रस्तावना नं ३४५२ ) ।
१३६ 'बेपत्ता पारिएका व्यक्तिहरुको खोजीका निम्ती निर्देशक सिद्धान्तहरू' (१८ डिसेम्बर १९९२ मा अनुमोदीत, महासभा प्रस्तावना नं ४७/१३३) ।
१३७ संयुक्त राष्ट्रसंघको हिरासतका कैदीबन्दीसँग गर्नुपर्ने व्यवहार सम्बन्धी बनाएको न्यूनतम मापदण्डहरू (नेल्सन मण्डेला नियमहरू) (१७ डिसेम्बर २०१५ मा अनुमोदीत, महासभा प्रस्तावना नं ७०/१७५ संयुक्त राष्ट्रसंघ दस्तावेज नं A/RES/70/175 ।

१००. यसैगरी महासभाले २०६२ मंसिर १६ (सन् २००५ डिसेम्बर १) मा अनुमोदन गरेको 'गम्भीर अन्तर्राष्ट्रिय मानवअधिकार कानूनको घोर उल्लंघन र गम्भीर अन्तर्राष्ट्रिय मानवीय कानूनको उल्लंघनबाट पीडितहरूका लागि न्यायिक उपचार तथा परिपूरणको अधिकार सम्बन्धी आधारभूत सिद्धान्तहरू' बाट नेपाल निर्देशित हुनुपर्दछ ।[१३८] साथै, दण्डहीनताको अन्त्य गरी मानवअधिकारको रक्षा र प्रवर्धनका लागि तय गरिएका अद्यावधिक सिद्धान्तहरू पनि सान्दर्भिक छन् ।[१३९] दुवै दस्तावेजहरूले मानवअधिकार र मानवीय कानूनको उल्लंघन सन्दर्भमा सत्य थाहा पाउने र न्यायिक उपचारको हकको सम्मान गरिनुपर्ने व्यवस्था गरेको छ । पछिल्लो दस्तावेजले पीडितहरू र नागरिक समाजका विभिन्न क्षेत्रहरूसँग संक्रमणकालीन न्याय प्रक्रियाहरूमा व्यापक सार्वजनिक परामर्शको महत्वलाई जोड दिएको छ ।

## ३. अन्तर्राष्ट्रिय अपराध र मानवीय कानून अन्तर्गत नेपालका दायित्वहरू

१०१. यस प्रतिनिधिमण्डलले अन्तर्राष्ट्रिय अपराध र मानवीय कानून अन्तर्गत नेपालका दायित्वहरूको पुनरवलोकन गरेको छ। सरकारमा दायित्व सृजना हुनेगरी नेपाल विभिन्न अन्तर्राष्ट्रिय मानवअधिकार कानूनहरूको पक्षराष्ट्र भएपनि यसले मुख्य अन्तर्राष्ट्रिय अपराध कानूनहरूमा हस्ताक्षर गरेको छैन ।

१०२. तीमध्ये अन्तर्राष्ट्रिय अपराध अदालतको रोम विधान मुख्य हो। नेपालले संयुक्त राष्ट्रसंघका महासचिवसमक्ष रोम विधानको अनुमोदन गर्न कुनै दस्तावेज बुझाएको छैन । त्यसैले नेपालले रोम विधानमा सूचीकृत अपराधहरूमध्ये गरिएका कार्यहरू, जस्तै युद्ध अपराध, मानवता विरुद्धका अपराधहरू र नरसंहारका लागि अन्तर्राष्ट्रिय फौजदारी अदालतको क्षेत्राधिकारलाई स्वीकार गरेको छैन ।

१०३. यस तथ्यका बावजुद जेनेभा महासन्धि १९४९ को विश्वव्यापकता यहाँ सान्दर्भिक छ। विशेषगरी संक्रमणकालीन न्याय सम्बन्धी विधेयकले अन्तर्राष्ट्रिय मानवीय कानूनको सान्दर्भिकतालाई उल्लेख गरिएको भाषा उपयोग गरेकाले जेनेभा महासन्धि सान्दर्भिक भएको हो ।[१४०] अन्तर्राष्ट्रिय मानवीय कानूनको केन्द्रमा रही २०५६ साल (सन् १९९९) मा जेनेभा महासन्धिलाई नेपाल लगायत १९६ राष्ट्रहरूले अनुमोदन गरेका छन् जसको फलस्वरूप अन्तर्राष्ट्रिय रेडक्रस समितिले अन्तर्राष्ट्रिय मानवीय कानूनको साथै त्यसले 'विश्वव्यापी कानूनको' रूपमा द्वन्द्वरत सबै पक्षमा लागू हुने गरी सिर्जना गर्ने दायित्वहरू र निषेधहरू परिभाषित गरेको छ ।[१४१]

१०४. यद्यपि नेपाल जेनेभा महासन्धिका दुई ऐच्छिक आलेखहरू, १९७७ - अन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्वमा पीडितहरूको संरक्षण सम्बन्धी ऐच्छिक आलेख १ वा अन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्वका पीडितहरूको संरक्षण सम्बन्धी ऐच्छिक आलेख २ मध्ये कुनैको पक्षराष्ट्र होइन ।

१०५. सुझाव: **नेपालले विगत नदोहोरिने सुनिश्चितताका रूपमा रोम विधान, बलपूर्वक बेपत्ता पारिनबाट सबै व्यक्तिलाई गरिनुपर्ने संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र जेनेभा महासन्धिका दुवै ऐच्छिक आलेखहरूको पक्षराष्ट्र बन्नेतर्फ कदम चाल्नुपर्छ ।**

१३८ Basic Principles and Guidelines on the Right to a Remedy and Reparation for Victims of Gross Violations of International Human Rights Law and Serious Violations of International Humanitarian Law (२१ मार्च २००६ मा अनुमोदीत, महासभा प्रस्तावना नं ६०९१७५ संयुक्त राष्ट्रसंघ दस्तावेज नं A/RES/60/147.

१३९ संयुक्त राष्ट्रसंघ मानव अधिकार आयोग, 'Updated Set of principles for the protection and promotion of human rights through action to combat impunity' (८ फेब्रुअरी २००५ मा अनुमोदीत, संयुक्त राष्ट्रसंघ दस्तावेज नं E/CN.4/2005/102/Add.1 ("Updated set of principles").

१४० जेनेभा महासन्धि, १९४९ (नेपालले ७ फेब्रुअरी १९६४ मा अनुमोदन गरेको; ७ अगस्ट १९६४ बाट लागु भएको) ।

१४१ ICRC, 'Frequently asked questions on the rules of war' (20 July 2023).

ङ.

# संक्रमणकालीन न्यायसम्बन्धी विधेयकका बारेमा उठेका चासोहरू

## १. मानवअधिकारका उल्लंघनहरू र अन्तर्राष्ट्रिय अपराधहरूको संगम

१०६. प्रारम्भिक विन्दुका रूपमा प्रतिनिधिमण्डलले विधेयकको भाषा अन्तर्राष्ट्रिय मानवअधिकार कानूनले अवलम्बन गर्ने पीडितको दृष्टिकोणबाट उनीहरूको हनन भएको अधिकारमा केन्द्रित हुने भाषा विपरीत रहेको पाएको छ । विधेयकले प्रयोग गरेको भाषा अनुसार, गम्भीर मानवअधिकारको उल्लंघनहरूको सूचीमा पीडकहरूले गर्न निषेध गरिएका कार्यहरूलाई उल्लेख गरेको छ । यस पद्धतिका बावजुद प्रतिनिधिमण्डलले सूचीकृत 'उल्लंघनहरू' वा कसूरहरू पीडितहरूको मानवअधिकार हननविरुद्ध लागू हुने भन्ने बुझेको छ । उदाहरणका लागि, नियतपूर्वक वा स्वेच्छाचारी हत्या, जबर्जस्ती बेपत्ता र क्रूर वा अमानवीय यातनालाई उल्लंघनको रूपमा सूचीकृत गर्नु प्रतिनिधिमण्डलको बुझाइमा बाँच्न पाउने अधिकार,[१४२] स्वतन्त्रता र सुरक्षाको अधिकार,[१४३] यातना अमानवीय वा अपमानजनक व्यवहार विरुद्धको अधिकारको उल्लंघनसँग सम्बन्धित रहेका छन् ।[१४४]

१०७. यद्यपि कतिपय 'उल्लंघनहरू' अपराध, खासगरी अन्तर्राष्ट्रिय अपराध, सरह छन् । विधेयकले द्वन्द्वकालमा कानून विपरीत गरिएका कार्यहरूलाई 'मानवअधिकार उल्लंघनहरू' र बलात्कार वा गम्भीर यौनजन्य हिंसा, नियतपूर्वक वा स्वेच्छाचारी हत्या, क्रूर वा अमानवीय यातना र जबर्जस्ती बेपत्ता लाई 'गम्भीर उल्लंघनहरू' को रूपमा सूचीकृत गरेको छ । विधेयकमा पीडकहरूले गरेका कार्यको सूची, जुन प्रतिनिधिमण्डलको बुझाइमा द्वन्द्वकालमा भएका थिए, स्पष्ट रूपमा रोम विधानले परिभाषित गरेका युद्ध अपराधहरूसँग धेरै हदसम्म मेल खान्छ, जसमा व्यक्तिको जीवन विरुद्धको हिंसा, विशेषगरी सबै प्रकारका हत्याहरू, अङ्गभङ्ग, क्रूर व्यवहार र यातना;[१४५] व्यक्तिगत गरिमामा आँच पुऱ्याउने व्यवहार,[१४६] बन्धक बनाउने;[१४७] नियमित अदालतको फैसलाअगावै मृत्युदण्ड दिने, सबै अपरिहार्य न्यायको सुनिश्चितता गर्ने,[१४८] बलात्कार, यौन दासत्व, बाध्यात्मक वेश्यावृत्ति, जबर्जस्ती गर्भधारण, र यौन हिंसाको कुनै पनि रूप, जसले जेनेभा महासन्धिका साझा धारा ३ को[१४९] गम्भीर उल्लंघन पनि गर्दछ र बालबालिकालाई सशस्त्र बल वा समूहहरूमा भर्ती गर्ने वा उनीहरूलाई द्वन्द्वमा सक्रिय रूपमा भाग लिनका लागि प्रयोग गर्ने कार्यहरू पनि युद्ध अपराधहरूमा पर्दछन् ।[१५०]

१०८. स्मरणीय छ, बेपत्ता पाएिका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन २०७१ले 'मानवताविरुद्धका अपराधहरू' लाई 'मानवअधिकारको गम्भीर उल्लंघन'का रूपमा सूचीकृत गरेको थियो र त्यो आयोगहरूको क्षेत्राधिकारभित्र पर्न सक्छ । पछिल्लो विधेयकले ती कार्यहरूको सन्दर्भ हटाएको छ । मानवताविरुद्धको अपराधलाई परिभाषाबाट हटाउनाले सत्य निरूपण तथा मेलमलिाप आयोग वा विशेष अदालतको क्षेत्राधिकार यस्ता अपराधहरूमा नभएको अर्थ लाग्छ । ऐनमा मानवताविरुद्धका अपराधहरूलाई मानवअधिकारको उल्लंघनको रूपमा सूचीकृत गर्नु अन्तर्राष्ट्रिय कानूनको क्षेत्रहरूबीचको विवादको विषय बनेपनि, केही अपराधहरू विधेयकमा यथावत छन् जसको प्रत्यक्ष वा स्पष्ट रूपमा मानवअधिकार उल्लंघन भएको आधार छैन, तर ती युद्ध अपराधहरू वा मानवताविरुद्धका अपराधको दायरामा पर्छन् (नियोजित वा व्यापक रूपमा गरिएमा) । विधेयकमा बलात्कार वा गम्भीर यौनजन्य हिंसा, 'नियतवश वा स्वेच्छाचारी हत्या,' क्रूर वा अमानवीय यातना,' जबर्जस्ती बेपत्ता पार्ने' कार्यहरू सूचीकृत छन्, जसलाई 'गम्भीर उल्लंघनहरू' भनिएतापनि ती स्पष्ट रूपमा अन्तर्राष्ट्रिय अपराधको दायराभित्र पर्छन् ।[१५१]

१४२ ICCPR धारा छ ।
१४३ ICCPR धारा ९ ।
१४४ ICCPR धारा ७ ।
१४५ रोम विधान, धारा ८(२)(ग)(१); थप हेर्नुहोस् धारा ८(२)(ङ)(९)-(११) ।
१४६ रोम विधान, धारा ८(२)(ग)(२) ।
१४७ रोम विधान, धारा ८(२)(ग)(३) ।
१४८ रोम विधान, धारा ८(२)(ग)(४) ।
१४९ रोम विधान, धारा ८(२)(ग)(छ) ।
१५० रोम विधान, धारा ८(२)(ग)(७) ।
१५१ उदाहरणका लागि, रोम विधानले मानवताविरुद्धका अपराधहरूलाई यसरी परिभाषित गर्छ: हत्या (धारा ७(१)(क)); निर्मूलन (धारा ७(१)(ख)); यातना (धारा ७(१)(फ)); व्यक्तिको जबर्जस्ती बेपत्ता पार्नु (धारा ७(१)(इ)); "बलात्कार, यौन दासत्व, जबर्जस्ती वेश्यावृत्ति, जबर्जस्ती गर्भधारण, जबर्जस्ती बन्ध्याकरण, वा कुनै पनि अन्य प्रकारको यौन हिंसा जसको गम्भीरता तुलनात्मक छ" (धारा ७(१)(ग)), र "त्यसैसँग मिल्दोजुल्दो अन्य अमानवीय कार्यहरू जसले जानाजानी ठूलो पीडा वा शारीरिक वा मानसिक स्वास्थ्यमा गम्भीर चोट पुऱ्याउँछ" (धारा ७(१)(क)) ।



बायाँबाट दायाँ: सविन ग्वेन्थर (पिबिआइ), हाइडी जिक्साल 33 (Bedford Row Chambers) स्थित कानूनव्यवसायी, मारिया देल रोजारियो आरङ्गो जामरानो, कोलम्बिया स्थित वनवासीहरूका लागि कार्यक्रमकी कानूनव्यवसायी, ओजस्वी भट्टराई (एड्भोकेसी फोरम नेपाल), विष्णुकला भण्डारी (कोषाध्यक्ष, कार्यकारी समिति, एड्भोकेसी फोरम नेपाल), सन्तोष सिग्देल (नेपाली मानवअधिकारवादी अधिवक्ता), विकास बस्नेत (एड्भोकेसी फोरम नेपाल), किसाली पिन्टो जयवर्धना (श्रीलंका स्थित सूचनाको हक सम्बन्धी आयोगका सदस्य), अश्विनी वीररत्ने (Doughty Street Chambers का प्रतिनिधि, मन्दिरा शर्मा (आइसिजे), क्यामिला जपाटा बेसो, Doughty Street Chambers की प्रतिनिधि, बेन लेदर (पिबिआइ) । प्रतिनिधिमण्डलका थप एक सदस्य ब्रुनो मेन्जान (अफ्रिकी मानव तथा वैयक्तिक अधिकार आयोगका प्रतिनिधि) तस्विरमा छैनन् ।

१०९. विधेयकमा सूचीकृत गरिएको निषेधित कार्यको कानूनी संरचना र स्रोतले संक्रमणकालीन न्याय प्रक्रियाको व्यावहारिक कार्यान्वयनमा, विशेषगरी सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले यी सूचीकृत ज्यादतीहरूमा, आफ्नो क्षेत्राधिकार कार्यान्वयन गर्ने क्षमतामा उल्लेखनीय प्रभाव पार्न सक्छ ।

११०. प्रत्येक निषेधित कार्यका कानूनी स्रोत र कार्यहरूको सटीक परिभाषा स्पष्ट नभएकाले, संक्रमणकालीन न्याय प्रक्रियाका संयन्त्रहरूले अन्तर्राष्ट्रिय मानवअधिकारका मुद्दाहरूलाई प्रयोग गरेर प्रत्येक कार्यको परिभाषा दिने र प्रमाणहरूको विश्लेषण गर्नेछन् वा अन्तर्राष्ट्रिय फौजदारी कानून अन्तर्गत परिभाषित अपराधका तत्त्वहरूसँग प्रमाणहरूको तुलना गर्नेछन् भन्ने विषयमा अन्योल छ । थप बुझिएअनुसार, मानवताविरुद्धका अपराध जस्ता अन्तर्राष्ट्रिय अपराधहरू नेपालको फौजदारी कानून अन्तर्गत राखिएका छैनन् ।[१५२]

१११. **निश्कर्षः विधेयकमा निर्दिष्ट गरिएको निषेधित कार्यहरू परिभाषित गर्नमा प्रयोग गरिने सटीक कानूनी स्रोतहरूबारे अझै प्रश्नहरू यथावत छन् । विधेयकमा 'मानवअधिकारको उल्लंघन' वा 'मानवअधिकारको गम्भीर उल्लंघन' को रूपमा सूचीकृत कार्यहरू अपराधसँग मिल्दाजुल्दा छन् । संक्रमणकालीन न्याय प्रक्रियाले अनुसन्धान गर्न सक्ने सबै कार्यहरूको परिभाषा गर्नका लागि 'मानवअधिकारको उल्लंघन' भन्ने शब्दको व्यापक प्रयोगले अन्तर्राष्ट्रिय कानूनका विभिन्न क्षेत्रहरू - अन्तर्राष्ट्रिय मानवअधिकार कानून, अन्तर्राष्ट्रिय फौजदारी कानून, वा अन्तर्राष्ट्रिय मानवीय कानूनलाई गाभेको जस्तो देखिन्छ । यसले विधेयकको कार्यान्वयनमा, विशेषगरी यी निषेधित कार्यहरूको प्रसंग उठ्दा, जटिलताहरू निम्त्याउन सक्छ भन्ने चिन्ता छ । यी मूलभूत प्रश्नहरूको स्पष्टता विधेयकलाई सफलतापूर्वक कार्यान्वयन गर्न र पीडितहरूको लागि अनुमानयोग्य प्रक्रिया सुनिश्चित गर्न महत्वपूर्ण छ ।**

११२. **सिफारिसः मानवअधिकार उल्लंघन र अन्तर्राष्ट्रिय अपराधलाई गाभ्ने परिभाषात्मक समस्याहरूलाई विधेयकमा सच्याउने ।**

## २. मानवअधिकार उल्लंघनहरूको अपुरो सूची

११३. विधेयकले प्रदान गरेको 'मानवअधिकारको उल्लंघन' र 'मानवअधिकारको गम्भीर उल्लंघन' को सूचीले देशमा द्वन्द्वकालमा भएको ज्यादती र अपराधहरूलाई माफी र/वा मेलमिलापको सिफारिसको विषयलाई समेट्छ, जसले गर्दा संक्रमणकालीन न्याय प्रक्रियामा ती अपराधमा अभियोजनको सम्भावना रहन्न । वास्तवमा, नेपालले हस्ताक्षर गरेको धेरैजसो मानवअधिकार सम्बन्धी दस्तावेजहरूको समीक्षा गर्दा (हेर्नुहोस् माथि), र सन् १९४९ का जेनेभा सम्झौता अन्तर्गत नेपालको अन्तर्राष्ट्रिय मानवीय कानून अन्तर्गतका

१५२ संयुक्त राष्ट्रसंघ विशेष प्रक्रिया, सन्दर्भ सं. AL NPL 1/2023, ९ जुन २०२३, पृष्ठ ३ ।



ब्रुनो मेन्जान (अफ्रिकी मानव तथा वैयक्तिक अधिकार आयोगका प्रतिनिधि) काठमाडौंको एक बैठकमा आफ्ना धारणा राख्दै ।

दायित्वहरूले विधेयकमा 'गम्भीर उल्लंघन'को रूपमा सूचीकृत मानवअधिकार र मानवीय दायित्वहरूको उल्लंघन हुँदा ती अन्तर्राष्ट्रिय अपराधहरू सरह हुन्छन् ।

११४. उदाहरणका लागि, 'यातना' लाई 'मानवअधिकारको गम्भीर उल्लंघन'को रूपमा मान्न त्यसको प्रकृति 'क्रूर वा अमानवीय' हुनुपर्ने परिभाषा यातना विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि (CAT) को धारा १ अन्तर्गतको अपराधको परिभाषासँग मेल खाँदैन । उक्त परिभाषाले यस्ता कुनै शर्तहरू उल्लेख गर्दैन । थप रूपमा, 'मानवअधिकारको गम्भीर उल्लंघन'को रूपमा 'जबर्जस्ती बेपत्ता पार्नु' लाई कुनै व्यक्तिको 'स्थिति अज्ञात रहेको' भनी परिभाषित गरिएको छ, जसले महिनौं वा वर्षौंसम्म बेपत्ता, तर पछि अवशेष फेला परेका व्यक्तिहरूलाई समेट्दैन ।

११५. साथै, विधेयकले मानवताविरुद्धको अपराध वा ' मानवअधिकारको गम्भीर उल्लंघन'को रूपमा नरसंहारको अपराधलाई प्रतिबिम्बित गर्दैन । नेपाल भ्रमणको क्रममा, जातीय भेदभावका प्रभावहरूबारे प्रतिनिधिमण्डलले जानकारी पाएअनुसार, विशेषगरी दलित समुदायलाई सुरक्षाफौजहरूले माओवादी भएको आक्षेप लगाई लक्षित गरेका थिए । प्रतिनिधिमण्डलले त्यस्तै आक्षेप लगाइएर थारू आदिवासी समुदायविरुद्ध ज्यादती गरिएको बारेमा जानकारी पायो । बहुसंख्यक थारू समुदायको बसोवास रहेको बर्दियामा सुरक्षा निकायद्वारा भएका १५६ जबर्जस्ती बेपत्ता पारिएका घटनाहरूमा ८५ प्रतिशत पीडितहरू थारू थिए ।[१५३] प्रतिनिधिमण्डलका लागि यस्ता मानवअधिकारका गम्भीर उल्लंघनहरूलाई संक्रमणकालीन न्याय संयन्त्रहरूको अधीनमा ल्याउने र फौजदारी जवाफदेही बनाउने विषय महत्वपूर्ण हुन्छ, साथै यसलाई द्वन्द्वको मूल कारणको रूपमा अध्ययन समेत गरिनुपर्छ ।

११६. यस चिन्तालाई संयुक्त राष्ट्रसंघका विशेष प्रतिवेदकहरूले पनि २०८० जेठमा उठाएका थिए । त्यसमा उनीहरूले "विधेयकले 'मानवअधिकारको गम्भीर उल्लंघन'को हालको परिभाषाबाट धेरै क्रियाकलापहरूलाई बाहिर राखेको छ, जसले मानवअधिकारका गम्भीर उल्लंघनहरू, युद्ध अपराध र मानवता विरुद्धका अपराधहरू समावेश गर्छन्, र त्यसैले ती सत्यनिरूपण तथा मेलमिलाप आयोगद्वारा छानबिन वा विशेष अदालतमा अभियोजनको अधीनमा हुने छैनन्" भन्ने चिन्ता व्यक्त गरेका थिए ।[१५४]

११७. **निश्कर्ष: विधेयकमा राखिएको 'मानवअधिकारको गम्भीर उल्लंघन'को सूचीले व्यावहारिक रूपमा संक्रमणकालीन न्याय प्रक्रियामा विचार गरिने निषेधित क्रियाकलापहरूको अन्तिम सूचीको रूपमा कार्य गर्ने सम्भावनाप्रति प्रतिनिधिमण्डल चिन्तित छ । विधेयकको उक्त सूचीले अन्तर्राष्ट्रिय कानून अन्तर्गत जवाफदेहिता वहन गर्नुपर्ने मानवअधिकार उल्लंघन र/वा अन्तर्राष्ट्रिय अपराधहरूको दायरालाई प्रतिबिम्बित गर्दैन ।**

१५३ OHCHR, 'Conflict-related disappearances in Bardiya District' (December 2008), p17.
१५४ संयुक्त राष्ट्रसंघ विशेष प्रक्रिया, सन्दर्भ सं. AL NPL 1/2023, ९ जुन २०२३, पृष्ठ ४ ।

११८. **सिफारिसः विधेयकमा 'मानवअधिकारको गम्भीर उल्लंघन' को परिभाषाबाट बाहिर राखिएका तर अन्तर्राष्ट्रिय मानवअधिकारको उल्लंघन र/वा अन्तर्राष्ट्रिय अपराध सरहका क्रियाकलापहरूलाई समेट्ने गरी परिभाषागत त्रुटीहरू सच्याउने । विधेयकको 'गम्भीर उल्लंघन' को सूची पुनरवलोकन गरी नेपालमा अन्तर्राष्ट्रिय कानून अन्तर्गत सिर्जना हुने सबै सुरक्षा र दायित्वहरू समावेशलाई सुनिश्चित गर्ने । प्रक्रियामा समावेशिता सुनिश्चित गर्न र सबै द्वन्द्वपीडितहरूको क्षतिपूर्ति पाउने अधिकार सुनिश्चित गर्नुका साथै द्वन्द्वको मूल कारणको सम्बोधन गर्न पनि यो महत्वपूर्ण छ ।**

## ३. पीडितहरूको सीमा

११९. विधेयकको भाषा निश्चित पीडितहरूलाई मात्र न्याय प्रक्रियामा समावेश गर्ने र क्षति भोगेका अन्य पीडितहरूलाई प्रक्रियाको दायरा बाहिर राख्ने किसिमको देखिन्छ ।

१२०. विधेयकको 'मानवअधिकारको उल्लंघन' र 'मानवअधिकारको गम्भीर उल्लंघन'को सूचीले केवल लक्षित वा सुनियोजित रूपमा निःशस्त्र व्यक्ति वा समुदायहरूविरुद्ध गरिएका क्रियाकलापहरूलाई समेट्छ । अन्तर्राष्ट्रिय कानूनमा प्रतिबिम्बित नभएको यो भाषालाई अत्यधिक चिन्ताका रूपमा लिइएको छ किनभने यसले विधेयकमा सूचीकृत निषेधित क्रियाकलापहरू, र/वा गम्भीर मानवअधिकार उल्लंघनहरू र/वा अन्तर्राष्ट्रिय अपराधहरूको शिकार भएका भनिएका लडाकूहरूलाई पनि नसमेट्ने सम्भावना छ ।[१५५] यसले लक्षित वा सुनियोजित तरिकामा गरिएका भए वा नभए पनि (हत्या, यातना, र जबर्जस्ती बेपत्ता पार्नेजस्ता) गम्भीर मानव अधिकार उल्लंघन र/वा अन्तर्राष्ट्रिय अपराध कार्यहरूलाई वा अन्तर्राष्ट्रिय कानूनले निषेधित गरेका कार्य सुनियोजित वा लक्षित रूपमा गरिएको प्रमाणित गर्न नसकिने अवस्थालाई पनि समेट्दैन ।[१५६] आयोगहरू कति हदसम्म योजनाहरूको महत्वपूर्ण प्रमाण रहने सम्भावना रहेका सैनिक अभिलेखहरूको जाँच गर्न सक्षम रहेको बारे बुझ्न खोज्दा पीडितहरूले सामना गर्नुपरेको अस्पष्टतालाई प्रतिनिधिमण्डल स्मरण गर्दछ ।

१२१. प्रतिनिधिमण्डलले प्राप्त गरेको जानकारी र प्रमाणहरूको आधारमा, यो सीमितताले संक्रमणकालीन न्याय प्रक्रियाको समावेशी प्रकृतिलाई प्रभावित गर्नसक्ने सम्भावना देखिन्छ । प्रतिनिधिमण्डलले जानकारी पाएअनुसार, लडाकूहरू पनि पीडित भएको र बालबालिका, सीमान्तीकृत समुदाय र गरीबहरू विशेषगरी माओवादी सेनामा भर्ती हुनुपर्ने दबाबमा थिए । प्रतिनिधिमण्डलले लडाकूहरू वा अनुमानित लडाकूहरूविरुद्ध गरिएका जबर्जस्ती बेपत्ता पार्ने कार्यहरूको बारेमा पनि जानकारी पाएको छ । प्रतिनिधिमण्डलले द्वन्द्वका क्रममा स्थायी रूपमा घाइते र अशक्त भएका पीडितहरूलाई भेटेको थियो । त्यतिखेरका चोटहरूले उनीहरूको दैनिक जीवनका हरेक पक्षलाई प्रभावित गरेको थियो र पीडितका परिवारका सदस्यहरू - जो आफैं अप्रत्यक्ष पीडित थिए - बाट उनीहरूले आफ्नो जीविकोपार्जनमा सामना गरेका जोखिमहरू र परिवारका पुरुष घरमूलीहरूको मृत्यु भएको वा उनीहरू बेपत्ता भएका वा बालबालिकाहरू माओवादी सेनामा भर्ती भएका कारण शिक्षा पाउन उनीहरूले सामना गरेका बाधाहरूका बारेमा जानकारी पाएको थियो । यी सबैलाई विधेयकमा नसमेटिएको देखिन्छ र यसले गर्दा यस्ता पीडित र उनीहरूको जीवित परिवारका सदस्यहरूलाई न्याय प्रक्रियाबाट बाहिर राख्छ ।

१२२. यस्ता सीमाहरू संयुक्त राष्ट्रसंघीय महासभाको 'मानवअधिकारको गम्भीर उल्लंघनका घटनाहरूका लागि पीडितहरूलाई क्षतिपूर्ति र पुनःस्थापनाको अधिकारका लागि आधारभूत सिद्धान्त र निर्देशिका' का निर्देशन विपरीत छन् । आधारभूत सिद्धान्तहरूले "मानवअधिकार वा मानवीय कानून उल्लंघनको दाबी गर्नेहरूलाई न्यायमा समान र प्रभावकारी पहुँच प्रदान गर्नुपर्ने" दायित्वलाई व्याख्या गर्छन् ।[१५७] 'दण्डहीनता अन्त्य विरुद्धका कार्यद्वारा मानवअधिकारको संरक्षण र प्रवर्धनका लागि अद्यावधिक गरिएको सिद्धान्तहरू' अनुसार "विगतका घटनाहरूको सत्य जान्ने अधिकार प्रत्येक मानिससँग हुन्छ..."[१५८] र राज्यहरूले "मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानून उल्लंघनको छिटो, गहिरो, स्वतन्त्र र निष्पक्ष छानबिन गर्नुपर्छ र अन्तर्राष्ट्रिय कानूनअन्तर्गत गम्भीर अपराधका दोषीहरूलाई अभियोजन, पुर्पक्ष र विधिवत रूपमा दण्डित गर्नुपर्छ" ।[१५९]

१२३. **निश्कर्षः विधेयकले केही मानवअधिकारका गम्भीर उल्लंघनका र/वा अन्तर्राष्ट्रिय अपराधका पीडितहरूको न्याय, न्यायिक उपचार र सत्यमा समान र प्रभावकारी पहुँचको अधिकार विपरीत उनीहरूलाई संक्रमणकालीन न्याय प्रक्रियाबाट बाहिर राखेजस्तो देखिन्छ ।**

१२४. **सिफारिसः संक्रमणकालीन न्याय प्रक्रियाबाट केही पीडितहरूलाई बाहिर राखेजस्तो देखिने विधेयकमा परिभाषागत त्रुटिहरूलाई सच्याउनुपर्छ ।**

१५५ स्पष्टताको लागि, लडाकूहरू गम्भीर मानव अधिकार उल्लंघनका पीडित हुन सक्छन् । उनीहरू रोम विधानअन्तर्गत परिभाषित युद्ध अपराधहरूको पनि शिकार हुन सक्छन्, जसमा गैर-अन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्वहरूमा चार जिनेभा महासन्धिहरूमा समान धारा ३ का "गम्भीर उल्लंघनहरू 'जसले द्वन्द्वमा सक्रिय सहभागिता नलिने व्यक्तिहरू विरुद्ध गरिएको अपराध, जसमा हतियार राखेर समर्पण गरिसकेका सशस्त्र बलका सदस्यहरू र रोग, घाउ, हिरासत वा अन्य कुनै कारणले लड्न असमर्थ व्यक्तिहरू" (धारा ८(२)(ग)) समावेश छ; र "अन्तर्राष्ट्रिय प्रकृति नभएका सशस्त्र द्वन्द्वहरूमा लागू हुने कानून र प्रथाहरूको अन्य गम्भीर उल्लंघनहरू", जस्तै यौन हिंसा (धारा ८(२)(इ)(६)), बाल लडाकुहरूको प्रयोग (धारा ८(२)(इ)(७)), विपक्षी लडाकुको विश्वासघातपूर्वक हत्या वा घाइते बनाउने कार्य (धारा ८(२)(इ)(९)), कसैलाई पनि जिउँदो नछाडिने घोषणा (धारा ८(२)(इ)(१०)), र द्वन्द्वको अर्को पक्षको शक्तिमा रहेका व्यक्तिहरूलाई शारीरिक अंगभंग गर्ने, आदि (धारा ८(२)(इ)(११)) ।

१५६ संयुक्त राष्ट्रसंघ विशेष प्रक्रिया, सन्दर्भ सं. AL NPL 1/2023, ९ जुन २०२३, पृष्ठ ४ ।

१५७ आधारभूत सिद्धान्तहरु, सिद्धान्तहरू II(३)(ख), र II(३)(ग) ।

१५८ अद्यावधिक गरिएका सिद्धान्तहरु, सिद्धान्त २ ।

१५९ ऐजन, सिद्धान्त १९ ।



विभिन्न चुनौतीका बावजुद महिला मानव अधिकार रक्षकहरूले नेपालमा न्यायमा पहुँच वृद्धिमा अहम् भूमिका खेल्दै आइरहेका छन् ।

## (४) दुई प्रकृतिका मानवअधिकार उल्लंघनको वर्गीकरणबाट उत्पन्न क्षमादान

१२५. अन्तर्राष्ट्रिय मानवअधिकार कानून अनुकूल विधेयकमा मानवअधिकार उल्लंघनलाई क्रमबद्ध तरिकामा राखिनाले प्रतिनिधिमण्डलले असहज महसुस गरेसँगैसत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगलाई ' मानवअधिकारको गम्भीर उल्लंघन'को लागि नभई 'मानवअधिकार उल्लंघन' का सन्दर्भमा क्षमादान सिफारिस गर्ने, मेलमिलाप गर्ने र पीडितहरूको सहमति लिने यस वर्गीकरणको उद्देश्य रहेको प्रतिनिधिमण्डलले मनन गरेको छ। प्रतिनिधिमण्डलको व्याख्या अनुरूप विधेयकअन्तर्गत 'क्षमादान' र 'मेलमिलाप'ले भविष्यमा अभियोजन रोक्ने सम्भावना बोकेकोले तिनीहरूलाई साँचो अर्थमा बुझ्नु अपरिहार्य छ।[१६०]

१२६. यातना (सही रूपमा परिभाषित), हत्या, जबर्जस्ती बेपत्ता, युद्ध अपराधहरू, मानवताविरुद्धका अपराधहरू र अन्य अन्तर्राष्ट्रिय अपराधहरू लगायतका 'मानवअधिकार उल्लंघन' र 'मानवअधिकारको गम्भीर उल्लंघन' सरहका कार्यहरू परिभाषाभित्र नपर्नु र यसकारण तिनमा क्षमादानको सम्भावना रहनाले कानूनी र/वा वस्तुगत रूपमा अभियोजनबाट उन्मुक्ति दिलाउँछ।[१६१] यो नेपालको गम्भीर मानवअधिकार उल्लंघन र/वा अन्तर्राष्ट्रिय अपराधहरूको अनुसन्धान, सजाय र अभियोजन गर्न एवं पीडितहरूलाई उचित पुन:स्थापनाको व्यवस्था गर्ने अन्तर्राष्ट्रिय दायित्व विपरीत छ, साथै २०७२ सालमा सर्वोच्च अदालतले अन्तर्राष्ट्रिय कानूनअन्तर्गत गम्भीर अपराधहरूमा[१६२] दोषीहरूलाई क्षमादान दिने व्यवस्थालाई खारेज गरेको फैसलाको समेत प्रतिकूल छ। प्रतिनिधिमण्डल विशेष रूपमा पीडक र पीडितहरूबीचको शक्ति असन्तुलनप्रति सचेत छ, जसले गर्दा पीडितहरूलाई पीडकको क्षमादान अनुरोध स्वीकार गर्न व्यापक दबाब दिन सक्छ।

१२७. प्रक्रियाको कानूनसंगत, योजनाबद्ध र व्यावहारिक कार्यान्वयनमा बाधा पुऱ्याउने र यसको अन्तर्राष्ट्रिय कानूनसँगको अनुपालनलाई असर पुऱ्याउने त्रुटिहरूलाई सम्बोधन गरी सच्याउनुपर्छ। संयुक्त राष्ट्रसंघका मानवअधिकार उच्चायुक्त भोल्कर टर्कले विधेयकको स्वीकार्यताबारे भनेका छन् :

१६० OHCHR, 'Rule-of-law tools for post-conflict states: Amnesties', पृष्ठ ५स थप हेनुहोस् ICRC Advisory Service on International Humanitarian Law, 'Amnesties and International Humanitarian Law: Purpose and scope', *International Review of the Red Cross*, vol.101, no. 910, 2019, पृष्ठ ३५८ र footnote 2.

१६१ ऐजन, पृष्ठ ६, थप हेनुहोस् OHCHR, 'Rule-of-law tools for post-conflict states: Amnesties', पृष्ठहरु ६-९ ।

१६२ उदाहरणका लागि, UNCAT (धारा ४-७), नरसंहार विरुद्धको महासन्धि (धारा १ र ४), र गैर-अन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्वहरूमा युद्ध अपराध गरेको आशंका गरिएका व्यक्तिहरूको छानबिन र अभियोजन गर्न राज्यहरूलाई बाध्य पार्ने प्रथागत अन्तर्राष्ट्रिय कानूनका नियमहरू, र यस्ता व्यक्तिहरूलाई आममाफीबाट बाहिर राख्ने अपवादअनुसार (हेर्नुहोस् प्रथागत अन्तर्राष्ट्रिय मानवीय कानूनका नियम १५८ र १५९, ICRC, Jean–Marie Henckaerts / Louise Doswald–Beck द्वारा पहिचान गरिएको, Customary International Humanitarian Law, खण्ड I (क्याम्ब्रिज विश्वविद्यालय प्रेस २००५), पृष्ठ ६०७-६१४); थप रूपमा यातना विरुद्धको समितिलाई हेर्नुहोस्, 'साधारण टिप्पणी नं. ३ (२०१२): धारा १४ को कार्यान्वयन' (१३ डिसेम्बर २०१२) UN Doc CAT/C/GC/3, §41; CCPR, 'साधारण टिप्पणी नं. ३१ (८०): सन्धिको पक्ष राष्ट्रहरूमा लागू गरिएको सामान्य कानूनी दायित्वको प्रकृति' (२६ मे २००४) UN Doc CCPR/C/21/Rev.1/Add. 13, §18; 'साधारण टिप्पणी नं. २०: धारा ७ (यातना वा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायको निषेध)' (१० मार्च १९९२) UN Doc HRI/GEN/1/Rev.9 (Vol. I) पृष्ठ २०२, §8 र पृष्ठ १५ । नेपालको अनुसन्धान, अभियोजन र सजायको कर्तव्यको अवलोकनका लागि, हेर्नुहोस् एडभोकेसी फोरम-नेपाल, 'राज्यका अनुसन्धान, अभियोजन र सजायको कर्तव्य सम्बन्धी ज्ञापनपत्र' (२०२०) (अनुरोधमा उपलब्ध) । क्षमादान सम्बन्धमा, हेर्नुहोस् OHCHR, 'द्वन्द्वपछिका राज्यहरूका लागि कानूनको शासन उपकरणहरू: आममाफीहरू' (UN Doc HR/Pub/09/1, २००९), र एडभोकेसी फोरम-नेपाल, 'आममाफी सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डहरू सम्बन्धी ज्ञापनपत्र' (२०२०) (अनुरोधमा उपलब्ध) ।

*"म यस परिमार्जित कानूनलाई एक महत्वपूर्ण कदमको रूपमा स्वागत गर्दछु, यद्यपि कतिपय प्रावधानहरू अस्पष्ट छन् । कानूनको व्याख्या र कार्यान्वयन पीडितहरूको सत्य, न्याय र परिपूरण पाउने अधिकारलाई सुरक्षित गर्ने हुनुका साथै पूर्णतः अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डहरू अनुसार जवाफदेहितालाई सुनिश्चित गर्ने किसिमको हुनु अनिवार्य छ ।"* [१६३]

१२८. तुलनात्मक रुपमा, रोम विधानअनुसार[१६४] बनेको कोलम्बियाको २०१६ को आममाफी, क्षमा र विशेष आपराधिक न्यायिक उपचारसम्बन्धी कानूनमा कुनै पनि अवस्थामा मानवताविरुद्धका अपराध, नरसंहार, युद्ध अपराध, बन्धक लिने, स्वतन्त्रताबाट अन्य गम्भीर वञ्चित, यातना, गैर-न्यायिक हत्या, बलात्कार, बाल अपहरण, जबरजस्ती विस्थापन, साथै नाबालिगहरूको भर्तीको लागि आममाफी वा क्षमा प्रदान नगरिने स्पष्ट रूपमा भनिएको छ । कोलम्बियाको संवैधानिक अदालतले कानूनको मूल व्यवस्थामा "गम्भीर" भनेर वर्गीकृत नगरिएका युद्ध अपराधहरूको लागि आममाफीको व्यवस्था अन्तर्राष्ट्रिय कानूनको विपरीत भएको भन्दै कार्यान्वयन गर्न नसकिने ठहर गरेको छ ।[१६५]

१२९. नेपालमा रहेका सरोकारवालाहरूबाट विद्यमान कानूनको कार्यान्वयनमा आएका कठिनाइहरूको बारेमा व्यापक रूपमा जानकारी पाएको हुँदा प्रतिनिधिमण्डल संक्रमणकालीन न्याय प्रक्रियाको प्रभावकारी कार्यान्वयनका लागि सबै सम्भावित अवरोधहरूलाई बुझी तिनको समाधान गर्न निष्ठापूर्वक कदम चाल्न प्रोत्साहन गर्दछ । प्रतिनिधिमण्डलले नेपाल सरकार, व्यवस्थापिका र न्यायालयहरूलाई संक्रमणकालीन न्याय प्रक्रियालाई समर्थन गर्ने कानूनहरू सुनिश्चित गरी अन्तर्राष्ट्रिय मापदण्डहरू पूरा गर्दै अन्तर्राष्ट्रिय अपराध र मानवअधिकारको गम्भीर उल्लंघनमा दण्डहीनता रोक्न आग्रह गर्दछ ।

१३०. **निश्कर्षः विधेयकले नेपालको अन्तर्राष्ट्रिय दायित्वहरूको विपरीत गम्भीर मानव अधिकार उल्लंघन र/वा अन्तर्राष्ट्रिय अपराधहरूका लागि अभियोजनबाट सैद्धान्तिक र/वा वास्तविक आममाफी प्रदान गरेको देखिन्छ । संक्रमणकालीन न्यायले कहिल्यै पनि सबैभन्दा शक्तिशालीको हकमा दण्डहीनता प्रोत्साहन गर्नु हुँदैन ।**

१३१. **सिफारिसः गम्भीर मानव अधिकार उल्लंघन र/वा अन्तर्राष्ट्रिय अपराधको रूपमा मानिएका सबै कार्यहरूलाई आममाफीको विषय नबनाउन सुनिश्चित गर्ने ।**

## ५. लागू हुने सजायहरूबारे अस्पष्टता

१३२. विधेयकले 'प्रचलित' कानून अनुसार अपराधहरूको लागि सजाय हुने उल्लेख गरेको छ ।[१६६] फौजदारी संहितामा भूतप्रभावी व्यवस्था नहुँदा यससँग विधेयकको सामन्जस्यता कसरी हुने भन्ने कुरा अस्पष्ट छ । विधेयकले महान्यायाधिवक्ता वा उनले अधिकार दिएको सरकारी अभियोजकलाई, बलात्कार वा यौन हिंसाका घटनाहरू बाहेक, 'मानवअधिकार उल्लंघन' र 'मानवअधिकारको गम्भीर उल्लंघन' अन्तर्गतका कार्यहरूको लागि पीडकले सत्यमा योगदान, अनुसन्धानमा सहकार्य, पश्चात्ताप, माफी र नदोहोरिने वाचा गरेको आधारमा प्रचलित कानूनबमोजिम निर्धारित सजायको ७५ प्रतिशत कटौतीको माग गर्नसक्ने अनुमति दिन्छ ।[१६७] विधेयकले महान्यायाधिवक्ताको सिफारिस[१६८] र विभिन्न आधारमा सजाय कम गर्ने अन्तिम निर्णयको अधिकार विशेष अदालतलाई दिए पनि त्यसको निश्चित मापदण्ड उल्लेख गरेको छैन ।

१३३. प्रतिनिधिमण्डलको दृष्टिकोणमा, उक्त प्रस्ताव लागू हुने मापदण्डहरू व्यापक र अस्पष्ट छन् । पीडितहरूले प्रभावकारी न्यायिक उपचार पाउन र अपराधको गम्भीरतालाई उचित सजायका साथ सम्बोधन गर्न, जस्तोसुकै अवस्थामा पनि पीडकलाई संक्रमणकालीन न्याय प्रक्रियामा सहभागी हुनका लागि प्रोत्साहित गर्न विशेष अदालत सञ्चालन हुनुअघि, सो अस्पष्टता समाधान हुने आशा प्रतिनिधिमण्डल गर्दछ ।[१६९]

१३४. कोलम्बियाको संक्रमणकालीन न्याय प्रक्रियाले सशस्त्र द्वन्द्वका पक्षहरूलाई सहभागी हुन प्रोत्साहित गर्दै अन्तर्राष्ट्रिय अपराध वा मानवअधिकारको गम्भीर उल्लंघनका दोषीहरूलाई अपराधको स्वीकारोक्ति, जिम्मेवारी स्वीकार, सत्य खोज्न योगदान (हराएका व्यक्तिहरूको अवस्थाको बारेमा समेत जानकारी), नदोहोरिने प्रतिबद्धता व्यक्त, र व्यक्तिगत रूपमा पीडितहरूको उचित क्षतिपूर्ति प्रदान गरेको खण्डमा विशेष सजाय र वैकल्पिक सजाय (घटाइएका कैद सजायहरू) गर्दछ । पीडकहरूले संक्रमणकालीन न्याय प्रक्रियालाई अवरोध गरेमा, वा फौजदारी न्याय प्रणाली अन्तर्गत दोषी ठहरिए पनि यी शर्तहरू पूरा नगरेमा उनीहरूलाई २० वर्षसम्मको कैद सजाय हुन सक्छ ।[१७०] एफएआरसीका सदस्य र सैन्य कर्मचारी जस्ता द्वन्द्वरत पक्षहरूले शान्ति सम्झौतामा[१७१]

१६३ OHCHR, 'Nepal: Türk welcomes adoption of transitional justice law, calls for victim-centred implementation' (22 August 2024).
१६४ २०१६ को कानून १८२०, धारा २३ ।
१६५ कोलम्बियाको संवैधानिक अदालत, निर्णय C-007/18 (1 March 2018), §§512-523.
१६६ विधेयक, दफा २९(६) ।
१६७ विधेयक, दफा २९(२) र (६) ।
१६८ विधेयक, दफा २९घ(१) र (२) ।
१६९ थप हेर्नुहोस्, एड्भोकेसी फोरम नेपालको 'सजायमा लचकता र यसको वैधता सम्बन्धी ज्ञापनपत्र' (अनुरोधमा उपलब्ध) ।
१७० हेर्नुहोस् Clara Sandoval, Hobeth Martínez-Carrillo and Michael Cruz-Rodríguez, 'The Challenges of Implementing Special Sanctions (Sanciones Propias) in Colombia and Providing Retribution, Reparation, Participation and Reincorporation', Journal of Human Rights Practice, Vol. 14, Issue 2, 2022, pp478–501.
१७१ हेर्नुहोस् JEP, 'The JEP excludes Márques, Sierra and Castellanos for seriously violating the conditionality regime' (8 August 2023) (in Spanish); DHColombia, 'The JEP Appeals Chamber decides the final expulsion of Robinson Javier González del Rio' (28 May 2024) (in Spanish).

दिइएको लाभ प्राप्त गर्ने र कायम राख्ने शर्तहरूको उल्लंघन गर्दा, वा साधारण न्याय प्रणालीले[१७२] थाहा पाएको सत्यमा यथाशीघ्र, समयमै र व्यापक योगदान नगरेको खण्डमा, उनीहरू सामान्य न्याय प्रणालीको अधीनमा आउँछन् र त्यसमा थप कडा सजायको प्रावधान छ। यस शर्तसहितको सहुलियत प्रणालीले संक्रमणकालीन न्यायमा संलग्नता बढाउन सफल भएको छ, जसमा शान्तिका लागि विशेष अधिकारक्षेत्र ("जेईपी") द्वारा अभियोग लगाइएका ९० प्रतिशत पीडकहरूले आफ्नो जिम्मेवारी स्वीकार गरेका छन्।[१७३]

१३५. **निश्कर्षः द्वन्द्वकालका अपराधहरूको सजायको लागि लागू हुने निश्चित मापदण्ड अझै स्पष्ट छैन। संक्रमणकालीन न्यायको सन्दर्भमा लचकताको वर्तमान प्रस्तावहरू व्यापक र अस्पष्ट छन्।**

१३६. **सिफारिसः संक्रमणकालीन न्याय प्रक्रियामा कानूनी निश्चितताको प्रत्याभूति गर्न विशेष अदालतको क्षेत्राधिकार अन्तर्गत रहेका अन्तर्राष्ट्रिय कानूनले अपराध मानेका कार्यहरू स्पष्ट रूपमा दण्डनीय बनाउने र सजायको स्पष्ट मापदण्ड तोकी अदालतलाई लचकता मापन गर्न मार्गनिर्देशन दिने। यी मापदण्डहरूले पीडितहरूको अधिकारको सुनिश्चितता गर्न मार्गदर्शन गर्नुपर्छ। लचकता अपनाएता पनि सजायहरू अपराधको गम्भीरतालाई प्रतिबिम्बित गर्ने किसिमको हुनुपर्छ।**

## ६. द्वन्द्वसँग-सम्बन्धित यौनहिंसा पीडित र जोखिममा रहेका अन्य पीडितहरू

१३७. अन्तर्राष्ट्रिय मानवअधिकार कानून र अन्तर्राष्ट्रिय मानवीय कानूनले द्वन्द्वको समयमा यौनजन्य हिंसाका कार्यहरूलाई निषेध गर्दछ। महिला विरुद्ध भेदभाव उन्मूलन गर्ने संयुक्त राष्ट्रसंघीय महासन्धि (CEDAW) को धारा १ अन्तर्गत यौन हिंसा लगायतका लैंगिक हिंसा भेदभावको रूपमा मानिन्छ।[१७४] यौन हिंसाले युद्ध अपराध, मानवताविरुद्धको अपराध, यातना वा नरसंहारको एउटा तत्वको रूपमा कार्य गर्न सक्छ, र सबै यौन हिंसाका पीडितहरू, विशेष गरी महिला र बालिकाहरूलाई कानूनी रूपमा समान सुरक्षा र न्यायमा समान पहुँच हुनुपर्छ। संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्ले "दिगो शान्ति, न्याय, सत्य र राष्ट्रिय मेलमिलाप खोज्ने समग्र पद्धतिको रूपमा यस्ता कार्यहरूका लागि दण्डहीनता समाप्त गर्नुको महत्व" लाई जोड दिएको छ।[१७५]

१३८. विशेषगरी महिलाहरूविरुद्धको यौन हिंसा युद्धको बेलामा मात्र नभई शान्तिको समयमा महिलाहरूले भोग्ने चुनौतीसँग पनि सम्बन्धित छ। प्रतिनिधिमण्डलले जानकारी पाएअनुसार, नेपाली समाजले द्वन्द्वअघि यौन हिंसाका सन्दर्भमा राख्ने दृष्टिकोणहरू यथावत रहेको छ, जसका कारण धेरैजसो अवस्थामा पीडितहरूलाई उल्टै प्रश्न वा दोषारोपण गरिन्छ तर पीडकलाई शंकाको सुविधामा उन्मुक्ति दिइन्छ। नेपालमा पितृसत्तात्मक सोच व्याप्त रहेको यस्ता उदाहरणहरू देख्न सकिन्छ।

१३९. संवैधानिक संरक्षण र कानूनी सुधारहरूका बाबजुद नेपाली समाजमा महिला विरुद्धको लैङ्गिक हिंसा सम्बन्धी परम्परागत असमान दृष्टिकोणहरू विद्यमान रहेकोमा यो प्रतिनिधिमण्डल चिन्ता व्यक्त गर्दछ। नेपालमा महिलाविरुद्धको हिंसा, यसको कारण र परिणामहरूको बारेमा संयुक्त राष्ट्रसंघको विशेष प्रतिवेदकको पछिल्लो भ्रमणपछि विशेष प्रतिवेदकले तयार पारेको प्रतिवेदन अनुसार, *"नेपालमा महिलाविरुद्धको हिंसा व्यापक छ, यो निजी र सार्वजनिक दुवै क्षेत्रमा व्याप्त छ र यसलाई गहिरो जरा गाडेको पितृसत्तात्मक सोच, पुराना लैङ्गिक धारणा र हानिकारक अभ्यासहरूले थप जटिल बनाएका छन्।"*[१७६] यसले विशेषगरी दलित महिला, आदिवासी महिला, यौनिक अल्पसंख्यक व्यक्ति, धार्मिक अल्पसंख्यक महिला, अपांगता भएका महिला, विकट क्षेत्रका महिला, एकल महिला (विधवा), कुष्ठरोगबाट प्रभावित महिला र महिला मानवअधिकार रक्षकहरूलाई[१७७] अझ बढी असर गर्छ। घरेलु हिंसा अझै पनि नेपाली समाजमा व्याप्त छ। यससम्बन्धी अझै पनि कम उजुरी पर्ने गरेको छ र पीडकहरूको सजिलै उन्मुक्ति पाउँछन्। *"यस सामाजिक समस्याबारे जनचेतनाको अभाव, प्रतिशोध र कलंकको डर, कानूनी कार्यान्वयन गर्ने निकायहरूप्रति विश्वासको कमी र हिंसा पीडितहरूका लागि उपलब्ध सेवाहरू र सुरक्षा संयन्त्रहरूको न्यून गुणस्तर आंशिक रूपमा यसका कारण हुन्।"*[१७८] विशेष प्रतिवेदकको प्रतिवेदनको समयमा उपलब्ध सीमित तथ्याङ्कले नेपालमा हिंसात्मक मृत्युहरूको[१७९] प्रमुख कारण लैङ्गिक हिंसा नै रहेको भनी पहिचान गरिएको थियो र यौन हिंसा एवं बलात्कारका घटनाहरू बढिरहेको देखाएको थियो।[१८०]

१७२ हेर्नुहोस् JEP, 'The JEP has rejected and definitively excluded 2,772 people who requested entry into this Jurisdiction' (4 October 2019) (in Spanish). See also, specifically, El Espectador, "El Oso' leaves Justice and Peace – the Baranquilla Court revoked Marco Tulio Pérez's benefits for not confessing to the gender crimes he committed against women in San Onofre' (11 September 2024) (in Spanish); El Tiempo, "El Oso' sentenced to 24 years in prison for raping 10 women' (11 September 2018) (in Spanish); JEP, 'The appeals section of the JEP rejects the susmission of General (R) Iván Ramírez Quintero for facts related to the occupation of the Palace of Justice' (11 August 2022) (in Spanish); El Espectador, 'Retired General Iván Ramírez sentenced for disappearance during the occupation of the Palace of Justice' (19 June 2024) (in Spanish); Cajar, 'General Jesus Armando Arias Cabrales expelled from the JEP – Column by Rafael Barrios Medivil in Confidencial Colombia' (21 March 2023) (in Spanish); Pares, 'Sentence set for alias 'Jorge 40'' (28 January 2022) (in Spanish). Victims' attorneys have also sought a return to the ordinary justice system in the cases of Colonel Nelson Velásquez Parrado, Colonel Juan Carlos Barreda Curado, and General Diego Luis Villegas Muñoz – see JEP Youtube, 'Day 2 hearings on victims' observations, subcase Antioquia, case 3' (2 March 2024), from 7 hours 29 minutes.

१७३ हेर्नुहोस् JEP, 'In 2024 the JEP will launch the Restorative System' (29 December 2023) (in Spanish), see the enclosed video at 6.10 minutes

१७४ CEDAW Committee, 'General recommendation No. 19: Violence against women' (1992) UN Doc A/47/38, §6; 'General recommendation No. 35 on gender-based violence against women, updating general recommendation No. 19' (26 July 2017) UN Doc CEDAW/C/GC/35.

१७५ UNSC Res 1820 (19 June 2008) UN Doc S/RES/1820, §4.

१७६ हेर्नुहोस् HRC, 'Report of the Special Rapporteur on violence against women, its causes and consequences on her visit to Nepal' (19 June 2019) UN Doc A/HRC/41/42/Add.2, §27.

१७७ ऐजन, बुँदा ६५।

१७८ ऐजन, बुँदा २९।

१७९ ऐजन, बुँदा २८।

१८० ऐजन, बुँदा ३४।

१४०. पर्याप्त दस्तावेजहरू नभए पनि संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्त कार्यालय (OHCHR)को सन् २०१२ को अनुसन्धान प्रतिवेदनले द्वन्द्वसँग सम्बन्धित यौन हिंसाबारे गरेको खुलासाले जोकोहीलाई स्तब्ध तुल्याउँछ । यसमा द्वन्द्वकालमा भएका यौनजन्य हिंसामा बलात्कार, बलात्कारको प्रयास, बलात्कारको धम्की, सामूहिक बलात्कार, जबर्जस्ती नग्नता, र आफ्नै बच्चाको अगाडि बलात्कार समावेश छन् । पीडितहरूमा बालबालिका, गर्भवती महिला, सुत्केरी आमा, र अपांगता भएका महिलाहरू पनि सामेल थिए । सङ्कलित तथ्याङ्कहरूले देखाएअनुसार, बालबालिकाहरू विशेष रूपमा कमजोर र यौन हिंसाका पीडितहरूमध्ये एक तिहाइभन्दा बढी १५ वर्ष मुनिका रहेको भनिन्छ ।[९१] पीडकहरूमा माओवादी र सेना दुवै रहेका छन् र अधिकांश आरोपहरू सैनिकहरूमाथि लगाइएको छ ।[९२]

१४१. द्वन्द्वकालीन यौन हिंसाका पीडितहरूले आफ्नो उजुरी दर्ता गर्न र खुलेर आफ्ना भोगाइहरू अभिव्यक्त गर्न सामना गरेका व्यापक कठिनाइहरूबारे प्रतिनिधिमण्डलले सूचना संकलन गरेको थियो । माथि उल्लेख गरिएका परम्परागत सोचहरूका कारण उत्पन्न आघात, कलंक, लाज र डरले उनीहरूलाई आफूविरुद्ध भएको यौन हिंसाको खुलासा गर्न र कुनै पनि न्यायिक उपचारमा पहुँच प्राप्त गर्न बाधा पुगेको छ । प्रतिनिधिमण्डलले यस्ता सोचहरू सत्य निरूपण तथा मेलमिलाप आयोगभित्रै पनि विद्यमान रहेको जानकारी पाएको थियो । उदाहरणका लागि, यौन हिंसाका पीडितहरूलाई अघि आउन प्रेरित गर्दा तनाव उत्पन्न भई परिवारहरूको विखण्डन हुन सक्छ भन्ने धारणा । केही बलात्कार पीडितका पतिहरू अझै पनि आफ्ना श्रीमतीहरूले भोगेका कष्टहरूबारे बेखबर छन्, जसकारण क्षतिपूर्ति र न्यायिक उपचार प्रदान गर्नु एक अत्यन्त संवेदनशील कार्य हो ।

१४२. प्रतिनिधिमण्डलले जानकारी पाएअनुसार राज्यका अधिकारीहरूविरुद्ध गरिएका केही उजुरीहरू दर्ता नै नगरिएको हुन सक्छ । सरकारको 'अन्तरिम राहत' कार्यक्रमहरूले यौन हिंसाका पीडितहरूलाई समेटेको थिएन जसबेला पीडितहरूले निवेदन दिने क्रममा स्थानीय शान्ति समितिहरूसँग खुलासा गरेका यौन हिंसाको उजुरीहरूलाई वर्गीकृत गरिएको छैन वा तिनको अनुगमन गरिएको छैन । यसले जवाफदेहिता र तथ्याङ्क सङ्कलनमा समस्या सिर्जना गर्ने हुनाले सत्य निरूपण तथा मेलमिलाप आयोग, राष्ट्रिय मानव अधिकार आयोग र/वा विशेष अदालतले यसको पुनरवलोकन गर्न आवश्यक हुनेछ ।

१४३. १४४. यसका अतिरिक्त प्रतिनिधिमण्डलले जानकारी पाएअनुसार, यौन हिंसा पीडित लगायतका धेरै द्वन्द्वकालीन पीडितहरूले आफ्नो उजुरी दर्ता गर्न थप अवरोधहरूको सामना गरिरहेका छन्, जसमध्ये सीमान्तीकृत समुदायहरूमा पर्नु, न्याय प्रणालीमा विश्वासको कमी हुनु, आघातका कारण मानसिक स्वास्थ्य समस्याहरूको सामना गर्नु, दुर्व्यवहारका समयमा बालबालिका उमेरको हुनु, चरम गरीबीको मारमा हुनु र अशिक्षित हुनु आदि पर्दछन् जसकारण उनीहरूका अधिकारबारे परामर्श वा नागरिक समाज संगठनबाट प्राप्त सहयोगमा पहुँच पुगेको छैन । अधिकांशले सरकारी निकायहरू वा सत्य निरूपण तथा मेलमिलाप आयोगमा विश्वासको कमीका कारण उजुरी दर्ता गरेका छैनन् ।

१४४. केही पीडितहरूले सत्य निरूपण तथा मेलमिलाप आयोग (वा प्रहरी) मा सम्पर्क गर्दा आफूहरू र आफ्ना कानूनी प्रतिनिधिहरूको बयान लिने कर्मचारीहरूले लैङ्गिक र यौन हिंसाको बारेमा सोध्दा गोपनीयता कायम राख्ने लगायत अपनाउनुपर्ने अन्य संवेदनशीलताहरू बारे कुनै तालिम नपाएको अनुभव गरे । साथै, उजुरीकर्ताहरूले आफ्नो विश्वसनीयतामा शङ्का गरिएको र आफूहरूलाई द्वन्द्वपीडितका रूपमा हेरिएको वा नहेरिएको भन्नेमा पनि अन्योल देखिएको छ, जसले गर्दा धेरै उजुरीहरू दर्ता नगरिएको हुन सक्ने चिन्ता थपिएको छ ।

१४५. सत्य निरूपण तथा मेलमिलाप आयोगमा उजुरी गरिएका करिब ६४,००० घटनाहरूमध्ये लगभग ३०० जति मात्रै यौन हिंसा वा बलात्कारको आरोप सम्बन्धी रहेको भनिएको छ ।[९३] विशेष प्रतिवेदकले चिन्ता व्यक्त गर्दै भनेका छन्, *"धेरै पीडितहरूले उजुरी दर्ता गर्न सकेका छैनन् र उनीहरू प्रायः प्रतिशोधको डरले उजुरी गर्न डराउँछन् ।"*[९४] महिलाविरुद्ध भेदभाव उन्मूलन गर्ने संयुक्त राष्ट्रसंघीय समितिले पनि संक्रमणकालीन न्याय प्रक्रियाका सम्बन्धमा धेरै चिन्ताहरू व्यक्त गर्दै सिफारिसहरू गरेको छ ।[९५]

१४६. नेपाली सञ्चारमाध्यम लगायतमा बलात्कार र बलात्कारपछि हत्याका घटनाहरूबारे पर्याप्त सामग्री प्रकाशन गरिएका छन् र अधिकांश द्वन्द्वहरूमा जस्तै नेपालमा पनि द्वन्द्वकालमा हालसम्म दर्ता गरिएकोभन्दा धेरै बढी यौन हिंसाका घटनाहरू भएको तथ्यलाई स्वीकार गर्न प्रतिनिधिमण्डलका लागि कठिन छैन । प्रतिनिधिमण्डलले यी पीडितहरू प्रायः अल्पसंख्यक समुदायका महिला वा बालबालिका रहेको र हालसम्म दर्ता गरिएका संख्याहरू न्यून भएको अनुमान गरेको छ ।

१४७. प्रतिनिधिमण्डललाई एक मन्त्रीले द्वन्द्वकालका यौन हिंसाका उजुरीहरू थोरै भएको र ती सत्य निरूपण तथा मेलमिलाप आयोगद्वारा पहिले नै दर्ता गरिएको भन्ने धारणा व्यक्त गर्दा चिन्ता लागेको थियो । यस्ता वक्तव्यबाट अझै पनि द्वन्द्वको समयमा यौन हिंसा कम संख्यामा भएको भनी देखाउन खोजिएको हाम्रो चिन्ता हो । तर पर्याप्त बयान र अनुसन्धानले यसको विपरीत प्रमाण देखाइरहेको

९१ OHCHR, 'Nepal Conflict Report', pp172-173.
९२ ऐजन, पृ २३ ।
९३ The Kathmandu Post, 'Conflict-era rape victims' trauma compounds' (19 February 2024).
९४ Report of the Special Rapporteur on violence against women, its causes and consequences on her visit to Nepal (2019), §58; see also OHCHR, 'Nepal Conflict Report', p23.
९५ CEDAW Committee, 'Concluding observations on the sixth periodic report of Nepal' (14 November 2018) UN Doc CEDAW/C/NPL/CO/6, §§22-23.

छ ।[१८६] प्रतिनिधिमण्डललाई द्वन्द्वसँग सम्बन्धित यौन हिंसाका पीडितहरूको संख्या पहिले नै दर्ता गरिएको र त्यतिमा सीमित भएको स्वीकार्न असम्भव छ । महिलाहरूलाई स्वेच्छाचारी पक्राउ गरी सैनिक ब्यारेकमा लगेर बलात्कार गरिएको, उनीहरूमध्ये कतिपयले बच्चा जन्माएको र ती बच्चाहरूले आजसम्म पनि आफ्ना बाबुको पहिचान पत्ता लगाउन नसकेको विवरणहरू व्यापक रूपमा अभिलेखीकरण गरिएका छन् । प्रतिनिधिमण्डलले बर्दियामा एक महिलाको बयान सुन्ने क्रममा महिलाहरूलाई समाजले उनीहरूको चरित्र र विश्वसनीयतामाथि गर्ने प्रश्नले थप पीडित बनाइएको जानकारी पाए । द्वन्द्वको समयमा बलात्कारबाट जन्मेका बच्चाहरूको संख्या र त्यसको आधिकारिक तथ्यांक उपलब्ध छैन ।

१४८. १४९. प्रतिनिधिमण्डललाई विधेयकले कानूनी हदम्याद नाघ्नेगरी द्वन्द्वसँग सम्बन्धित बलात्कार र गम्भीर यौन हिंसाका पीडितहरूलाई मात्र आफ्नो उजुरी दर्ता गर्न तीन महिनाको थप समय दिने प्रस्तावप्रति चिन्ता लागेको थियो ।[१८७] प्रतिनिधिमण्डलको विचारमा, यो पीडितहरूले घटनाबारे खुलासा गर्न सामना गरेका कठिनाइलाई मध्यनजर गर्दा निकै छोटो समयावधि हो जसलाई राज्यले सम्बोधन गर्ने कुनै पनि प्रयास गरेको जस्तो देखिँदैन । विशेष प्रतिवेदकले यस विधेयकको पहिलेको मस्यौदासँग सम्बन्धित यस्तै चिन्ता व्यक्त गरेका थिए ।[१८८] यसले समाजका सबैभन्दा बढी जोखिममा रहेका सदस्यहरूलाई संक्रमणकालीन न्याय प्रक्रियाबाट बाहिर राख्ने जोखिम निम्त्याउँछ । काठमाडौँमा प्रतिनिधिमण्डलसँग कुराकानी गरेकी एक यौन हिंसा पीडित महिलाका शब्दमा (अनुवाद गरिए अनुसार), प्रस्तावले *"द्वन्द्वकालीन पीडितहरूको कष्टप्रति असंवेदनशीलता देखाउँछ ।"*

१४९. महिलामाथिको भेदभाव उन्मूलनसम्बन्धी संयुक्त राष्ट्रसंघीय समितिले आफ्नो आम सिफारिसहरूको बुँदा ३० मा "महिला तथा बालबालिकाका लागि राज्य र गैर-राज्य पक्षहरूद्वारा गरिएका सबै प्रकारका लैङ्गिक हिंसालाई रोक्न, अनुसन्धान गर्न र दण्डित गर्न राज्यले शून्य सहनशीलताको नीति अवलम्बन गर्नुपर्ने"[१८९] निर्देशन दिएको छ । यो संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्को महिला, शान्ति र सुरक्षा सम्बन्धी प्रस्ताव १३२५ र १८२० को कार्यान्वयन गर्न बनेको नेपालको दोस्रो राष्ट्रिय कार्ययोजनामा चित्रित छ ।[१९०] लैङ्गिक सशक्तीकरण गर्ने र लैङ्गिक हिंसाको अन्त्य गर्ने यो प्रमुख रणनीति हो । महिलाहरू, खास गरी द्वन्द्वसँग सम्बन्धित यौनहिंसाका पीडितहरूका आवश्यकताहरू सम्बोधन गर्न असफल भएकोले यसको पहिलो चरण (२०११-२०१८) लाई आलोचना गरिएको थियो । यसले हिंसाको विरुद्ध कुनै मानवअधिकारमा आधारित दृष्टिकोण राखेन । यसले विपत्, आवास वा सुरक्षित घरहरूको पर्याप्त आवश्यकतालाइ सम्बोधन गरेको थिएन ।[१९१]

१५०. नेपालले उक्त कार्ययोजनाको दोस्रो चरण (२०२२-२०२५) कार्यान्वयनमा ढिलाइ गरिरहेको छ । २०२३ अगस्टमा स्वीकृत भएको कार्ययोजनाको कार्यान्वयन सम्पन्न हुन १२ महिनाभन्दा कम समय बाँकी छ (यो प्रतिवेदन लेखनको समयमा) । *"यौन र लैङ्गिक हिंसाका पीडितहरूको न्यायमा पहुँच सुनिश्चित गर्न संस्थागत सुदृढीकरण"* र *"द्वन्द्वप्रभावित महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरू र मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरूको पुनःस्थापना कार्यक्रमहरू कार्यान्वयन गर्नु"* यसको सञ्चालन रणनीतिको केन्द्रमा छ ।[१९२] यसले *"द्वन्द्व रूपान्तरण र शान्ति निर्माणको सम्पूर्ण प्रक्रियामा महिलाहरूको अर्थपूर्ण सहभागिता र सुरक्षाको पूर्ण सुनिश्चितता गर्ने"*[१९३] र *"द्वन्द्वपीडित महिला र बालबालिकाको विशेष र समग्र आवश्यकता सम्बोधन गर्ने, तिनीहरूको चासोका क्षेत्रमा अर्थपूर्ण रूपमा सहभागी हुन र सम्मानजनक जीवन जिउन सुनिश्चित गर्ने"* लक्ष्य राखेको छ ।[१९४] यसले पहिलेको राष्ट्रिय कार्ययोजनाको कमीकमजोरीहरू सम्बोधन गर्ने प्रयासहरू गरेकोमा त्यो स्वागतयोग्य छ ।[१९५]

१५१. यसको कार्यान्वयन राष्ट्रिय, प्रादेशिक, जिल्ला र स्थानीय स्तरका निकायहरूमार्फत गर्ने परिकल्पना गरिएको छ । गैरसरकारी संस्थाहरू र पीडित समूहहरू यसको कार्यान्वयनमा प्रतिबद्ध छन् र द्वन्द्वपीडित महिलाको राष्ट्रिय सञ्जाललाई कार्यान्वयनको प्रत्यक्ष साझेदारको रूपमा रहेको छ । प्रतिनिधिमण्डलले संयुक्त राष्ट्रसंघ विकास कार्यक्रम (यूएनडीपी) पनि यस कार्यक्रममा प्रतिबद्ध रहेको जानकारी पाएको छ । यद्यपि कार्यान्वयनमा अझै अवरोधहरू छन् । प्रतिनिधिमण्डलले नेपालको दोस्रो राष्ट्रिय कार्ययोजनाका बारे राष्ट्रिय र स्थानीय स्तरका सरकारी निकायहरू अनभिज्ञ रहेको र सरकारी तथा अन्य निकायरूमा आवश्यक कर्मचारी र वित्तीय पक्ष जस्ता स्रोतहरू र प्राथमिकतामा कमी रहेको जानकारी पाएको थियो ।[१९६]

१५२. **निश्कर्षः प्रतिनिधिमण्डलको दृष्टिकोणमा, द्वन्द्वकालका यौन हिंसाका पीडितहरूको सम्बन्धमा पहिले भएका कमीकमजोरीहरू सम्बोधन गर्न र दोस्रो राष्ट्रिय कार्ययोजना** (NAP II) **ओझेलमा नपरोस् भन्नका लागि त्यसका उद्देश्यहरू पूरा गर्न अझ धेरै काम गर्न आवश्यक छ । संक्रमणकालीन न्याय प्रक्रियाले द्वन्द्वकालका यौनहिंसाका पीडितहरू, पूर्व बाल सैनिकहरू र ऐतिहासिक रूपमा**

१८६ In the HRC case of *RR, KR and SR v Nepal*, RR was a 16-year-old girl accused of being a Maoist, taken from her family, raped and murdered by soldiers. The government submissions refused to accept that RR had been raped even in the face of compelling evidence and findings by domestic and martial courts.

१८७ विधेयक, दफा १३(६क) ।

१८८ Report of the Special Rapporteur on violence against women, its causes and consequences on her visit to Nepal (2019), §59.

१८९ CEDAW Committee, 'General recommendation No. 30 on women in conflict prevention, conflict and post-conflict situations', §38(b).

१९० Government of Nepal Ministry of Home Affairs, 'The Second National Action Plan for the Implementation of United Nations Security Council Resolution 1325 and 1820 Resolution on Women, Peace and Security (FY 2022/2023-2024/2025)' (2022) ("NAP II").

१९१ Report of the Special Rapporteur on violence against women, its causes and consequences on her visit to Nepal (2019), §20

१९२ दोस्रो कार्ययोजना, पृ १२ ।

१९३ दोस्रो कार्ययोजना, मन्तव्य ।

१९४ दोस्रो कार्ययोजना, पृ ११ ।

१९५ See, Advocacy Forum-Nepal, 'Briefing on the Implementation of National Action Plan II for the Implementation of the UN Security Council Resolutions 1325 and 1820 on Women, Peace and Security' (December 2023).

१९६ थप हेर्नुहोस्, ऐजन, पृ ८-९ ।



कानून व्यवसायीहरूको बर्दियामा नागरिक समाजका प्रतिनिधिहरुहरुसँगको भेटघाट।

**सीमान्तीकृत समुदायका व्यक्तिहरू सहितका जोखिममा रहेका पीडितहरूलाई यसको केन्द्रमा राख्नुपर्दछ। यो केवल उनीहरूले न्यायमा पहुँचमा सामना गरेका अवरोधहरूको संवेदनशीलतालाई बुझ्दै तिनलाई हटाउन र पीडितहरूलाई जवाफदेह बनाउन र अविलम्ब राहत खोज्न सहायता गर्ने उपायहरू कार्यान्वयन गरेर सम्भव छ। यो सरकारको प्राथमिकतामा हुनुपर्छ।**

१५३. **सिफारिसः द्वन्द्वकालीन यौन र लैंगिक हिंसाका पीडितहरूको अधिकारहरूको रक्षा गर्ने, र तिनीहरूको न्यायमा पहुँचलाई सहज बनाउन उजुरीहरू दर्ताको हदम्याद बढाउने लगायतका सुरक्षात्मक उपायहरू कार्यान्वयन गर्ने र तिनीहरूले सामना गरेका गोपनीयता जस्ता बाधाहरूको संवेदनशीलतालाई सम्बोधन गर्नुपर्दछ। दलित, पूर्व बाल सैनिक, महिला, आदिवासी, यौनिक अल्पसंख्यक र अपाङ्गता भएका व्यक्तिहरूको न्यायमा पहुँचलाई सहज बनाउने। पीडितहरूको संक्रमणकालीन न्याय प्रक्रियामा सहभागिताका क्रममा मानोसामाजिक सहायता सुनिश्चित गर्ने र अनुसन्धानहरू बालमैत्री र आघात-संवेदनशील रूपमा सञ्चालन गर्ने।**

## ७. विशेष अदालत र आयोगहरूमा नियुक्ति

१५४. विधेयकले सरकारलाई न्याय परिषद्सँग परामर्श गरेर उच्च अदालतका न्यायाधीशहरूलाई विशेष अदालतमा नियुक्त गर्ने अधिकार दिन्छ।[१९७] यसले सर्वोच्च अदालतको २०१७ को रायमा उल्लिखित न्यायाधीशहरूको स्वतन्त्रता सुनिश्चित गर्न न्यायिक परिषद्द्वारा न्यायाधीशहरू चयन गरिनुपर्ने संवैधानिक निर्देशनको अवज्ञा गर्न सक्ने सम्भावनाप्रति प्रतिनिधिमण्डलले चिन्ता व्यक्त गरेको छ।

१५५. संक्रमणकालीन न्याय प्रक्रियाहरूको वैधतालाई कमजोर बनाउने राजनीतिक आस्थाका आधारमा छनोट गरिएका आयुक्तहरू र न्यायाधीशहरूको नियुक्ति गर्नुभन्दा योग्यता, विषविज्ञता र प्रतिनिधित्वमा आधारित सार्वजनिक, स्वतन्त्र, र पारदर्शी नियुक्ति प्रक्रियाले राजनीतिक पूर्वाग्रहको आरोपहरू निस्तेज हुनेछ। नेपाली सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा नियुक्त भएका आयुक्तहरूलाई यसकारण पीडितहरूले विश्वास नगरेको देखिएको छ। न्याय परिषद् आफैं संविधानतः राजनीतिक नियुक्तिहरूमा निर्भर छ जसअनुसार देशको राष्ट्रपतिद्वारा नियुक्त प्रधानन्यायाधीशले यसको नेतृत्व गर्ने र यसको पाँच सदस्यमध्ये तीन सदस्यका रूपमा कानूनमन्त्री र प्रधानमन्त्रीको सिफारिसमा नियुक्त एक न्यायविद् हुनेबारे

१९७ विधेयक, दफा २९(क)।

प्रतिनिधिमण्डलले जानकारी पायो ।[१९८] नियुक्ति प्रक्रियामा कार्यकारीको यस स्तरको प्रभावले नियुक्तिहरूको सैद्धान्तिक र वास्तविक स्वतन्त्रता दुवैमा प्रश्न उठाउँछ । यसलाई संक्रमणकालीन न्यायको र हाल प्रस्तावित संवैधानिक संशोधनहरूको सन्दर्भमा रही सम्बोधन गर्नुपर्छ ।

१५६. कोलम्बियाली अनुभवले न्याय प्रणालीको चयन समिति तथा शीर्ष पदहरूमा नियुक्त गरिएका व्यक्तिहरू आलोचना र प्रश्नको केन्द्रमा हुने देखाएकाले संक्रमणकालीन न्याय प्रक्रियाको वैधता सुनिश्चित गर्नका लागि तिनको चयन सावधानीपूर्वक गरिनुपर्छ । सत्य, न्याय, परिपूरण र विगत नदोहोरिने सम्बन्धी विस्तृत प्रणालीका शीर्ष पदहरू चयन गर्न सशस्त्र द्वन्द्वका पक्षहरूलाई समावेश नगरी विभिन्न बाह्य प्रतिनिधिहरू समावेश भएको स्वतन्त्र चयन समिति गठन गरिएको थियो । यिनमा जेईपीका न्यायाधीशहरू, जेईपीको अनुसन्धान र अभियोजन इकाइका निर्देशक,[१९९] महान्यायाधिवक्ताको कार्यालय अन्तर्गत आपराधिक संगठनहरूको अनुसन्धान र विघटन सम्बन्धी विशेष इकाइका निर्देशक,[२००] हराइरहेका व्यक्तिहरूको खोजी इकाइ *(UBPD)* का निर्देशक, र सत्य स्पष्टीकरण आयोग *(CEV)* का आयुक्तहरू समावेश थिए । निर्वाचन प्रक्रिया तीन महिनासम्म चलेको थियो, त्यो सार्वजनिक थियो, र सुरक्षित अनलाइन माध्यममार्फत सञ्चालन गरिएको थियो जसले उम्मेदवारहरूको विवरण प्रकाशित गरेको थियो र समिति सदस्यहरूले मात्र देख्ने गरी जोकसैलाई पनि टिप्पणी गर्ने अनुमति दिएको थियो । अन्तिम सूचीमा परेका उम्मेदवारहरूको अन्तर्वार्ताहरू पनि अनलाइन माध्यममा सार्वजनिक गरिएको थियो र संयुक्त राष्ट्रसंघको विकास कार्यक्रम (UNDP) को सहयोगमा विकास गरिएको प्रणालीले सन् २०१६ को शान्ति सम्झौतामा उल्लिखित चयन मापदण्ड अनुसार उम्मेदवारहरूको विवरण मापन गरेको थियो ।[२०१]

१५७. कोलम्बियाको संविधान संशोधनले सत्य, न्याय, पुनःस्थापना र नदोहोरिने विषयमा विस्तृत प्रणाली निर्माण गरेको थियो जसअनुरूप संविधानका सबै पक्षले लैंगिक, जातीय र सांस्कृतिक विविधताको सम्मान गर्नुपर्ने प्रावधान राखेको थियो ।[२०२] शान्ति सम्झौता अनुसार, जेईपीका न्यायाधीशहरूको मानवअधिकार, अन्तर्राष्ट्रिय मानवीय कानून, र द्वन्द्व समाधानमा व्यापक अनुभव हुनु अनिवार्य छ ।[२०३] साथै, छनौट समितिले ऐतिहासिक रूपमा विभेदको सामना गरेका समूहका व्यक्तिहरू, जसले राजनीतिक प्रभाव नहुँदा न्यायिक नियुक्तिहरूमा सहभागी हुन पाएका थिएनन्, तिनीहरूको चयनलाई प्रोत्साहन गऱ्यो ।[२०४] न्यायाधीशहरू र न्यायिक वा अभियोजन कार्यहरूमा संलग्न व्यक्तिहरू कानूनव्यवसायी नै हुनुपर्ने बाध्यात्मक व्यवस्था थियो तर अन्य आयुक्तहरू कानूनव्यवसायी हुन अनिवार्य थिएन । यसले पीडितहरूको संगठनका कानूनव्यवसायी बाहेकका नेतृत्वकर्ताहरू, पत्रकारहरू, र मनोवैज्ञानिकहरूलाई सत्य स्पष्टीकरण आयोगमा सामेल हुने अवसर दियो ।[२०५]

१६०. यी साधनहरू प्रभावकारी भएका छन् । जेईपीका ५५ प्रतिशत न्यायाधीशहरू महिला छन् । यो तथ्य प्रायः पुरुषहरूको बाहुल्य रहेको कोलम्बियाको साधारण न्यायालयको उच्च अदालतहरूको संगठनभन्दा भिन्न छ ।[२०६] जेईपीका न्यायाधीशहरूको छनोटमा सकारात्मक विभेदले गर्दा ८ प्रतिशत न्यायाधीशहरू आदिवासी छन् भने १२ प्रतिशत अफ्रो-कोलम्बियाली छन्, जबकि यी समूहहरूको प्रतिनिधित्व कोलम्बियाको उच्च अदालतहरूमा लगभग शून्य छ ।[२०७] थप रूपमा, ३५ प्रतिशत न्यायाधीशहरू राजधानीबाट छन्, जबकि बाँकीहरू द्वन्द्वले धेरै प्रभाव पारेको क्षेत्रका प्रतिनिधिहरू छन् ।[२०८] ४ प्रतिशत न्यायाधीशहरू सैनिक छन् ।[२०९] सत्य स्पष्टीकरण आयोगमा समान प्रकृतिका प्रतिनिधित्व भएका छन्, जसमा ४० प्रतिशत भन्दा बढी महिला आयुक्तहरू छन्, र यसमा अफ्रो-कोलम्बियाली र आदिवासी आयुक्तहरू समावेश छन् । हराएका व्यक्तिहरूको खोजीको इकाइका पहिलो निर्देशक एक महिला मानवअधिकार कानूनव्यवसायी थिइन् जससँग हराएका आफ्ना आफन्तहरूको खोजीमा समर्पित सामाजिक संगठनका पीडितहरूको प्रतिनिधित्व गर्ने अनुभव थियो ।

१६१. यो नेपालसँग तुलना गरिन योग्य छ जहाँ न्यायपालिकामा महिलाहरूको प्रतिनिधित्व ११ प्रतिशत मात्र छ र सर्वोच्च अदालतमा केवल तीन महिला न्यायाधीशहरू छन् ।[२१०] प्रतिनिधिमण्डलले बुझेअनुसार, सशस्त्र द्वन्द्वले विशेष रूपमा पीडित बनाएको दलित र थारू जस्ता ऐतिहासिक रूपमा सीमान्तीकृत समुदायहरूको न्यायपालिकामा प्रतिनिधित्व न्यून छ । संक्रमणकालीन न्याय सम्बन्धी निकायहरूमा लैंगिक, जातीय, पेशागत र क्षेत्रीय समताको बढ्दो मागले समग्र नेपाली समाजको र सशस्त्र द्वन्द्वबाट विभिन्न रूपमा प्रभावित भएका व्यक्तिहरूको प्रतिनिधित्व बढाउँछ ।

१९८ नेपालको संविधान २०७२, धारा १५३ ।
१९९ जेईपी JEP (Special Jurisdiction for Peace) को अधिकारक्षेत्रमा पर्ने मुद्दाहरूको अनुसन्धान र अभियोजनको जिम्मेवारी लिने निकाय ।
२०० कोलम्बियाली शान्ति सम्झौताले JEP लाई राज्यका अधिकारीहरू र पूर्व FARC लडाकूहरूलाई अनुसन्धान र अभियोजन गर्ने अधिकारका अतिरिक्त, यसले साधारण अदालतहरूमा आपराधिक संगठनका सदस्यहरूलाई अनुसन्धान र अभियोजन गर्न जिम्मेवार महान्यायाधिवक्ताको कार्यालय भित्र एक अनुसन्धान इकाई पनि स्थापना गऱ्यो । यो इकाई एक साधारण, गैर-संक्रमणकालीण निकाय भित्र स्थापित गरिएको भए पनि, यसको निर्देशकलाई समग्र संक्रमणकालीन न्याय प्रणालीका वरिष्ठ अधिकारीहरूको नियुक्तिको लागि जिम्मेवार स्वतन्त्र समितिले चयन गरेको हो ।
२०१ Santiago Pardo Rodríguez, 'A Second Chance on Earth: Understanding the Selection Process of the Judges of the Colombian Special Jurisdiction for Peace', Notre Dame Journal of International & Comparative Law, Vol. 10, Issue 2, 2020, pp209-266.
२०२ Legislative Act 01 of 2017.
२०३ Colombian Peace Agreement 2016, Articles 65-66.
२०४ Santiago Pardo Rodríguez, 'A Second Chance on Earth: Understanding the Selection Process of the Judges of the Colombian Special Jurisdiction for Peace', p224.
२०५ Truth Clarification Commission, 'The Commissioners' (in Spanish).
२०६ Corporación Excelencia en la Jusiticia, 'Paridad de género en las Altas Cortes de Colombia' (2021) (in Spanish).
२०७ Santiago Pardo Rodríguez, 'A Second Chance on Earth: Understanding the Selection Process of the Judges of the Colombian Special Jurisdiction for Peace', pp258-259.
२०८ ऐजन, पृ २४९ ।
२०९ ऐजन, पृ २६१ ।
२१० Royal Norwegian Embassy in Kathmandu, 'How "Access to Justice" contributes to strengthening gender equality' (10 March 2024).

१६२. यस सन्दर्भमा, प्रतिनिधिमण्डल पाँच सदस्यीय[२११] आयोगमा जस्तै आयोगका आयुक्तहरू नियुक्त गर्ने सिफारिस समितिमा पनि कम्तीमा एक महिला समावेश गर्नुपर्ने प्रावधानलाई स्वागत गर्दछ।[२१२] आयुक्तहरू नियुक्तिको समयमा कुनै पनि राजनीतिक दलका सदस्य हुन नहुने,[२१३] मानवअधिकार, शान्ति, कानून, द्वन्द्व व्यवस्थापन वा समाजशास्त्र[२१४] जस्ता क्षेत्रमा अनुभवी उपयुक्त रूपमा योग्य व्यक्ति न्यायाधीश हुनुपर्ने र उनीहरू द्वन्द्वमा संलग्न वा मानवअधिकार[२१५] उल्लंघनको लागि मानव अधिकार आयोगले अभियोजनको सिफारिस नगरेको व्यक्ति हुनुपर्छ। तर विशेष अदालतका न्यायाधीशहरूको सन्दर्भमा यस्तै प्रावधान नगरिएको प्रतिनिधिमण्डलको जानकारीमा आएको छ।

१६३. **निश्कर्षः संक्रमणकालीन न्याय प्रक्रियामा संलग्न न्यायाधीश र आयुक्तहरूको राजनीतीकरणले यसको स्वतन्त्रता र अखण्डतामा आँच आउनेछ र प्रक्रियाको सफलताको लागि अपरिहार्य सरोकारवालाहरूको विश्वास कमजोर पार्नेछ।**

१६४. **सिफारिसः आयोगहरू र अदालतहरू लगायत संक्रमणकालीन न्याय प्रक्रियाको केन्द्रमा रहेका संस्थाहरू, तिनीहरूको नियुक्तिको प्रक्रियाहरू स्वतन्त्रता वा निष्पक्षताको अभावमा कलङ्कित नहोऊन् भनेर सुनिश्चित गर्ने। न्यायाधीशहरू र आयुक्तहरू शान्ति निर्माण र पीडित-केन्द्रित न्यायमा प्रमाणित विशेषज्ञता भएका व्यक्ति हुनुपर्ने र देशको लैंगिक, जातीय र क्षेत्रीय बनोटलाई प्रतिबिम्बित गर्नुपर्ने। तिनीहरूलाई कुनै पनि चरणमा राजनीतिक दलहरूको हस्तक्षेप विनाको एक पारदर्शी र सार्वजनिक प्रक्रियामार्फत छनौट गर्नुपर्छ।**

## ८. अभियोजनको लागि सिफारिसहरू

१६५. विधेयकमा उल्लेख भएअनुसार, सत्य निरूपण तथा मेलमिलाप आयोग वा बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगबाट अभियोजनको सिफारिस महान्यायाधिवक्ताको कार्यालयमा प्राप्त भएपश्चात् महान्यायाधिवक्ता वा अधिकार प्राप्त सरकारी वकिलले एक वर्षभित्र मुद्दा दायर गर्ने वा नगर्ने निर्णय गर्नेछन्।[२१६] प्रतिनिधिमण्डलले महान्यायाधिवक्तालाई नेपालको राष्ट्रपतिद्वारा, प्रधानमन्त्रीको सिफारिसमा, संविधानअनुसार नियुक्त गरिनेबारे चिन्ता प्रकट गरेको छ।[२१७] नेपालमा आरोपितहरू अझै पनि राजनीतिक शक्तिमा भएकाले अभियोजनहरू उच्च राजनीतिक चासोको विषय हुनेछन्। यी मुद्दाहरूको अनुसन्धान राजनीतिक पूर्वाग्रहबाट स्वतन्त्र रहनु अत्यन्त महत्वपूर्ण छ।

१६६. **निश्कर्षः प्रतिनिधिमण्डल विधेयकले राजनीतिक रूपमा नियुक्त महान्यायाधिवक्तालाई अभियोजन अगाडि बढाउन तजबिजी अधिकार दिने सम्भावनाप्रति चिन्तित छ।**

१६७. **सिफारिसः संक्रमणकालीन न्याय प्रक्रियाका संगठनात्मक संरचनामा अभियोजनको सिफारिस र अनुसन्धान गरिएका मुद्दाहरू राजनीतिक हस्तक्षेप विना नै अगाडि बढाउने प्रावधान सुनिश्चित गर्ने।**

## ९. व्यापक चासो र चिन्ताका विषयहरू

**क.** आयोगहरू र अदालतहरूको अव्यावहारिक बोझ

१६८. विधेयकले आयोगहरूको कार्यकाललाई चार वर्षसम्म थप्ने र अनुसन्धानको लागि प्रमाण संकलन लगायतका कार्यसम्पादन गर्न आवश्यक परे थप समय विस्तार गर्न सकिने विषयलाई प्रतिनिधिमण्डलले स्वागत गरेको छ।[२१८] तथापि, २०७२ सालदेखि सत्य निरूपण तथा मेलमिलाप आयोगमा करिब ६४,००० उजुरी र बेपत्ता छानबिन आयोग मा ३,००० भन्दा बढी उजुरी दर्ता भए तापनि दुवैले अहिलेसम्म कुनै पनि अनुसन्धान पूरा गर्न सकेका छैनन्, न त बेपत्ता व्यक्तिहरूको पहिचान नै गर्न सकेका छन्। यस अवस्थामा चार वर्षको समयावधि अत्यन्त महत्वाकांक्षी देखिन्छ। विशेषगरी, विधेयकमा मानवअधिकार उल्लंघन र अन्तर्राष्ट्रिय अपराधहरूको छानबिनका लागि आयोगलाई आवश्यक स्रोतसाधन र तालिम प्रदान गर्नेबारे स्पष्ट प्रावधान नहुँदा यो कार्य पूरा गर्न चुनौतीपूर्ण छ।

१६९. विधेयकले 'मानवअधिकारको उल्लंघन' र 'मानवअधिकारको गम्भीर उल्लंघन' का सबै मुद्दाहरूमा सुनुवाइ गर्न विशेष अदालतमा तीन सदस्य मात्र समावेश गर्ने प्रस्ताव गरेको छ।[२१९] प्रतिनिधिमण्डलको बुझाइमा यस्तो सीमित सदस्य संख्याले अदालतमा आउने मुद्दाहरूको भारलाई सम्हाल्न निकै कठिन हुने सम्भावना छ।

२११ विधेयक, दफा ३(३)।
२१२ विधेयक, दफा ३(२)।
२१३ विधेयक, दफा ४(ख)।
२१४ विधेयक, दफा ४(घ) र (च)।
२१५ विधेयक, दफा ५(घ) र (ङ)।
२१६ विधेयक, दफा २९(३)।
२१७ नेपालको संविधान, धारा १५७(२)।
२१८ विधेयक, दफा ३८।
२१९ विधेयक, दफा २९(क)।

१७०. **निष्कर्ष: राज्यले आयोगहरूलाई आफ्नो अनुसन्धात्मक जिम्मेवारी पूरा गर्न आवश्यक विज्ञता, अनुसन्धान क्षमता र स्रोतसाधन सुनिश्चित गर्नेतर्फ अझै कदम चालेको छैन।**

१७१. **सिफारिस: सत्य निरूपण तथा मेलमिलाप आयोग वा बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगलाई के भएको र बेपत्ता पारिएका व्यक्तिहरूको अवशेष कहाँ छ, को दोषी हो र कस्ता सजाय हुनुपर्नेबारे सुझाव दिन र छानबिनका लागि आवश्यक तथ्यांक संकलनमा लागि बजेट, अनुसन्धात्मक क्षमता, विज्ञता, रणनीति, स्रोतसाधन, प्रविधि, विशेषज्ञता, क्षमता र संरचना उपलब्ध गराउने। विशेष अदालतमा आवश्यक परे न्यायाधीशहरूको संख्या बढाउने।**

ख. द्वन्द्वकालीन प्रमाण र तथ्यांकको संरक्षण

१७२. प्रतिनिधिमण्डले नेपाली पीडित समूह र नागरिक समाज संस्थाहरूबाट व्यक्त भएको चिन्तालाई मनन गर्दा स्थानीय शान्ति समितिहरू (सरकारी नियन्त्रणमा रहेका), सैन्य अभिलेखहरू (सैन्य नियन्त्रणमा रहेका), सत्य निरूपण तथा मेलमिलाप आयोग वा बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको अभिलेखको सुरक्षा र व्यवस्थापन प्रक्रिया अस्पष्ट छ। प्रतिनिधिमण्डले नागरिक समाज संस्थाहरूसँग रहेका अभिलेखहरू पनि जोखिममा रहेको जानकारी पाएको छ।

१७३. कोलम्बियामा अभिलेखहरूको सुरक्षा संक्रमणकालीन न्याय प्रक्रियाको केन्द्रविन्दु बनेको छ। अनुभवले देखाएअनुसार, विगत वा वर्तमानमा शक्तिशाली पदमा रहेका आरोपित पीडकहरूमाथि अनुसन्धान र न्यायिक कारवाहीहरू आरम्भ भएपछि राज्य, पीडित वा नागरिक समाज संस्थाका अभिलेखहरू नष्ट गरिने, हराउने वा पहुँचमा रोक लाग्ने जोखिमहरू बढ्छन्।[२२०] तसर्थ ती अभिलेखहरू सुरक्षित राख्न, वर्गीकरण गर्न र पहुँचको प्रक्रिया व्यवस्थित गर्न, आवश्यक परेको खण्डमा अन्तर्राष्ट्रिय प्राविधिक सहायता लिई स्वतन्त्र उपायहरू अपनाइएका थिए।[२२१]

१७४. यस सम्बन्धमा, विधेयकमा राज्यका निकायहरूलाई अनुसन्धानमा सहयोग गर्न, सार्वजनिक पद धारण गरेका कोही व्यक्तिले प्रमाण नष्ट गर्ने सम्भावना देखिएमा आयोगहरूले सुझाएबमोजिम त्यस्ता व्यक्तिलाई निलम्बन गर्ने, 'मानवअधिकारको गम्भीर उल्लंघन' मा संलग्न व्यक्तिमाथि गहिरो अनुसन्धानका लागि सिफारिस गर्ने, मानवअधिकारको उल्लंघनमा दोषी ठहरिएका व्यक्तिमाथि विभागीय कारबाही गर्ने जस्ता बाध्यकारी प्रावधानको प्रतिनिधिमण्डलले स्वागत गरेको छ। तर विधेयकले सफल अनुसन्धान र अभियोजन सुनिश्चित गर्न द्वन्द्वकालीन पक्षहरूसँग भएका प्रमाणहरूको स्वतन्त्र संरक्षणको व्यवस्था गरेको छैन। साथै, यसले अभियोजनका लागि उजुरी परेका) सार्वजनिक पद धारण गरेका व्यक्तिहरूको निलम्बन वा विशेष अदालतले गर्न सक्ने पीडक परीक्षण (भेटिंग) को व्यवस्था गरेको छैन। प्रतिनिधिमण्डल यहाँ यातनाविरुद्धको संयुक्त राष्ट्रसंघीय समितिले यातनाका आरोपित राज्यका अधिकारीहरू अनुसन्धानको समयावधिभर आफ्नो पदमा रहन नपाउने स्पष्ट प्रावधान स्मरण गर्न चाहन्छ।[२२२] यी मामिलाहरूमा विधेयक चुकेको छ।

१७५. **निष्कर्ष: नेपालमा संक्रमणकालीन न्याय प्रक्रिया तबमात्र प्रभावकारी हुनेछ जब द्वन्द्वकालीन अभिलेखहरू, प्रमाण र तथ्यांकको स्वतन्त्र रूपमा संरक्षण र पहुँच सुनिश्चित हुने पर्याप्त संयन्त्रको विकास हुन्छ। तिनलाई लुकाउँदा वा दिएको निर्देशन ढाकछोप गर्ने मनसाय बोकेका सरकार, सेना तथा प्रहरी लगायत द्वन्द्वमा संलग्न पक्षहरूको नियन्त्रण र पहुँचबाट तिनलाई सुरक्षित रूपमा मुक्त गर्नुपर्छ। साथै, मानवअधिकारको उल्लंघनमा आरोपित र/वा दोषीलाई सार्वजनिक पदबाट निलम्बन गर्दा थप ज्यादती र विगत दोहोरिने जोखिम रोक्न सुनिश्चित गर्छ।**

१७६. **सिफारिस: राष्ट्रिय सुरक्षा निकायहरूको द्वन्द्वकालीन अभिलेखमाथि तिनको र सरकारको नियन्त्रण हटाउने। संक्रमणकालीन न्यायसम्बन्धी निकायहरूको पहुँच र अनुसन्धानका लागि राज्य र नागरिक समाजका अभिलेखहरूलाई सुरक्षित गर्न स्वतन्त्र प्रणाली विकास गर्ने। राज्य, सत्य निरूपण तथा मेलमिलाप आयोग वा बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग तथा राष्ट्रिय मानव अधिकार आयोग, नागरिक समाज र पीडित समूहहरूबाट सिर्जित द्वन्द्वकालीन तथ्यांक सुरक्षित गर्न स्वतन्त्र प्रणाली विकास गर्ने। अभियोजनका लागि उजुरी परेका सार्वजनिक पद धारण गरेका व्यक्तिहरूलाई अनुसन्धानको समयावधिभर निलम्बन गर्ने। विशेष अदालतले पीडक परीक्षण(भेटिंग) गर्नसक्ने व्यवस्था गर्ने।**

२२० हेर्नुहोस्, Verdad Abierta, 'Evidence on 'false positives' burned in Antioquia' (17 June 2017) (in Spanish).
२२१ हेर्नुहोस्, Law 1448 of 2011; Decree 4803 of 2011; JEP Auto 001 (12 May 2018); JEP Auto OPV 182 (25 April 2023).
२२२ UN Committee against Torture, 'Concluding Observations: Armenia' (6 July 2012) UN Doc CAT/C/ARM/CO/3, §13.




**ग.** लगानी र कार्यान्वयनको व्यापक विषयहरू

**१७७.** प्रतिनिधिमण्डलको अवलोकनमा नेपालमा संक्रमणकालीन न्यायको बहस केवल विधेयकको अनुमोदनमा सीमित छ।

**१७८.** कानूनमा सुधार अल्पकालीन प्राथमिकता मात्र हुनुपर्ने र विधेयकलाई पारित गर्नु संक्रमणकालीन न्यायको आरम्भ मात्र हुने कुरालाई प्रतिनिधिमण्डलले मनन गरेको छ। यसको व्यावहारिक कार्यान्वयनका लागि स्पष्ट र विस्तृत योजना आवश्यक छ। यद्यपि यसले संक्रमणकालीन न्यायका लागि आवश्यक वित्तीय, प्राविधिक र मानव संसाधनहरू कसरी व्यवस्थापन गरिने र प्रक्रियाको प्रगतिको अनुगमन कसरी गरिने भन्ने मुख्य र आधारभूत प्रश्नहरू उब्जाएको छ। प्रतिनिधिमण्डलको बुझाइमा यी यावत् प्रश्नहरूको समाधान हुन बाँकी छ। एड्भोकेसी फोरम नेपालले प्रतिनिधिमण्डलमाझ व्यक्त गरेअनुसार :

*"संक्रमणकालीन न्याय हाल अन्तर्राष्ट्रिय दातृनिकायको प्राथमिकतामा पर्दैन तर विधेयक पारित भएसँगै यो अवस्था परिवर्तन हुनसक्छ। तर देशलाई यसको आवश्यकता छ। प्रक्रिया सुचारु भएमा आयोगहरूसँग पीडितहरूको सक्रिय अन्तर्क्रिया; उल्लंघनहरूको छानबिन तथा कानूनी प्रक्रिया अघि बढाउन सहायता आवश्यक पर्नेछ। हामीलाइ आर्थिक सहयोग, क्षमता वृद्धि र सीपहरू आवश्यक पर्नेछ।"*

**१७९.** प्रतिनिधिमण्डलले भेट गरेको सरोकारवालाहरू र सरकारी प्रतिनिधिहरूले नेपालका यी आवश्यकताहरू पूर्ति गर्न अन्तर्राष्ट्रिय दातृ समुदायले भूमिका खेल्नेबारे आशा र अपेक्षा गरेको देखिएको छ। विधेयकमा अनुसन्धानहरू, सत्य अन्वेषण, राहत तथा परिपूरण जस्ता कार्यहरूका लागि 'कोष' विदेशी सरकार वा अन्तर्राष्ट्रिय संस्थाहरूबाट प्राप्त गर्ने र साथै आयोगहरूलाई विदेशी विज्ञ वा विशेषज्ञ निकायहरूले सघाउने स्पष्ट प्रावधानहरू छन्। प्रतिनिधिमण्डलको विचारमा संक्रमणकालीन न्याय प्रक्रियामा बृहत् अन्तर्राष्ट्रिय समर्थन जुटाउनका लागि यसले सुरुमै अन्तर्राष्ट्रिय मापदण्डहरू पूरा गर्नु अपरिहार्य छ।

**१८०.** **निश्कर्ष: संक्रमणकालीन न्याय प्रक्रियाको व्यावहारिक कार्यान्वयनका लागि लगानी कसरी गर्ने, कस्ता प्राविधिक, विज्ञ, संस्थागत र मानव स्रोतको आवश्यकता पर्ने र कसरी अनुगमन तथा मूल्यांकन गर्ने लगायतका पक्षहरूबारे अझै स्पष्ट योजना छैन। अन्तर्राष्ट्रिय समर्थन महत्वपूर्ण हुनेछ। यसकारण पनि प्रक्रियाद्वारा नेपालले अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू पूरा गर्न सक्ने क्षमता स्वाभाविक देखिन्छ।**

**१८१.** **सिफारिस: अन्तर्राष्ट्रिय मापदण्डहरू अनुरूप पीडितकेन्द्रित संक्रमणकालीन न्याय प्रक्रियाको कार्यान्वयनमा आवश्यक प्राविधिक विज्ञता एवं वित्तीय स्रोतहरू पहिचान गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवालाहरूसँग सहकार्य गर्नका निम्ति स्पष्ट मार्गचित्र तयार पार्ने। अन्तर्राष्ट्रिय दातृ समुदायहरूले संक्रमणकालीन न्याय प्रक्रियामा समर्थन, त्यसको अन्तर्राष्ट्रिय कानूनसँगको अनुकूलता र स्रोतहरूको प्रयोगबारे पारदर्शिता सुनिश्चित भए नभएको आधारमा गर्नुपर्ने।**

घ. नागरिक सक्रियताको सुरक्षा र पीडितकेन्द्रित प्रक्रियाको सुनिश्चितता

१८२. कोलम्बियाको अनुभवले पीडितहरूको सहभागिताका लागि स्रोत अपरिहार्य हुने देखाउँछ । संक्रमणकालीन न्यायका निकायहरूको कार्य प्रारम्भ हुनुपूर्व पीडितहरूको सहभागिताका लागि विभिन्न संयन्त्रहरू स्थापित गरिए जसका निम्ति प्राविधिक टोलीहरूका काम, कैयौं दिनका समीक्षा र छलफलहरू, बैठकहरू, ज्ञान आदानप्रदान तथा सुनुवाइमा सहभागी हुन यात्राहरू आवश्यक भए । तीमध्ये निम्न प्रसंगहरू उल्लेखनीय छन् जसका निम्ति अन्तर्राष्ट्रिय समुदायको साथ अपरिहार्य थियो :

– सत्य, न्याय, परिपूरण तथा विगत नदोहोरिने सम्बन्धी विस्तृत प्रणालीका संयन्त्रहरू सञ्चालन भएको पहिलो पाँच वर्षको दौरानमा नागरिक समाज संस्थाहरूले आयोगलाई र जेईपीलाई अनुसन्धानमा सामेल गर्न सकिने गरी प्रतिवेदनहरू बुझाए । ती क्षेत्रीय प्रकृतिका प्रतिवेदनहरू आदिवासी व्यक्तिहरू, जातीय अल्पसंख्यक, लैङ्गिक अल्पसंख्यक वा महिलाविरुद्धका हिंसा, अपराधको शैलीहरूबारे, द्वन्द्वका अन्तर्निहित कारणहरू र मानवअधिकार उल्लङ्घनबाट सिर्जना भएका व्यक्तिगत तथा सामूहिक प्रभावहरू बारे हुन सक्थे ।

– जेईपीमा पीडितहरूले निर्णयहरूको प्राथमिकीकरणमा सहभागी हुनका लागि विभिन्न संयन्त्रहरू उपलब्ध छन् ।

– पीडितहरू आफैंले वा न्यायाधीशहरूमार्फत आरोपित पीडकहरू र प्रत्यक्षदर्शीहरूलाई सुनुवाइका क्रममा सोध्ने प्रश्नहरू निर्माण गर्न सक्छन् ।

– पीडितहरूले साक्षीहरूको सत्य अन्वेषणमा योगदान अवलोकन गर्न सक्छन् ।

– पीडितहरू सत्य तथा जवाफदेहिता स्वीकार सम्बन्धी सुनुवाइहरूमा सहभागी हुन सक्छन् ।

– पीडितहरू विशेष सजायहरूको निर्धारणका क्रममा सहभागी हुन्छन् ।

१८३. नेपालमा संक्रमणकालीन न्यायको खोजीमा सक्रिय पीडित समूहहरू, सामुदायिक संस्थाहरू, राष्ट्रिय बार एशोसिएशन, राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू लगायत ऊर्जाशील नागरिक समाजको बलियो उपस्थिति रहेको छ । यी मानवअधिकार रक्षकहरूले पीडितहरूलाई आफ्ना अनुभवहरू खुलासा, दस्तावेजीकरण र अभिलेख संकलनमा सहायता गर्न, मानवअधिकारको उल्लङ्घनको लागि न्यायको माग गर्न र सङ्क्रमणकालीन न्याय प्रक्रियासम्बन्धी सार्वजनिक परामर्शहरूमा सक्रिय भई आफ्ना मागहरू मुखरित गर्ने सन्दर्भमा मनोसामाजिक, कानूनी, पैरवी तथा अन्य व्यावहारिक सहायता प्रदान गर्दै आइरहेका छन् । राष्ट्रिय सञ्चारमाध्यमले जनचेतना प्रवर्धनका लागि अहम् भूमिका खेल्दै आएको छ । संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषद्मा हालसालै दिएको एक



प्रतिनिधिमण्डलको लगभग एक साताको नेपाल भ्रमणका क्रममा काठमाडौं, नेपालगञ्ज, बर्दिया र जनकपुर लगायतका स्थानहरूमा विभिन्न बैठकहरु भए ।

प्रस्तुतिमा सरकारले *"नागरिक समाज र सञ्चारजगतलाई मानवअधिकारको संवर्धन र संरक्षणमा अभिन्न साझेदारहरूका रूपमा लिएको"* स्वीकार गरेको छ ।[२२३]

१८४. प्रतिनिधिमण्डलले नेपाली र अन्तर्राष्ट्रिय नागरिक समाजको पीडितकेन्द्रित सङ्क्रमणकालीन न्याय प्रणालीको सफलतामा सक्रिय भूमिका अपरिहार्य रहेको मनन गरेको छ । ती भूमिकाहरू निम्नानुसार हुन सक्छन् :

- पैरवी वा वकालत : भइरहेका परामर्शहरू र संक्रमणकालीन न्याय प्रक्रियामा पीडितहरूको तर्फबाट वकालत गर्ने ।

- सहायता : प्रक्रियालाई प्राविधिक विज्ञता, बन्दोबस्ती, आर्थिक वा अन्य सहायता प्रदान गर्ने । यसका साथै अनुसन्धानहरू, बेपत्ता पारिएका व्यक्तिहरूको खोजी, मानव अवशेष (जसमा निश्चित विज्ञता आवश्यक पर्छ) पत्ता लगाउने काम, प्रमाण संकलन, तथ्याङ्क व्यवस्थापन, आयोगका कामहरूको अनुगमन,[२२४] पीडितहरू र आरोपित व्यक्तिहरूलाई उनीहरूको सहभागितामा सहजीकरण गन कानूनी, व्यावहारिक तथा मनोसामाजिक सहायता प्रदान गर्ने ।

- परिचालन/क्षमता विकास/शिक्षा : जोखिममा रहेका र सीमान्तीकृत समूहहरू अपाङ्गता भएका व्यक्तिहरू र कम क्षमता भएका व्यक्तिहरू लगायत सहभागितामा अवरोधहरूको सामना गरिरहेका सरोकारवालाहरूको सशक्तीकरण र प्रक्रियामा सक्रियता बढाउन सँगै काम गर्ने ।

- स्वतन्त्र पहलकदमी : प्रक्रियामा सघाउन ग्रामीण स्तरमा सत्यकथन र दस्तावेजीकरण गर्ने कार्यहरूमा सहजीकरणः स्मृति निर्माण, नागरिक समाजका अभिलेखहरूको सुरक्षा, पीडितहरूलाई अदालत लगायतका निकाय समक्ष आफ्ना मागहरूको वकालत गर्न सहायता गर्ने ।

- विकल्पहरू निर्माण गर्ने स्थल : पीडितहरूको द्वन्द्वका घाउ निको हुने प्रक्रियालाई साथ दिन उनीहरूले सत्यकथन, स्मृति निर्माण, मेलमिलाप र सामूहिक पहिचानसम्बन्धी आफ्ना बुझाइहरू निर्माण गर्न सक्ने सुरक्षित स्थानहरूको निर्माण गर्ने ।

१८५. यी सबै कुरा मनन गर्दै प्रतिनिधिमण्डलले विभिन्न नेपाली तथा अन्तर्राष्ट्रिय नागरिक समाज संस्थाहरूले व्यक्त गरेअनुसार २०७२ सालमा संविधान जारी भएपश्चात् भइरहेका विधायिकी र नीति निर्माणहरूले नागरिक समाजको आवाज र संविधानप्रदत्त अधिकार दबाउने प्रयत्न गरिरहेको बारे गम्भीर चिन्ता व्यक्त गऱ्यो ।

१८६. राष्ट्रिय सदाचारनीति २०७४ (हाल विचाराधीन)२२५[२२५] ले राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको दर्ता प्रक्रियामा सरकारको अत्यधिक निषेधात्मक र तजबिजी सुपरीवेक्षण, साथै प्रतिवेदन र मानव संसाधन सम्बन्धी झन्झटिला प्रक्रियाहरू, संस्थाका गतिविधिहरू र वित्तीय पक्षसम्बन्धी[२२६] निषेधात्मक प्रावधानहरू उल्लेख गरेको छ । संयुक्त राष्ट्रसंघीय विशेष प्रतिवेदकले प्रस्तावित नीतिको खण्डन गर्दै भनेका छन्, *"नीतिले सरकारका विचारहरू विपरीत पैरवी र संवर्धन गर्ने नागरिक समाजको, विशेषगरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको सञ्चालन क्षमता अवरोध गर्ने नियत बोकेको छ"*, जसमा "वाक् स्वतन्त्रता र संगठित हुन पाउने स्वतन्त्रतालाई अवरोध गर्ने अस्वीकार्य अवरोधहरू" रहेको र "राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूमा स्वप्रतिबन्ध" लगाउने सम्भावना रहेको र *"राज्यका अधिकारीहरूका विचार र नीतिहरू विपरीतका वैकल्पिक आवाजहरू प्रस्तुत गर्ने गरी पैरवी कार्य गर्ने मानवअधिकार प्रवर्द्धन गर्ने संस्थाहरूमा नकारात्मक प्रभाव"* पार्ने सम्भावना रहेको भनेका छन् ।[२२७] एक अन्तर्राष्ट्रिय नागरिक समाज सञ्जाल सिभिकस मनिटरले नेपालमा हाल नागरिक सक्रियता 'अवरोध' गरिएको निश्कर्ष निकालेको छ ।[२२८]

१८७. प्रतिनिधिमण्डलले हालै मानव, वातावरण र आदिवासी अधिकार रक्षकहरू र पत्रकारहरूमाथि प्रहरी तथा गैरराज्य पक्षलेगरेको आक्रमणबारे राज्यको बेवास्ता वा अपर्याप्त सुनुवाइका बारेमा जानकारी लियो ।[२२९] २०७८ सालमा गृह मन्त्रालयले मानवअधिकार रक्षकहरूको सुरक्षा र संरक्षण सम्बन्धी निर्देशन जारी[२३०] गरेको बारे प्रतिनिधिमण्डल हर्षित भएपनि उक्त निर्देशनको निरन्तरता नहुनु चिन्ताको विषय हो ।

२२३ HRC, 'Report of the Working Group on the Universal Periodic Review: Nepal' (30 March 2021) UN Doc A/HRC/47/10.

२२४ C.f. the responsibility of the Kroc Institute in providing technical support and monitoring the implementation of the Colombian Peace Agreement (per Article 6.3.2). See also the most recent report of the Kroc Institute, Josefina Echavarría Álvarez et al, 'Seven Years of Implementation of the Final Agreement: Prospects for Strengthening Peacebuilding at the Midpoint (December 2022 to November 2023)' (Krok Institute, University of Notre Dame and Keogh School of Global Affairs, 7 May 2024).

२२५ The Kathmandu Post, 'Government pushes for tough ethics code for officials, I/NGOs' (2 August 2024).

२२६ हेर्नुहोस्, e.g. Centre for Media Research-Nepal, 'Shrinking of Civic Space: Drafting of CSOs Policies in Nepal', Policy Paper Series No. 18 (June 2021).

२२७ Mandates of the Special Rapporteur on the promotion and protection of the right to freedom of opinion and expression; the Special Rapporteur on the rights to freedom of peaceful assembly and of association; the Special Rapporteur on the situation of human rights defenders and the Special Rapporteur on freedom of religion or belief (11 July 2018) Communication Ref. OL NPL 1/2018, p4.

२२८ Civicus Monitor, 'Tracking Civil Space: Nepal'.

२२९ हेर्नुहोस्, for example, Amnesty International, 'Report on Nepal' (2023); Freedom House, 'Freedom in the World Report: Nepal' (2024); OHCHR, 'Nepal: Retaliations against human rights defenders over business complex 'deplorable', say UN experts' (14 May 2024); The Kathmandu Post, 'Three convicted in murder of environment activist Dilip Mahato' (15 February 2023); Civicus Monitor, 'Environmental defenders at risk, journalists targeted and concerns around the new cyber security policy' (29 September 2023).

२३० The Himalayan Times, 'Special provisions for security of human rights defenders' (13 February 2021).



सशस्त्र द्वन्द्वका क्रममा भएका मानवअधिकार उल्लंघनका पीडितहरुले प्रतिनिधिमण्डलमाझ आफ्नो अनुभव सुनाए ।

१८८. **निश्कर्ष:** नेपालका नागरिक समाजले राज्यको उपस्थिति नभएका अवस्थामा पीडितहरूलाई सहायता पुऱ्याउने महत्वपूर्ण स्रोतको रूपमा भूमिका खेलेको छ । विभिन्न अवरोधका बावजुद नागरिक समाजले संक्रमणकालीन न्यायको निरन्तर वकालत गर्दै आएको छ । पीडितहरू र मानवअधिकार केन्द्रित सङ्क्रमणकालीन न्याय प्रक्रियाको समग्र प्रभावकारिता सुनिश्चित गर्नमा नागरिक समाजको सबलता अपरिहार्य छ । देशका सञ्चारमाध्यमले संक्रमणकालीन न्याय सम्बन्धी विकासबारे जनचेतना अभिवृद्धिमा मुख्य भूमिका खेल्नेछ । त्यसैले नेपाली राज्यले नागरिक आवाज, पत्रकारहरू र मानवअधिकार रक्षकहरू सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको पालन सहितको सङ्क्रमणकालीन न्याय प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।

१८९. **सुझाव:** नेपालमा नागरिक आवाजलाई कुण्ठित गरिरहेका ऐन, नीति र व्यवहारहरूको पुनरवलोकन र परिमार्जन गर्ने, र अन्तर्राष्ट्रिय मानवअधिकार कानून अनुकूल नागरिक समाज र मानवअधिकार रक्षकहरूका हकहरूको संरक्षण गर्ने ।

च.

# प्रतिनिधिमण्डलका अन्तिम निश्कर्षहरु

१९०. नेपाली राज्यले अन्तर्राष्ट्रिय कानून, संवैधानिक कानून तथा सर्वोच्च अदालतका फैसलाहरूले निर्दिष्ट गरे अनसार संक्रमणकालीन न्याय सम्बन्धी कानूनी संयन्त्रको कार्यान्वयनमा भइरहेको ढिलासुस्तीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा विधिको शासन कमजोर बनाउनुका साथै द्वन्द्व पीडितहरूको मानव अधिकारको अपमान पनि गर्दछ (अनुच्छेद ४४)।

१९१. पीडितहरूलाई तत्कालै न्याय पाउने हक छ र प्रभावकारी संक्रमणकालीन न्याय प्रक्रियाको अघि बढ्ने प्रतीक्षा गरिरहँदा दण्डहीनतालाई प्रश्रय गर्नु उचित हुँदैन। यस्ता प्रक्रियामा थप अड्चनहरूले दण्डहीनतालाई थप मलजल गर्नेछ र पीडितहरूलाई आवश्यक र लामो समयदेखि पर्खिएको राहतबाट वञ्चित गर्नेछ (अनुच्छेद ५८)।

१९२. संक्रमणकालीन न्यायको कार्यान्वयन नहुनु र द्वन्द्वकालका ज्यादतीको सम्बोधन नहुनुले राज्यबाट हाल भइरहेको ज्यादतीमा दण्डहीनताको संस्कृतिलाई निरन्तरता दिन्छ र यसले वर्तमानका अधिकार हननका घटनालाई मलजल गर्दछ (अनुच्छेद ६७)।

१९३. राज्यले आयोगहरूलाई आफ्नो अनुसन्धानात्मक जिम्मेवारी पूरा गर्न आवश्यक विज्ञता, अनुसन्धान क्षमता र स्रोतसाधन शुनिश्चित गर्नेतर्फ अझै कदम चालेको छैन (अनुच्छेद १६९)।

१९४. राज्यबाट राष्ट्रिय मानव अधिकार आयोगका सिफारिसहरू कार्यान्वयन भएका छैनन् (अनुच्छेद ६२)।

१९५. ऐनको संशोधन गर्नेतर्फ राज्यको प्रयत्नप्रति प्रतिनिधिमण्डल लगभग आशावादी भएतापनि पारित विधेयकबारे सरोकारवालाहरू र प्रतिनिधिमण्डलका साझा चासो र चिन्ताका विषयहरू छन् (अनुच्छेद ८६)।

१९६. संक्रमणकालीन न्याय सम्बन्धी विधेयकमा उल्लेख गरिएका निषेधित कार्यहरूलाई परिभाषित गर्न कुन कानूनी स्रोतहरू उपयोग गरिनेछन् भन्नेबारे अझै प्रश्नहरू यथावत छन्। विधेयकमा 'मानवअधिकारको उल्लंघन' वा 'गम्भीर मानवअधिकारको उल्लंघन' को रूपमा सूचीकृत कार्यहरू अपराधसँग मिल्दाजुल्दा छन्। संक्रमणकालीन न्याय प्रक्रियाले अनुसन्धान गर्न सक्ने सबै कार्यहरूको परिभाषा गर्नका लागि 'मानवअधिकारको उल्लंघन' भन्ने शब्दको व्यापक प्रयोगले अन्तर्राष्ट्रिय कानूनका भिन्न क्षेत्रहरू - अन्तर्राष्ट्रिय



हिमाल र पहाडहरु

मानवअधिकार कानून, अन्तर्राष्ट्रिय फौजदारी कानून वा अन्तर्राष्ट्रिय मानवीय कानूनलाई एकै ठाउँमा गाभेको जस्तो देखिन्छ। यसले विधेयकको कार्यान्वयनमा, विशेषगरी यी निषेधित कार्यहरूको प्रसंग उठ्दा, जटिलताहरू निम्त्याउन सक्छ भन्ने चिन्ता छ। यी मूलभूत प्रश्नहरूको स्पष्टता विधेयकलाई सफलतापूर्वक कार्यान्वयन गर्न र पीडितहरूको लागि अनुमानित प्रक्रिया सुनिश्चित गर्न महत्वपूर्ण छ (अनुच्छेद १११)।

**१९७.** प्रतिनिधिमण्डल विधेयकमा राखिएको 'गम्भीर मानवअधिकारको उल्लंघन'को सूची वास्तवमा संक्रमणकालीन न्याय प्रक्रियामा विचार गरिने निषेधित क्रियाकलापहरूको सूचीको रूपमा कार्य गर्ने सम्भावनाप्रति चिन्तित छ। यसले अन्तर्राष्ट्रिय कानून अन्तर्गत जवाफदेहितामा पर्ने मानवअधिकार उल्लंघनहरू र/वा अन्तर्राष्ट्रिय अपराधहरूको दायरालाई प्रतिबिम्बित गर्दैन (अनुच्छेद ११७)।

**१९८.** विधेयकले केही गम्भीर मानवअधिकार उल्लंघनका र/वा अन्तर्राष्ट्रिय अपराधका पीडितहरूको न्याय, न्यायिक उपचार र सत्यमा समान र प्रभावकारी पहुँचको अधिकार विपरीत उनीहरूलाई संक्रमणकालीन न्याय प्रक्रियाबाट बाहिर राखेजस्तो देखिन्छ (अनुच्छेद १२३)।

**१९९.** विधेयकले नेपालको अन्तर्राष्ट्रिय दायित्वहरूको विपरीत मानवअधिकारको गम्भीर उल्लंघन र/वा अन्तर्राष्ट्रिय अपराधहरूका लागि अभियोजनबाट कानूनी र/वा वस्तुगत आममाफी प्रदान गरेको देखिन्छ। संक्रमणकालीन न्यायले कहिल्यै पनि सबैभन्दा शक्तिशालीले गरेको मानवअधिकार उल्लंघनमा दण्डहीनताको स्थिति निम्त्याउनु हुँदैन (अनुच्छेद १३०)।

**२००.** द्वन्द्वकालमा अपराधहरूको सजायको लागि लागू हुने निश्चित मापदण्ड अझै स्पष्ट छैन। संक्रमणकालीन न्यायको सन्दर्भमा लचकताको वर्तमान प्रस्तावहरू व्यापक र अस्पष्ट छन् (अनुच्छेद १३६)।

**२०१.** द्वन्द्वकालका यौनहिंसाका पीडितहरूको सम्बन्धमा पहिले भएका कमीकमजोरीहरू सम्बोधन गर्न र दोस्रो राष्ट्रिय कार्ययोजना (NAP II) ओझेलमा नपरोस् भन्नका लागि त्यसका उद्देश्यहरू पूरा गर्न अझ धेरै काम गर्न आवश्यक छ (अनुच्छेद १५३)।

**२०२.** संक्रमणकालीन न्याय प्रक्रियाले द्वन्द्वकालका यौनहिंसाका पीडितहरू, पूर्व बाल सैनिकहरू र ऐतिहासिक रूपमा सीमान्तीकृत समुदायका व्यक्तिहरू सहितका जोखिममा रहेका पीडितहरूलाई यसको केन्द्रमा राख्नुपर्दछ। यो केवल उनीहरूले न्यायमा पहुँच पाउने क्रममा सामना गरेका अवरोधहरूको संवेदनशीलतालाई बुझ्दै त्यस्ता अवरोध हटाउन र पीडितहरूलाई जवाफदेहिता र अविलम्ब राहत खोज्न सहायता गर्ने उपायहरू कार्यान्वयन गरेर सम्भव छ। यो सरकारको प्राथमिकतामा हुनुपर्छ (अनुच्छेद १५३)।

**२०३.** विधेयकले राजनीतिक रूपमा नियुक्त महान्यायाधिवक्तालाई अभियोजन प्रक्रिया अगाडि बढाउन तजबिजी अधिकार दिने सम्भावना छ (अनुच्छेद १६६)।




बर्दियास्थित नागरिक समाजका प्रतिनिधिहरुहरुसँगको भेटघाट।





२०४. संक्रमणकालीन न्याय प्रक्रियामा संलग्न न्यायाधीश र आयुक्तहरूको राजनीतीकरणले यसको स्वतन्त्रता र अखण्डतामा आँच आउनेछ र प्रक्रियाको सफलताको लागि सरोकारवालाहरूको विश्वास कमजोर पार्नेछ (अनुच्छेद १६३)।

२०५. सङ्क्रमणकालीन न्याय प्रक्रियाको प्रभावकारिता सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमाथि निर्भर हुनाले आयोगहरूको व्यावहारिक, प्राविधिक र कानूनी त्रुटि सच्याउने विषयलाई उच्च प्राथमिकतामा राखिनुपर्छ (अनुच्छेद ५१)।

२०६. संक्रमणकालीन न्याय प्रक्रियाको व्यावहारिक कार्यान्वयनका लागि लगानी कसरी गर्ने, कस्ता प्राविधिक, विज्ञ, संस्थागत र मानव स्रोतको आवश्यकता पर्ने र कसरी अनुगमन तथा मूल्यांकन गर्ने लगायतका पक्षहरूबारे अझै स्पष्ट योजना छैन। यसमा अन्तर्राष्ट्रिय सहयोग महत्वपूर्ण हुनेछ। यसकारण पनि संक्रमणकालीन न्याय प्रक्रियाले नेपालको अन्तर्राष्ट्रिय दायित्वहरू पूरा गर्न सक्ने क्षमता राख्छ कि राख्दैन भन्ने कुरालाई बहसमा ल्याएको छ (अनुच्छेद १८०)।

२०७. द्वन्द्वकालका मुद्दाहरूको अनुसन्धान र अभियोजन अब रोकिनु हुँदैन - पीडितहरूसँग तत्कालै न्याय पाउने हक छ र प्रभावकारी संक्रमणकालीन न्याय प्रक्रियाको पर्खाइमा दण्डहीनतालाई प्रश्रय गर्नु उचित हुँदैन। यद्यपि प्रक्रिया प्रभावकारी नभएसम्म पीडितहरूका लागि नियमित न्याय प्रणालीको ढोका बन्द गर्नु हुँदैन (अनुच्छेद ५८)।

२०८. नेपालमा संक्रमणकालीन न्याय प्रक्रिया तबमात्र प्रभावकारी हुनेछ जब द्वन्द्वकालीन अभिलेख, प्रमाण र तथ्यांकको स्वतन्त्र रूपमा संरक्षण र पहुँच सुनिश्चित हुने पर्याप्त संयन्त्रको विकास हुन्छ। तिनलाई लुकाउँदा वा दिएको निर्देशन ढाकछोप गर्ने मनसाय राख्ने सरकार, सेना तथा प्रहरी लगायत द्वन्द्वका पक्षहरूको नियन्त्रण र पहुँचबाट तिनलाई सुरक्षित रूपमा मुक्त गर्नुपर्छ। साथै, गम्भीर मानवअधिकार उल्लंघनमा आरोपित र/वा दोषी संलग्न सार्वजनिक पदबाट निलम्बन गरी थप ज्यादती र उल्लंघन दोहोरिने प्रवृत्ति रोक्नुपर्छ (अनुच्छेद १७५)।

२०९. मानवअधिकारको गम्भीर उल्लंघनमा आरोपित र/वा दोषीलाई सार्वजनिक पदबाट निलम्बन गर्दा थप ज्यादती र विगत दोहोरिने प्रवृत्ति रोक्न सुनिश्चित गर्छ (अनुच्छेद १७५)।

२१०. नेपालको नागरिक समाजले राज्यको उपस्थिति नभएका अवस्थामा पीडितहरूलाई सहायता पुऱ्याउने महत्वपूर्ण स्रोतको भूमिका खेलेको छ। विभिन्न अवरोधका बावजुद नागरिक समाजले संक्रमणकालीन न्यायको निरन्तर वकालत गर्दै आएको छ। पीडितहरू र मानवअधिकार केन्द्रित सङ्क्रमणकालीन न्याय प्रक्रियाको समग्र प्रभावकारिता सुनिश्चित गर्नमा उनीहरूको सबलता अपरिहार्य छ। देशका सञ्चारमाध्यमले संक्रमणकालीन न्याय सम्बन्धी विकासबारे जनचेतना अभिवृद्धिमा मुख्य भूमिका खेल्नेछ। त्यसैले नेपाली राज्यले नागरिक आवाज, पत्रकार र मानवअधिकार रक्षकहरू सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको पालन सहितको सङ्क्रमणकालीन न्याय प्रक्रिया अवलम्बन गर्नुपर्नेछ (अनुच्छेद १८८)।



नेपाली मानव अधिकार रक्षकहरूले प्रतिनिधिमण्डललाई यो प्रतिवेदन तयार पार्न दिएको अमूल्य समयका लागि हामी आभारी छौं।







प्रतिनिधिमण्डलले नेपालका सांसदहरुसँग विधिको शासन र सङ्क्रमणकालीन न्याय सम्बन्धि विधेयक प्रस्तावहरुबारे छलफल गरेको थियो ।

**२११.** अन्तर्राष्ट्रिय समुदायले नेपाल सरकारलाई अन्तर्राष्ट्रिय कानून अनुसार संक्रमणकालीन न्याय प्रक्रिया विकास गर्नमा प्रोत्साहन र साथ दिनु अपरिहार्य छ । दिगो शान्ति कायम गर्न र पीडितहरूको मर्यादाको सम्मान र आवश्यक जवाफदेहिता सुनिश्चित गर्न अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्ड प्रतिकूल भएका कदमहरू रोक्न अन्तर्राष्ट्रिय समुदायहरूको विशेष भूमिका रहन्छ (अनुच्छेद ८०) ।

**२१२.** राज्यप्रति पीडितहरूको विश्वास गुमेको अवस्थामा संक्रमणकालीन न्याय सम्पादनतर्फ ठोस कदमहरू चाल्न सकिने सम्भावना अझै रहेको प्रतिनिधिमण्डलले आशा गर्दछ (अनुच्छेद ७४) ।

प्रतिनिधिमण्डलले नागरिक समाजका प्रतिनिधिहरुहरुसँग भेटघाट तथा सशस्त्र द्वन्द्वका पीडितहरुप्रति श्रद्धाञ्जलि व्यक्त गर्न बर्दियास्थित स्मृति पार्क भ्रमण गरे ।



छ.

# प्रतिनिधिमण्डलको अन्तिम सुझावहरू

२१३. माथि उल्लिखित बुँदाहरू मध्यनजर गर्दै प्रतिनिधिमण्डल निम्न सुझावहरू प्रस्तुत गर्दछ :

## नेपाली राज्यका लागि

२१४. संक्रमणकालीन न्यायमा ढिलासुस्ती सम्बन्धमा

क) नेपालको अन्तर्राष्ट्रिय दायित्वहरू, अन्तर्राष्ट्रिय मानवअधिकारका मानकहरू र सर्वोच्च अदालतका मार्गनिर्देशन अनुरूप अविलम्ब प्रभावकारी संक्रमणकालीन न्याय प्रक्रियाको निर्माण र कार्यान्वयन गर्ने (अनुच्छेद ४५) ।

ख) जवाफदेहिता र विस्तृत परिपूरण लगायत द्वन्द्वपीडितहरूको न्यायमाथि सहज पहुँच सुनिश्चित गरिनुपर्ने । न्याय सम्पादन हुन अझै बाँकी छ र पीडितहरूलाई न्याय दिन थप ढिलाइ गर्नु हुँदैन (अनुच्छेद ५२) ।

ग) द्वन्द्वकालका पीडितहरूको फौजदारी न्याय प्रणालीमा पहुँचलाई संक्रमणकालीन न्यायको नाममा रोक्नु हुँदैन; प्रहरीलाई द्वन्द्वकालका अपराधसँग सम्बन्धित जाहरीहरूको अनुसन्धान थाल्न तत्काल निर्देशन दिनुपर्ने (अनुच्छेद ५९) ।

घ) दण्डहीनता अन्त्य गर्ने र विधिको शासन सबलीकरण गर्ने बृहत् प्रतिबद्धता अनुरूप संक्रमणकालीन न्याय प्रक्रिया कार्यान्वयन गरिनुपर्ने । (अनुच्छेद ७५) ।

२१५. संक्रमणकालीन न्याय सम्बन्धी विधेयकको पाठ बारेमा

क) विधेयकको परिभाषगत विषयहरू सच्याउने

अ मानव अधिकार उल्लंघन र अन्तर्राष्ट्रिय अपराधलाई गाभ्ने परिभाषात्मक समस्याहरूलाई सच्याउने (अनुच्छेद ११२) ।

आ विधेयकमा 'मानवअधिकारको गम्भीर उल्लंघन' को परिभाषाबाट बाहिर राखिएका तर अन्तर्राष्ट्रिय मानवअधिकारको उल्लंघन र/वा अन्तर्राष्ट्रिय अपराध सरहका क्रियाकलापहरूलाई समेट्ने गरी परिभाषागत त्रुटिहरू सच्याउने (अनुच्छेद ११८) ।

इ मानवअधिकारको गम्भीर उल्लंघन र/वा अन्तर्राष्ट्रिय अपराधको रूपमा मानिएका सबै कार्यहरूलाई आममाफीको विषय नबनाउन सुनिश्चित गर्ने (अनुच्छेद १३०) ।

ई संक्रमणकालीन न्याय प्रक्रियाबाट केही पीडितहरूलाई बाहिर राखेजस्तो देखिने विधेयकमा परिभाषागत त्रुटिहरूलाई सच्याउनुपर्छ (अनुच्छेद १२४) ।

ख) विधेयकको 'गम्भीर उल्लंघन' को सूची पुनरवलोकन गरी नेपालमा अन्तर्राष्ट्रिय कानून अन्तर्गत सिर्जना हुने सबै दायित्वहरूको समावेशिता सुनिश्चित गर्ने । प्रक्रियामा समावेशिता सुनिश्चित गर्न र सबै द्वन्द्वपीडितहरूको उबचष्उगचबल पाउने अधिकार सुनिश्चित गर्नुका साथै द्वन्द्वको मूल कारणको सम्बोधन गर्न पनि यो महत्वपूर्ण छ (अनुच्छेद ११८) ।

ग) संक्रमणकालीन न्याय प्रक्रियामा कानूनी निश्चितताको ग्यारेन्टी गर्न विशेष अदालतको क्षेत्राधिकारअन्तर्गत रहेका प्रमुख ऐतिहासिक अपराधहरू स्पष्ट रूपमा दण्डनीय बनाउने र सजायको स्पष्ट मापदण्ड तोकी अदालतलाई सजायछुट गर्न सकिने मानवअधिकार उल्लंघनको बारेमा विचार गर्ने स्वविवेक दिने । यी मापदण्डहरूले पीडितहरूको अधिकारको सुनिश्चितता गर्न मार्गदर्शन गर्नुपर्छ (अनुच्छेद १३७) ।

२१६. आममाफी/क्षमादान, सजाय र हस्तक्षेप सम्बन्धमा



प्रतिनिधिमण्डलले नेपालका सांसदहरुसँग विधिको शासन र सङ्क्रमणकालीन न्याय सम्बन्धि विधेयक प्रस्तावहरुबारे छलफल गरेको थियो ।

**क)** मानवअधिकारको गम्भीर उल्लंघन र/वा अन्तर्राष्ट्रिय अपराधको रूपमा मानिएका सबै कार्यहरूलाई आममाफीको विषय नबनाउन सुनिश्चित गर्ने (अनुच्छेद १३१) ।

**ख)** लचकता अपनाएतापनि सजायहरू अपराधको गम्भीरतालाई प्रतिबिम्बित गर्ने किसिमको हुनुपर्छ (अनुच्छेद १३७) ।

**ग)** संक्रमणकालीन न्याय प्रक्रियाका संगठनात्मक ढाँचामा अभियोजनको सिफारिस र अनुसन्धान गरिएका मुद्दाहरू राजनीतिक हस्तक्षेप विना नै अगाडि बढाउने प्रावधान सुनिश्चित गर्ने (अनुच्छेद १६६) ।

**२१७.** सीमान्तीकृत समूहहरू, पूर्व बाल सैनिक, तथा द्वन्द्वकालीन यौनजन्य हिंसा पीडितहरूका लागि न्याय सम्बन्धमा :

**क)** दलित, पूर्व बाल सैनिक, महिला, आदिवासी, यौनिक अल्पसंख्यक र अपाङ्गता भएका व्यक्तिहरूको न्यायमा पहुँचलाई सहज बनाउने (अनुच्छेद १५४) ।

**ख)** द्वन्द्वकालीन यौन र लैंगिक हिंसाका पीडितहरूको अधिकारहरूको रक्षा गर्ने र तिनीहरूको न्यायमा पहुँचलाई सहज बनाउन उजुरीहरू दर्ता गर्ने हदम्याद बढाउने लगायतका सुरक्षात्मक उपायहरू कार्यान्वयन गर्ने र तिनीहरूले सामना गरेका गोपनीयता जस्ता बाधाहरूको संवेदनशीलतालाई सम्बोधन गर्नुपर्दछ (अनुच्छेद १५४) ।

**ग)** पीडितहरूको संक्रमणकालीन न्याय प्रक्रियामा सहभागिताका क्रममा मनोसामाजिक सहायता सुनिश्चित गर्ने र अनुसन्धानहरू बालमैत्री र आघात-संवेदनशील रूपमा सञ्चालन गर्ने (अनुच्छेद १५४) ।

**२१८.** न्यायाधीश तथा संस्थाहरूको स्वतन्त्रता सम्बन्धमा :

**क)** आयोगहरू र अदालतहरू लगायत संक्रमणकालीन न्याय प्रक्रियाको केन्द्रमा रहेका संस्थाहरू, तिनीहरूको नियुक्तिको प्रक्रियाहरू स्वतन्त्रता वा निष्पक्षताको अभावमा कलङ्कित नहोऊन् भनेर सुनिश्चित गर्ने (अनुच्छेद १६४) ।

प्रतिनिधिमण्डलको एड्भोकेसी फोरम नेपाल तथा बेलायती राजदूतावाससँग काठमाडौंमा भएको तयारी बैठक ।




**ख)** न्यायाधीशहरू र आयुक्तहरू शान्ति निर्माण र पीडित-केन्द्रित न्यायमा प्रमाणित विशेषज्ञता भएका व्यक्ति हुनुपर्ने र देशको लैंगिक, जातीय र क्षेत्रीय बनोटलाई प्रतिबिम्बित गर्नुपर्ने । तिनीहरूलाई कुनै पनि चरणमा राजनीतिक दलहरूको हस्तक्षेप विनाको एक पारदर्शी र सार्वजनिक प्रक्रियामार्फत छनौट गर्नुपर्छ (अनुच्छेद १६४) ।

**२१९.** स्रोतसाधन तथा तथ्यांक सम्बन्धमा :

**क)** सत्य निरूपण तथा मेलमिलाप आयोग वा बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगलाई के भएको र बेपत्ता पारिएका व्यक्तिहरूको अवशेष कहाँ छ, को दोषी हो र कस्ता सजाय हुनुपर्ने बारे सुझाव दिन र छानबिनका लागि आवश्यक तथ्यांक संकलनमा लागि बजेट, अनुसन्धानात्मक क्षमता, विज्ञता, रणनीति, स्रोतसाधन, प्रविधि, विशेषज्ञता, क्षमता र संरचना उपलब्ध गराउने (अनुच्छेद १७१) ।

**ख)** विशेष अदालतमा आवश्यक परे न्यायाधीशहरूको संख्या बढाउने (अनुच्छेद १७१) ।

**ग)** राष्ट्रिय सुरक्षा निकायहरूको द्वन्द्वकालीन अभिलेखलाई तिनको र सरकारको नियन्त्रणबाट हटाउने । संक्रमणकालीन न्याय सम्बन्धी निकायहरूको पहुँच र अनुसन्धानका लागि राज्य र नागरिक समाजसँग रहेका अभिलेखहरूलाई सुरक्षित गर्न स्वतन्त्र प्रणाली विकास गर्ने (अनुच्छेद १७६) ।

**घ)** राज्य, सत्य निरूपण तथा मेलमिलाप आयोग वा बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग तथा राष्ट्रिय मानव अधिकार आयोग, नागरिक समाज र पीडित समूहहरूबाट सिर्जित द्वन्द्वकालीन तथ्यांक सुरक्षित गर्न स्वतन्त्र प्रणाली विकास गर्ने (अनुच्छेद १७६) ।

**२२०.** संक्रमणकालीन न्याय सम्पादनका लागि समयसीमा र व्यवहारिकताहरू सम्बन्धमा :

क) अन्तर्राष्ट्रिय मापदण्डहरू अनुरूप पीडित केन्द्रित संक्रमणकालीन न्याय प्रक्रियाको कार्यान्वयनमा आवश्यक प्राविधिक विज्ञता एवं वित्तीय स्रोतहरू पहिचान गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवालाहरूसँग सहकार्य गर्नका निम्ति स्पष्ट मार्गचित्र तयार पार्ने (अनुच्छेद १८१)।

२२१. राज्यबाट हाल भइरहेका ज्यादतीहरू र विगतका मानवअधिकार उल्लंघन नदोहोरिने सुनिश्चित गर्ने सम्बन्धमा :

क) विशेषगरी राज्यबाट भएका ज्यादतीहरूको अनुसन्धान र अभियोजन गर्ने बारे राष्ट्रिय मानव अधिकार आयोगले गरेका सिफारिसहरू कार्यान्वयन गर्ने र मानवअधिकार उल्लंघनमा जिम्मेवारहरूलाई कानूनको दायरामा ल्याउने (अनुच्छेद ६३)।

ख) अभियोजनका लागि उजुरी परेका सार्वजनिक पद धारण गरेका व्यक्तिहरूलाई अनुसन्धानको समयावधिभर निलम्बन गर्ने (अनुच्छेद १७६)।

ग) विशेष अदालतले पीडक परीक्षण (भेटिंग) गर्नसक्ने व्यवस्था गर्ने (अनुच्छेद १७६)।

घ) द्वन्द्वकालपछि सुरक्षाकर्मीहरूबाट भएका यातना, गैरन्यायिक हत्या, यौनजन्य हिंसा, जबर्जस्ती बेपत्ता र अन्य ज्यादतीहरूलाई सम्बोधन गर्ने। ती ज्यादतीहरूमा अनुसन्धानका लागि एक स्वतन्त्र विशेषज्ञ सहितको संयन्त्रको गठन र प्रहरी एवं अन्य सुरक्षा निकायमा मानवअधिकार सम्बन्धी तालिम, संरचनात्मक सुधार र विगत पुनरावृत्ति नहुने सुनिश्चितता गरिनुपर्ने (अनुच्छेद ६८)।

ङ) नेपालले विगत नदोहोरिने नहुने ग्यारेन्टीका रूपमा रोम विधान, बलपूर्वक बेपत्ता पारिनबाट सबै व्यक्तिलाई गरिनुपर्ने संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र जेनेभा महासन्धिका दुवै ऐच्छिक आलेखहरूको पक्षराष्ट्र बन्नेतर्फ कदम चाल्नुपर्छ (अनुच्छेद १०५)।

२२२. नागरिक समाजका सम्बन्धमा :

क) नेपालमा नागरिक आवाज कुण्ठित गरिरहेका ऐन, नीति र व्यवहारहरूको पुनरवलोकन र परिमार्जन गर्ने र अन्तर्राष्ट्रिय मानवअधिकार कानून अनुकूल नागरिक समाज र मानवअधिकार रक्षकहरूका हकहरूको संरक्षण गर्ने (अनुच्छेद १८९)।

## अन्तर्राष्ट्रिय समुदायका लागि :

२२३. अन्तर्राष्ट्रिय कानूनअनुरूप नेपालको संक्रमणकालीन न्याय प्रक्रिया विकासमा अन्तर्राष्ट्रिय समुदायले एकढिक्का भई प्रोत्साहन र सहायता दिनुपर्छ (अनुच्छेद ८१)।

२२४. अन्तर्राष्ट्रिय मापदण्डको पालना गर्नुपर्ने शर्त सहित तिनीहरूले नेपालको संक्रमणकालीन न्याय प्रक्रियामा रचनात्मक साथ दिनुपर्छ (अनुच्छेद ८१)।

२२५. अन्तर्राष्ट्रिय दातृ समुदायहरूले संक्रमणकालीन न्याय प्रक्रियामा सहयोग र त्यसको अन्तर्राष्ट्रिय कानूनसँगको अनुकूलता र स्रोतहरूको प्रयोगबारे पारदर्शिता सुनिश्चित भए नभएको आधारमा हुनुपर्ने (अनुच्छेद १८१)।

अंग्रेजीबाट नेपाली अनुवादः प्रसुन सिंह

तस्विरहरुः बेन लेदर, हाइडी जिक्साल, मारिया देल रोजारियो आरङ्गो र सन्तोष सिग्देल,

प्रतिनिधिमण्डलले नेपाल भ्रमण, यो प्रतिवेदनको मस्यौदा र सार्वजनिक गर्ने क्रममा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा विभिन्न व्यक्ति र संस्थाहरूबाट वित्तीय र प्राविधिक सहयोग प्राप्त गरेको छ, जसमा एडभोकेसी फोरम नेपाल, एड्भोकेट्स फर इन्टरनेशनल डेभलप्मेन्टको ROLE UK कार्यक्रम, पिस ब्रिगेड्स इन्टरनेशनल (PBI), द ल सोसाइटी च्यारिटी, इभन कोर्निश फाउन्डेशन, र डउटी स्ट्रिट च्याम्बर्स समावेश छन् ।

# न्याय र जवाफदेहिता विनाको शान्ति ?

## द्वन्द्वोत्तर नेपालमा दण्डहीनता विरुद्धको खबरदारी

नेपालको लागि अन्तर्राष्ट्रिय कानून व्यवसायीहरूको एक स्वतन्त्र प्रतिनिधिमण्डलबाट तयार पारिएको प्रतिवेदन

अक्टुबर २०२४